# जिल्ला समन्वय समिति, रुपन्देही

## लुम्बिनी प्रदेश, नेपाल

## शुभ-कामना



जिल्ला समन्वय समिति, रुपन्देहीले नेपालको संबिधान र प्रचलित बिधमान कानुनले निर्दिष्ट गरेका समन्वय, सहजीकरण, अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण जस्ता आफ्ना कार्य जिम्मेवारीहरु गरिरहेको छ । रूपन्देही जिल्लाको विविध आयामहरू भूगोल, इतिहास, भाषा, धर्म, संस्कृति, सामाजिक जीवनशैली, विकासको अवस्थालगायत पक्षहरूलाई समेट्दै प्रकाशित 'रूपन्देही दर्पण' पुस्तक प्रति म अत्यन्त हर्षित र गर्वित भएको छु ।

हामीले प्रायः सुन्ने र भोग्ने रूपन्देही, गहिराइमा चिन्ने र बुझ्ने अवसर धेरैलाई कमै मिल्छ। यस्ता अवसरहरूलाई समेट्दै, एकै स्रोतबाट जिल्लाको समग्र परिचय दिन सक्ने 'रूपन्देही दर्पण' वास्तवमै ऐतिहासिक दस्तावेज बन्नेछ भन्नेमा मेरो दृढ विश्वास छ । यस्ता पुस्तकहरू केवल जानकारीका लागि मात्र होइन, भावी पुस्ताहरूलाई प्रेरणा, आत्मगौरव र पहिचानको बोध गराउने शिक्षण सामग्री पनि बन्न सक्छन्। रूपन्देहीको समृद्ध विगत, चहलपहलयुक्त वर्तमान र आशालाग्दो भविष्यको प्रतिबिम्बका रूपमा यो पुस्तकले योगदान पुर्‍याउनेमा म विश्वस्त छु ।

यस दर्पण प्रकाशनका लागि नेतृत्वदायी भूमिका निर्वाह गरि सफल बनाउन अहोरात्र खटिनुहुने जिल्ला समन्वय अधिकारी र कर्मचारीहरु, जिल्ला समन्वय समितिका सदस्यहरु, सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु लगायत छपाई कार्यमा संलग्न सम्पूर्ण व्यक्तिहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो पुस्तक रूपन्देहीलाई बुझ्न चाहने, अध्ययन गर्न चाहने, यहाँको नीति निर्माणमा सरोकार राख्ने सबैका लागि एक अमूल्य सन्दर्भ बन्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु । यसरी जिल्लाको पहिचान र सम्पदालाई लिपिबद्ध गरिएको छ ।

**उमाकान्त चपाई**
प्रमुख
जिल्ला समन्वय समिति, रुपन्देही

# जिल्ला समन्वय समिति, रुपन्देही

## लुम्बिनी प्रदेश, नेपाल



## शुभ-कामना

रुपन्देही जिल्ला नेपालको इतिहासमा विशेष स्थान राख्ने एक गौरवमय भूभाग हो । भौगोलिक बनावट, राजनैतिक संरचना, भू-धरातलीय विशेषता, प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, आर्थिक गतिविधि, शैक्षिक पूर्वाधार, सामाजिक संरचना तथा पर्यटन सम्भावनाको हिसाबले यो जिल्ला आफैँमा विशिष्ट र पहिचानयुक्त रहेको छ ।

यस 'रुपन्देही दर्पण' मार्फत जिल्लाका प्रत्येक स्थानीय तहको यथार्थपरक विवरण संकलन गरी रुपन्देहीको समग्र अवस्थाको चित्रण गर्ने प्रयास गरिएको छ । जिल्लाभित्र उपलब्ध विविध तथ्यांक, तथ्यहरू र सूचनालाई एकीकृत गर्दै यो दस्तावेज तयार पारिएको हो ।

यो दर्पण केवल एक प्रकाशन मात्र नभई जिल्लाको दीर्घकालीन विकास, योजना निर्माण तथा सुशासन प्रवर्द्धनमा नीति निर्माता देखि सर्वसाधारण नागरिक सम्मका लागि उपयोगी मार्गदर्शन बन्ने विश्वास लिएको छु । सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, शोधकर्ता, विद्यार्थी र नीति योजना निर्माण गर्ने सम्पूर्ण पक्षहरूले यसलाई अध्ययन, अनुसन्धान तथा नीति निर्माणको आधार सामग्रीको रूपमा प्रयोग गर्न सक्नेछन् ।

यस महत्त्वपूर्ण कार्यमा दिनरात खटिनु हुने जिल्ला समन्वय अधिकारी र कर्मचारीहरू, जिल्ला समन्वय समितिका सदस्यहरु, जिम्मेवार जनप्रतिनिधिहरू तथा सम्पूर्ण सहयोगी पक्षहरूलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु । आगामी दिनहरूमा पनि यस्ता सकारात्मक र परिणाममुखी प्रयासहरूमा सबैको निरन्तर साथ र सहयोग रहने पूर्ण विश्वास लिएको छु।

**रामकृपाल धोवी**
उप-प्रमुख
जिल्ला समन्वय समिति, रुपन्देही

# जिल्ला समन्वय समिति, रुपन्देही

## लुम्बिनी प्रदेश, नेपाल

# मन्तब्य



रुपन्देही जिल्ला भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक दृष्टिले विशेष महत्व राख्ने जिल्ला हो । विविध प्राकृतिक सम्पदाहरू, सांस्कृतिक धरोहरहरू, शैक्षिक तथा पूर्वाधार विकासका सूचकहरूबाट यो जिल्ला राष्ट्रिय स्तरमै विशिष्ट पहिचान स्थापित गर्न सफल रहेको छ ।

समयको माग र विकासको गतिसँगै जिल्लाको वस्तुगत अवस्था, उपलब्धि तथा समग्र विवरणलाई समेट्दै व्यवस्थित र दस्तावेजीकरण गर्नुपर्ने आवश्यकता महसुस गरिएकाले **"रुपन्देही दर्पण"** प्रकाशनको प्रयास गरिएको हो । यस प्रकाशनमा जिल्लाका सम्पूर्ण स्थानीय तहहरूको तथ्यपरक विवरण, भौगोलिक अवस्था, जनसंख्या, भौतिक पूर्वाधार, पर्यटन तथा अन्य विकासका क्षेत्रहरू सम्बन्धी समग्र जानकारी समेटिएको छ ।

जिल्ला समन्वय समितिबाट जिल्लाका विभिन्न निकायहरूको सहयोग तथा सरोकारवाला पक्षहरूको समन्वयमा यो प्रकाशन तयार पारिएको छ । यो दस्तावेज जिल्लाका नीति निर्माणकर्ताहरू, योजना निर्माता निकायहरू, विकास साझेदारहरू, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवाला सम्पूर्ण पक्षहरूका लागि मार्गदर्शक सामग्रीका रूपमा उपयोगी हुने पूर्ण विश्वास लिएको छु ।

यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्याउनु भएका सबै स्थानीय तहहरू तथा विशेषगरी जिल्ला समन्वय समितिका कर्मचारी परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, रुपन्देही जिल्लाको दिगो विकास, समावेशी योजना निर्माण र सुशासन प्रवर्द्धनका लागि यो प्रकाशन उपयोगी साधन बन्ने विश्वास व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्ता सिर्जनात्मक प्रयासहरूमा निरन्तर सहयोग रहने अपेक्षा गर्दछु ।

**कृष्णप्रसाद खनाल**
**जिल्ला समन्वय अधिकारी**
**जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही**

# सम्पादकीय

भौगोलिक विशिष्टता, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले भरिपुर्ण रुपन्देही जिल्ला लुम्बिनी प्रदेशको पूर्वी भागमा अवस्थित एक ऐतिहासिक तथा समृद्ध जिल्ला हो । जिल्लाको समग्र परिचय, विकासको अवस्था, सामाजिक–आर्थिक सूचकांक, भौगोलिक स्वरूप, पूर्वाधार विकास, जनसांख्यिकीय विशेषता, वातावरणीय अवस्था तथा सांस्कृतिक विविधता लगायतका बहुआयामिक पक्षहरूलाई एउटै दस्तावेजमा समेटी एकीकृत सामग्री उपलब्धताको अभाव विगतदेखि नै महशुस हुँदै आएको थियो ।

यही आवश्यकता र मागलाई सम्बोधन गर्दै 'रुपन्देही दर्पण' नामक यो प्रकाशन तयार गरिएको हो । यस दर्पणले समग्र रुपमा जिल्लाको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा विकासका विविध पक्षहरूलाई यथासम्भव समेट्ने प्रयास गरेको छ । यस पुस्तकमा प्रकासित सामाग्रीले सबै रुपन्देहीबासी, नीति निर्माताहरू, शोधकर्ता, विद्यार्थी तथा सरोकारवाला निकायहरूलाई उपयोगी हुने विश्वास लिएका छौ ।

जिल्लाको सम्पूर्ण स्वरूप प्रतिबिम्बित गर्ने एउटा 'ऐनाको' रूपमा यो दर्पण प्रस्तुत गरिएको हो। यद्यपि, सीमित समय, स्रोत र उपलब्ध द्वितीय तथ्याङ्कहरूमा आधारित रहेर तयार गरिएको हुनाले कतिपय तथ्याङ्कीय त्रुटिहरू, भाषागत अस्पष्टता तथा केही महत्वपूर्ण पक्षहरू छुट्न सक्ने सम्भावना रहन गएको छ। यसप्रति पाठक वर्गको सकारात्मक सुझाव, सुझाव तथा सल्लाहका लागि हामी हार्दिक अपेक्षा गर्दछौं ।

यस कार्यको सफलतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भई अमूल्य सहयोग पुर्‍याउनु हुने सम्पूर्ण सरोकारवाला निकायहरू, विद्वान, तथ्याङ्क प्रदायक संस्थाहरू तथा विशेषगरी जिल्ला समन्वय समितिको कार्यालयमा कार्यरत कर्मचारी हरुलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौ ।

अन्त्यमा, यो 'रुपन्देही दर्पण' जिल्लाको विकासयात्रामा एउटा उपयोगी दस्तावेज बन्नेछ भन्ने दृढ विश्वासका साथ सम्पूर्ण पाठक वर्गलाई सफल अध्ययन र उपयोगको शुभकामना व्यक्त गर्दछौ ।

**धन्यवाद !**

**-सम्पादन मण्डल**

# जिल्ला समन्वय समितिका पदाधिकारीहरू



**उमाकान्त चपाई**
जि.स.स प्रमुख
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८५७०१२६३३



**रामकृपाल धोवी**
जि.स.स उप–प्रमुख
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८६९८४५६८२



**ऋषिराम बस्याल**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८४७५४१५९२



**विष्णुमाया सुवेदी**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८६७७१५३३७



**मन्जु परियार**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८६७३८७८९१



**बुधनी चमार**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८१३८६१०७५



**अब्दुल मोकिम मुसलमान**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८४६९७१००६




**राजमन प्रसाद हरिजन**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८६९४७७१९९



**मुकेश कुमार पाण्डे**
सदस्य
जिल्ला समन्वय समिति रूपन्देही
मोबाईल: ९८२१०१९७७७

# जिल्ला सभा रूपन्देहीका सदस्यहरू

## बुटवल उपमहानगरपालिका



**खेलराज पाण्डेय**
प्रमुख
९८५७०३१२५५



**सावित्रा देवी अर्याल**
उप-प्रमुख
९८५७०७१२९२

## तिलोत्तमा नगरपालिका



**राम कृष्ण खाँण**
नगर प्रमुख
९८५७०३०१११



**जगेश्वर देवी चौधरी**
उप-प्रमुख
९८५७०४२७३०

## देवदह नगरपालिका



**धुव्र प्रसाद खरेल**
नगर प्रमुख
९८५७०२६५३८



**विद्यालक्ष्मी गुरुङ्ग**
उप-प्रमुख
९८५७०७१२९२

## लुम्बिनी साँस्कृतिक नगरपालिका



**सजरुद्दिन मुसलमान**
नगर प्रमुख
९८५७०१२५६५



**कल्पना हरिजन**
उप-प्रमुख
९८०७४९८४४८

## सिद्धार्थनगर नगरपालिका



**इश्तियाक अहमद खाँ**
नगर प्रमुख
९८५७०२०७९२



**उमा अधिकारी**
उप-प्रमुख
९८५७०७५६८९

## सैनामैना नगरपालिका



**फणेन्द्र प्रसाद शर्मा**
नगर प्रमुख
९८५७०३५०३०



**विना राना**
उप-प्रमुख
९८५७०७५६८९

## ओमसतिया गाउँपालिका




**मन्जित कुमार यादव**
अध्यक्ष
९८५७०२४६५५



**सुनिता चौधरी**
उपाध्यक्ष
९८५७०५२८६८

## कन्चन गाउँपालिका



**नवराज ढकाल**
अध्यक्ष
९८५७०३७९१५



**मौसमी थापा मगर**
उपाध्यक्ष
९८५७०७१८३४

## कोटहिमाई गाउँपालिका



**बाल कृष्ण त्रिपाठी**
अध्यक्ष
९८१७५७६८१६



**शुशिला कुमारी यादव**
उपाध्यक्ष
९८०७४३६२६३

## गैडहवा गाउँपालिका



**सुरेन्द्र पौड्याल**
अध्यक्ष
९८५७०११५३०




**माधुरी जैसवाल**
उपाध्यक्ष
९८२१४०५६८७

## मर्चवारी गाउँपालिका



**गया प्रसाद बरई**
अध्यक्ष
९८४७३०१९०६



**आशा सिंह**
उपाध्यक्ष
९८५७०१७६५८

## मायादेवी गाउँपालिका



**श्री ध्रुवनारायण चौधरी**
अध्यक्ष
९८४७०५४७५७



**श्री नर्वदा देवी उपाध्याय**
उपाध्यक्ष
९८०७५८५००९

## रोहिणी गाउँपालिका



विद्या प्रसाद यादव
अध्यक्ष
९८५७०२०७३६



शिवकान्ति चमार
उपाध्यक्ष
९८१५४६२३१९

## सम्मरीमाई गाउँपालिका



विनोद कुमार श्रीवास्तव
अध्यक्ष
९८५७०१२६५१



कुमारी प्रियंका शाही सिंह
उपाध्यक्ष
९८०७५६७३६४

## सियारी गाउँपालिका



थानेश्वर घिमिरे
अध्यक्ष
९८५७०२६६८८



तारा थारु
उपाध्यक्ष
९८५७०११७५३

## शुद्धोधन गाउँपालिका



विष्णु प्रसाद बस्याल
अध्यक्ष
९८५७०८४५८०,



शान्तादेवी ज्ञवाली
उपाध्यक्ष
९८५७०८४५७९,

# जिल्ला समन्वय समितिको कार्यालयका कर्मचारीहरू



कृष्णप्रसाद खनाल
जिल्ला समन्वय अधिकारी
मोबाईल: ९८५७०७७२२२




तुल्सीराम भण्डारी
शा.अ.
मोबाईल: ९८५७०४९८४४



विवेक झा
ईन्जिनियर
मोबाईल: ९८६४४२०६७४



दिनेश प्रसाद बस्याल
ना.सु.
मोबाईल: ९८४७१७०४५१



विना दर्लामी
ले.पा.
मोबाईल: ९८५७०५५०९६



सन्तोष न्यौपाने
सब इन्जिनियर



दिपा पंज्ञानी
खरिदार



अजय मल्लाह
निजि सचिव
मोबाईल: ९८६७७१८९८४



डम्वर बहादुर खत्री
ह.स.चा
मोबाईल: ९८५७०१७५४४



जित बहादुर सुनार
ह.स.चा
मोबाईल: ९८४३२९२३८४



खिम बहादुर वि.क.
कार्यालय सहयोगी



अन्जली केवट
कार्यालय सहयोगी
मोबाईल: ९८१२९३१४९५



धन बहादुर पाण्डे
कार्यालय सहयोगी

# रूपन्देही दर्पण

## प्रकाशक

जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही

## संरक्षक



**उमाकान्त चपाई**
प्रमुख



**रामकृपाल धोवी**
उप–प्रमुख

## सम्पादन मण्डल



**कृष्णप्रसाद खनाल**
जिल्ला समन्वय अधिकारी



**तुल्सीराम भण्डारी**
शाखा अधिकृत



**विवेक झा**
इन्जिनियर



**दिनेश प्रसाद बश्याल**
नायब सुब्बा



**सन्तोष न्यौपाने**
सव इन्जिनियर



**विना दर्लामी**
लेखापाल



**दिपा पंज्ञानी**
खरिदार

# विषय सुची


| शीर्षक | पेज नं. |
|---|---|
| **१. रुपन्देही जिल्लाः परिचय** | १–१० |
| १.१ प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरुः | २–३ |
| १.२ प्रमुख नदी नालाहरुः | ३ |
| १.३ बन क्षेत्र | ३–४ |
| १.४ ताल तलैया तथा पोखरीः | ४ |
| १.५ प्रमुख व्यापारिक महत्वका स्थानहरुः | ४ |
| १.६ भारतसँगका प्रमुख नाकाहरुः | ४ |
| १.७ जिल्लाको राजनीतिक विभाजन | ५–७ |
| १.८ रुपन्देही जिल्लामा रहेका स्थानीय तहको विवरणः | ७–८ |
| १.९ रुपन्देही जिल्लाबट संघ तर्फ निर्वाचित माननीय सदस्यहरुको विवरणः | ८ |
| १.१० रुपन्देही जिल्लाबाट प्रदेशसभामा निर्वाचित माननीयज्यूहरुको विवरणः | ९ |
| १.११ रुपन्देही जिल्लाका हालसम्मका जिल्ला पञ्चायत, जिल्ला विकास समितिका सभापति र जिल्ला समन्वय समितिका प्रमुखहरुको नामावलीः | १० |
| **२. जिल्लाको जनसंख्या विवरण** | ११–२० |
| २.१. जनसंख्या | ११ |
| २.२. वार्षिक जनसंख्या वृद्धिदर | ११ |
| २.३. जनघनत्व | १२ |
| २.४. सबै भन्दा धैरे र कम जनसंख्या भएको स्थानीय तह | १२ |
| २.५ रुपन्देहि जिल्लाको स्थानीय तहगत जनसंख्या विवरण | १३–१४ |
| २.६ धर्मको आधारमा जनसंख्या | १५–१८ |
| २.७. भाषाको आधारमा जनसंख्या | १९–२० |
| ३. जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन तथा कार्यक्षेत्रको सम्बन्धमा रहेको संवैधानिक एवम् कानुनी व्यवस्था | २१–२४ |


| | |
|---|---|
| **४. जिल्ला समन्य समिति, रूपन्देहीबाट भएका असल अभ्यासहरू** | २५–४४ |
| **५. रूपन्देही जिल्लामा रहेका कार्यालयहरूको नाम र सम्पर्क नम्बरः** | ४५–५७ |
| ५.१ भैरहवा स्थित रहेका कार्यालयहरुको टेलिफोन नं.हरु | ४५–४९ |
| ५.२ बुटवल अन्तरगत रहेका सरकारी कार्यालयहरु | ४९–५३ |
| ५.३ रुपन्देही जिल्लाका १६ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरणः | ५३–५४ |
| ५.४ जिल्ला स्थित रहेका संस्थानहरुको विवरण | ५४–५६ |
| ५.५ जिल्ला स्थित रहेका विभिन्न सुरक्षा निकायहरुको नाम, टेलीफोन नं. | ५६–५७ |
| **६. रुपन्देही जिल्लामा रहेका १६ वटा स्थानीय तहको संक्षिप्त विवरण :-** | ५८–१३० |
| १. बुटवल उप-महानगरपालिका | ५८–६३ |
| २. तिलोत्तमा नगरपालिका | ६३–६९ |
| ३. देवदह नगरपालिका | ६९–७६ |
| ४. लुम्बिनी साँस्कृतिक नगरपालिका | ७६–७९ |
| ५. सिद्धार्थनगर नगरपालिका | ७९–८५ |
| ६. सैनामैना  नगरपालिका | ८५–८९ |
| ७. ओमसतिया गाउँपालिका | ८९–९४ |
| ८.कन्चन गाउँपालिका | ९५–९७ |
| ९.कोटहीमाई गाउँपालिका | ९७–९९ |
| १०.गैडहवा गाउँपालिका | १००–१०४ |
| ११.मर्चवारी गाउँपालिका | १०४–१०८ |
| १२.मायादेवी गाउँपालिका | १०९–११३ |
| १३. रोहिणी गाउँपालिका | ११३–११५ |
| १४.सम्मरिमाई गाउँपालिका | ११५–१२० |
| १५. सियारी गाउँपालिका | १२०–१२७ |
| १६. शुद्धोदन गाउँपालिका | १२७–१३० |

## १. रुपन्देही जिल्लाः परिचय

रुपन्देही नेपालको लुम्विनी प्रदेश अन्तरगत पर्ने एक जिल्ला हो। समुद्री सतहबाट १०० मिटर देखि १२१९ मिटरको उचाईसम्म फैलिएर रहेको यो जिल्ला ८३° १२'१६" देखि ८३° ३८'७" पूर्वी देशान्तर र २७° २०'००" देखि २७°४७'२५" उत्तरी अक्षांश बीचमा अवस्थित छ। १३६० बर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ। पूर्वमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल र रामग्राम नगरपालिका तथा पाल्हिनन्दन गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका, पाल्पा जिल्लाको तिनाउ, माथागढी र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लासँग सिमाना जोडिएको छ। यस जिल्लाका रोहिणी गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, सम्मरीमाई गाउँपालिका र लुम्बिनी साँस्कृतिक नगरपालिकाका केही वडा भारतको महाराजगञ्ज र सिद्धार्थनगर जिल्लासँग ७०.२ किलोमिटर सिमाना जोडिएको छ। उक्त क्षेत्रमा सीमा विभाजनका लागी मुख्य सीमास्तम्भ ३५ वटा, सहायक सीमा स्तम्भ ९ वटा र साना सीमा स्तम्भ ३६२ वटा र रिफ्रेन्स १ वटा गरी जम्मा ४०७ वटा स्तम्भहरु रहेका छन। भैरहवा (सिद्धार्थनगर) यस जिल्लाको सदरमुकामको रुपमा रहेको छ।

यस जिल्लाको नामाकरणको सम्बन्ध भगवान गौतम बुद्धसंग जोडिएको छ। गौतम बुद्धको आमा मायादेवी यसै जिल्ला देवदहको भवानीपूरमा जन्मिएकी थिइन। उनी अत्यन्त सुन्दरी भएकोले उनलाई रूपिदेवी भनिन्थ्यो र त्यही शब्द रूपिदेवीवाट रूपिन्देही र रुपन्देही भएको हो भन्ने किंबदन्ती रहेको पाईन्छ। त्यस्तै राजा शुद्धोधनको रानी, कोलिया राजकन्या रुपादेवी थिइन। शाक्यहरु र कोलियहरुको आवतजावत गर्दा विश्राम स्थलको रुपमा रहेको वगैचाको नाम यीनै रानीको नामवाट रुपादेवी राखियो। कालान्तरमा उक्त शब्द अपभ्रम्स हुदै रुम्विनी देई, रुमिनी देई हुदै लुम्बिनी र यसैबाट रुपन्देही जिल्लाको नाम रहेको जनविश्वास रहि आएको छ। यसरी वनेको लुम्बिनी गाँउ आज पनि दक्षिण पश्चिम रुपन्देहीमा अवस्थित छ।

२०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ११२१९५७ रहेको छ जसमध्ये महिला ५७१४७९ (५०.९%) र पुरुष ५५०४७८ (४९.१%) रहेका छन जसमा लैङ्गिक अनुपात ९६.३३ (पुरुष प्रति महिलामा) देखिन्छ। बार्षिक जनसंख्या बृद्धिदर २.३३% र जनघनत्व ८२५ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ। अपाङ्गता भएका जनसंख्या १८२३९ (१.६%) जसमा महिला ८१०७ र पुरुष १०१३२ रहेका छन। त्यस्तै कुल क्षेत्रफलमध्ये ८२६२२ हेक्टर खेतियोग्य जमिन रहेको छ।




**रुपन्देही जिल्लाको नक्सा**

## १.१ प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरुः

यस जिल्लामा महत्वपुर्ण धार्मिकस्थलहरु, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थानहरु, औद्योगिक तथा प्राविधिक क्षेत्रहरु, कृषि, वातावरण तथा जैविक विविधतायुक्त धार्मिक एवं पर्यटकीय महत्वका क्षेत्रहरु रहेको छन।

यस जिल्ला गौतमबुद्धको जन्मस्थल लुम्बिनी विश्व शान्तिको उद्गम स्थलको रुपमा परिचित, मायादेवी मन्दिर, गौतमबुद्धको मावली देवदह, पाकरी बृक्ष, सिद्धबाबा धाम, मर्चवारीदेवी माई, पर्रोहा बोलबमधाम, मुक्तिनाथ मन्दिर, पडैरैया मस्जिद लगायतका धार्मिक स्थल तथा ब्रिटिस सेनामाथि विजय हासिल गर्न सफल जितगढी किल्ला, आदीमानव रामापिथेकस, सैनामैना लगायतको ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा र गजेडी ताल, गैडहवा ताल, शंकरनगर बनबाटीका, शुद्धोधन पार्क, फुलबारी, हिलपार्क, लुम्बिनी केबलकार, सिद्धार्थ केवलकार, प्रदर्शनी केन्द्र, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, अन्तर्राष्ट्रिय सभाहल साथै छपियाको माछापालन, मर्चवारीको कृषियोग्य फाँट आदी रुपन्देहीका पर्यटकीय स्थलका रुपमा रहेका छन ।

## १.२ प्रमुख नदी नालाहरुः

रुपन्देही जिल्लामा तिनाउ, दानव, रोहिणी, घोडाहा, डण्डा, इन्गुरिया, कञ्चन, कोठी, सुखरा, जबई आदि प्रमुख नदिहरु रहेका छन् । यी नदीहरुका अतिरिक्त अन्य ससाना नालाहरु पनि छन् जुन अस्थायी प्रकृतिका भएको हुनाले केवल वर्षामा मात्र यिनको अस्तित्व देखा पर्दछ । यस जिल्लामा वग्ने सबै नदीहरु उत्तरवाट दक्षिण तिर वग्ने गर्दछन् ।

## १.३ बन क्षेत्र

रुपन्देही जिल्लाको जम्मा क्षेत्रफल :१,३०,५२२ हेक्टर

जिल्लाको वनले ओगटेको क्षेत्रफल: २५,१०५ हेक्टर रहेको छ । राष्ट्रिय वन (हस्तान्तरण नभएको) बाहेकको जिल्लाको बनको क्षेत्रफल यस प्रकार छ ।

जम्मा बन प्रतिशत : १९.२३ %

| बनको प्रकार | संख्या | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|
| सामुदायिक बन | ११० | १६,६१०.३०३ | |
| साझेदारी बन | २ | २०८५.२४ | |
| धार्मिक बन | ४ | २७.९२ | |
| निजि बन | ८५ | ९५.७८ | |

रुपन्देही जिल्लामा सबै भन्दा बढी बन क्षेत्र भएको स्थानीय तह सैनामैना नगरपालिका रहेको छ। बन क्षेत्र नभएका स्थानीय तहहरु :कोटहिमाई गा.पा., मर्चवारी गा.पा., सम्मरिमाई गा.पा., मायादेवी गा.पा., ओमसतिया गा.पा., लुम्बिनी सांस्कृतिक नगरपालिका र सिद्धार्थनगर नगरपालिका गरि जम्मा ७ वटा रहेका छन।

***श्रोतः डिभिजन बन कार्यालय, रुपन्देही***

## १.४ ताल तलैया तथा पोखरीः

रुपन्देही जिल्लामा स-साना पोखरीहरु धैरै छन्। गजेडी/दानापुर ताल, गैडहवा ताल र नन्द भाउजु ताल मानवनिर्मित कपरकट्टी ताल, देवदह यस जिल्ला भित्र रहेका महत्वपूर्ण तालहरु हुन। यी तालहरुलाई संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन एवं वर्षातको पानी जम्मा गरेर हिउदमा सिंचाइ सुविधा पुर्याउन सकिने संभावना प्रवल छ।

## १.५ प्रमुख व्यापारिक महत्वका स्थानहरुः

रुपन्देही जिल्लाका प्रमुख व्यापारिक स्थलहरुमा भैरहवा, बुटवल, वेलहिया प्रमुख रुपमा रहेका छन्। त्यस्तै शंकरनगर, ड्राइभरटोल, मंगलापुर, मणिग्राम, कोटीहवा, मुर्गीया, पश्चिम अमुवा, मझगाँवा, धकधई, पडरिया, सालझण्डी, ठुटीपिपल, खैरेनी, भलवारी, बाँसगढी, सुर्यपूरा, जोगडा, फर्साटिकर आदि रहेका छन्।

## १.६ भारतसँग जोडिएका प्रमुख नाकाहरुः

यस जिल्लाका दक्षिणी सीमामा जोडिएका मुख्य नाकाहरु बेलहिया, भगवानपुर, मनहरापुर, अमवा, सेमरपानी, कदमहवा, खैराघाट, ठोटरी, चण्डिघाट, दुवेथुमुवा, हडवड र कालीदह रहेका छन। ती नाकाहरु रोहिणी गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, सम्मरीमाई गाउँपालिका र लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्दछन।

## १.७ जिल्लाको राजनीतिक विभाजन

राजनैतिक रुपमा यस जिल्लालाई प्रतिनिधि सभा सदस्यको लागी ५ निर्वाचन क्षेत्र, प्रदेश सभा सदस्यको लागि १० निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। जुन निम्नानुसार रहेको छ।

<table>
<tr><th>सि.नं.</th><th>प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं.</th><th>प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा रहने स्थानीय तहहरु</th><th>प्रदेशसभा निर्वाचन क्षेत्र नं.</th><th>प्रदेश निर्वाचन क्षेत्रमा रहने स्थानीय तहहरु</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">१(एक)</td><td rowspan="2">(क) देवदह न.पा.<br>(ख) तिलोत्तमा न.पा. वडा नं ७, ८, ९, १०, ११ १२, १५, १६, १७<br>(ग) ओमसतिया गा.पा वडा नं. १, ३, ४, ५, ६<br>(घ) रोहिणी गा.पा.</td><td>१(एक)</td><td>(क) देवदह न.पा. वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, ११, १२<br>(ख) तिलोत्तमा न.पा. वडा नं. ११<br>(ग) रोहिणी गा.पा. बडा नं. ३.४ ५, ६,७<br>घ) ओमसतिया गा.पा. वडा नं. ६)</td></tr>
<tr><td>२(दुई)</td><td>(क) देवदह न.पा. वडा नं. १०<br>(ख) तिलोत्तमा न.पा. वडा नं. ७,८, ९, १०, १२, १५, १६, १७<br>(ग) ओमसतिया गा.पा. वडा नं. १,३, ४, ५<br>घ) रोहिणी गा.पा. वडा नं. १, २)</td></tr>
<tr><td rowspan="2">२.</td><td rowspan="2">२ (दुई)</td><td rowspan="2">(क) बुटवल उ.म.न.पा. वडा नं. १, २, ३, ४, ५ ६, ७, ८, ९, १०, ११ १२, १३<br>(ख) सैनामैना न.पा. बडा नं. १, २ ३, ४<br>ग) तिलोत्तमा न.पा. वडा नं. १,) २, ३, ४, ५, ६</td><td>१(एक)</td><td>(क) तिलोत्तमा न.पा. वडा नं. १,२,३, ४,५,६<br>ख बुटवल उ.म.न.पा. वडा नं.) ७,९,१०,११</td></tr>
<tr><td>२(दुई)</td><td>(क) सैनामैना न.पा. बडा नं. १,२ ३,४<br>ख) बुटवल उ.म.न.पा. वडा नं.) १,२, ३,४,५,६,८,१२,१३</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३. | (३ (तिन | (क) बुटवल उ.म.न.पा. वडा नं. १४, १५, १६, १७, १८, १९<br>(ख) मायादेवि गा.पा. वडा नं.७, ८,<br>(ग) ओमसतिया गा.पा. वडा नं. २<br>(घ) सिद्धार्थनगर न.पा.<br>(ङ) सियारी गा.पा. वडा नं १,२,३, ६,७<br>(च) शुद्धोधन गाउँपालिका<br>छ) तिलोत्तमा न.पा. वडा नं.१३,) १४ | १ (एक) | (क) सिद्धार्थनगर न.पा.<br>(ख) मायादेवि गा.पा. वडा नं. ७, ८,<br>(ग) ओमसतिया गा.पा. वडा नं. २<br>(घ) सियारी गा.पा. वडा नं १<br>ङ) तिलोत्तमा न.पा. वडा नं. १४) |
| | | | (२(दुई | (क) तिलोत्तमा न.पा. वडा नं. १३<br>(ख) सियारी गा.पा. वडा नं २,३, ६,७<br>(ग) शुद्धोधन गाउँपालिका<br>घ) बुटवल उ.म.न.पा. वडा नं.) १७, १८, १९ ,१४, १५, १६ |
| ४. | ४(चार) | (क) कोटहीमाई गाउँपालिका<br>(ख) लुम्बिनी साँस्कृतिक न.पा. २,१२ र १३<br>(ग) मर्चवारी गा.पा.<br>(घ) मायादेवी गा.पा. वडा २,३,४, ५,६<br>(ङ) सम्मरीमाई गा.पा.<br>(च) सियारी गा.पा. वडा नं ४,५ | १ (एक) | (क) मर्चवारी गा.पा. वडा नं. १,२,३, ४,५,७<br>(ख) सम्मरीमाई गा.पा.<br>(ग) लुम्बिनी साँस्कृतिक न.पा. २,१२, १३ |
| | | | (२(दुई | क) मर्चवारी गा.पा. बडा नं. ६<br>(ख) कोटहीमाई गा.पा.<br>(ग) मायादेवी गा.पा. वडा नं. २,३,४,५ र ६<br>घ) सियारी गा.पा. बडा नं. ४,५) |

| | | | | |
|---|---|---|---|---|
| .५ | (५ (पाँच | (क) सैनामैना न.पा. बडा नं. ५.६, ७, ८, ९, १०,११<br>(ख) कंचन गा.पा.<br>(ग) लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १.३,४,५,६,७,८,९, १०, ११<br>(घ) मायादेवी गा.पा. वडा नं. १<br>(ङ) गैडहवा गा.पा. | १ (एक) | (क) सैनामैना न.पा. वडा नं.५.६ ७, ८, ९, १०, ११<br>(ख) कंचन गा.पा.<br>(ग) गैडहवा गा.पा. वडा नं. ६,७,८,९ |
| | | | (२(दुई | (क) लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १.३,४,५,६,७,८,९, १०, ११<br>(ख) मायादेवी गा.पा. वडा नं. १<br>(ग) गैडहवा गा.पा. वडा नं. १,२,३, ४,५ |

***स्रोतः नेपाल राजपत्र भाग ३ मिति २०७४/५/१५***

## १.८ रुपन्देही जिल्लामा रहेका स्थानीय तहको विवरणः

रुपन्देही जिल्लामा १६ वटा स्थानीय तह रहेका छन जसमा १ उपमहानगरपालिका, ५ नगरपालिका र १० वटा गाउँपालिका र सो अन्तर्गत १५५ वडा रहेका छन् । स्थानीय तहहरुको वर्गिकरण निम्नानुसार उल्लेख गरिएको छ ।

| सि.नं. | स्थानीय तह | साविक गा.वि.स/ नगरपालिका | केन्द्र | वडा संख्या |
|---|---|---|---|---|
| १ | बुटवल उपमहानगरपालिका | बुटवल उपमहानगरपालिका | बुटवल | १९ |
| २ | तिलोत्तमा नगरपालिका | तिलोत्तमा नगरपालिका | शंकरपुर | १७ |
| ३ | देवदह नगरपालिका | देवदह न.पा. र सिक्टहन गा.वि.स | केरवानी | १२ |
| ४ | लुम्बिनी साँस्कृतिक नगरपालिका | लुम्बिनी साँस्कृतिक नगरपालिका | लुम्बिनी | १३ |
| ५ | सिद्धार्थनगर नगरपालिका | सिद्धार्थनगर नगरपालिका | भैरहवा | १३ |
| ६ | सैनामैना नगरपालिका | सैनामैना न.पा. र सालझण्डी गाविस | बुद्धनगर | ११ |
| ७ | ओमसतिया गाँउपालिका | पडसरी, हाटी फर्साटिकर, वसन्तपुर, पट्खौली, छोटकी रामनगर | हाटी फर्साटिकर | ६ |
| ८ | कञ्चन गाँउपालिका | रुद्रपुर र गजेडी गा.वि.स | बेउरी | ५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | कोटहीमाई गाँउपालिका | सिपवा, सक्रौन पकडी, मर्यादपुर, मझगाँवा, बैरघाट र बोगडी | मझगाँवा | ७ |
| १० | गैडहवा गाँउपालिका | साडी, जोगडा, विष्णुपुरा र सुर्यपुरा गा.वि.स | विष्णुपुरा | ९ |
| ११ | मर्चवारी गाँउपालिका | रायपुर, सिलौटिया, सेमरा मर्चवार र बगौली गा.वि.स | रायपुर | ७ |
| १२ | मायादेवी गाँउपालिका | धमौली, कम्हरिया, गोनाहा र हाटी बनगाई गा.वि.स | कम्हरिया | ८ |
| १३ | रोहिणी गाँउपालिका | बगाहा, पोखरभिण्डी, धकधई, छिपागढ, बोधवार र पजरकट्टी गा.वि.स | धकधई | ७ |
| १४ | सम्मरीमाई गाँउपालिका | करौंता,थुम्हा पिपरहवा, फरेना, असुरैना, रोइनिहवा र बेतकुइयाँ गा.वि.स | फरेना | ७ |
| १५ | सियारी गाँउपालिका | चिल्हिया, मैनहिया, हर्नैया, दयानगर र पश्चिम अमुवा गा.वि.स | हर्नैया | ७ |
| १६ | शुद्धोधन गाँउपालिका | खड्वा वनगाई, मानपकडी, सौर्हवा फर्साटिकर र मानमटेरिया गा.वि.स | मानपकडी | ७ |

***स्रोतः नेपाल राजपत्र भाग ४ मिति २०७३ फागुन २७***

## १.९ रुपन्देही जिल्लाबट संघ तर्फ निर्वाचित माननीय सदस्यहरुको विवरणः

| सि.नं. | नाम, थर | सम्पर्क नं. | निर्वाचन क्षेत्र |
|---|---|---|---|
| १ | श्री छविलाल वि.क | ९८५११०२४४१ | रुपन्देही निर्वाचन क्षेत्र नं. १ |
| २ | श्री बिष्णु पौडेल | ९८५१२६६०७७ | रुपन्देही निर्वाचन क्षेत्र नं. २ |
| ३ | रिक्त | | रुपन्देही निर्वाचन क्षेत्र नं. ३ |
| ४ | श्री सर्वेन्द्रनाथ शुक्ला | ९८५१००४४४ | रुपन्देही निर्वाचन क्षेत्र नं. ४ |
| ५ | श्री वासुदेव घिमिरे | ९८५७०२५२६६ | रुपन्देही निर्वाचन क्षेत्र नं. ५ |
| ६ | श्री मनोरमा शेरचन | ९८५७०२१०५८ | समानुपातिक |

## १.१० रुपन्देही जिल्लाबाट प्रदेशसभामा निर्वाचित माननीयज्यूहरुको विवरणः

| सि.नं. | नाम, थर | सम्पर्क नं. | निर्वाचन क्षेत्र |
|---|---|---|---|
| १ | श्री आषिश कुमार चौधरी | ९८४७०२२१३३ | निर्वाचन क्षेत्र नं. १क |
| २ | श्री अब्दुल रज्जाक | ९८५१११९७८६ | निर्वाचन क्षेत्र नं. १ख |
| ३ | श्री लिला गिरी | ९८५७०२२७७२ | निर्वाचन क्षेत्र नं. २क |
| ४ | श्री भोजप्रसाद श्रेष्ठ | ९८५७०३२८७० | निर्वाचन क्षेत्र नं. २ख |
| ५ | श्री सन्तोष कुमार पाण्डेय | ९८५७०२२५९८ | निर्वाचन क्षेत्र नं. ३क |
| ६ | श्री तुल्सीप्रसाद चौधरी | ९८५७०२४५५७ | निर्वाचन क्षेत्र नं. ३ख |
| ७ | श्री कन्हैया बानिया | ९८६९४७७३२६ | निर्वाचन क्षेत्र नं. ४क |
| ८ | श्री वसिउद्दिन खाँ | ९८५७०२०९६९ | निर्वाचन क्षेत्र नं. ४ख |
| ९ | श्री भूमिश्वर ढकाल | ९८५७०३०००० | निर्वाचन क्षेत्र नं. ५क |
| १० | श्री चन्द्रकेश गुप्ता | ९८५७०१५८७४ | निर्वाचन क्षेत्र नं. ५ख |
| ११ | श्री देवीप्रसाद चौधरी | ९८५७०२४४८२ | समानुपातिक |
| १२ | श्री जमुना ढकाल | ९८४७०३४६७२ | समानुपातिक |
| १३ | श्री हेमा बेल्वासे | ९८४७०३८२२७ | समानुपातिक |
| १४ | श्री भगवती घिमिरे | ९८४७०५०६६६ | समानुपातिक |
| १५ | श्री जानकी न्यौपाने | ९८५७०५७३९० | समानुपातिक |
| १६ | श्री निर्मलादेवी थारु | ९८५७०१०४४२ | समानुपातिक |
| १७ | श्री भगवती कुमारि थरुनी | ९८५७०४९३१८ | समानुपातिक |
| १८ | श्री शान्ति लोध | ९८०६९३१८७८ | समानुपातिक |

**१.११ रुपन्देही जिल्लाका हालसम्मका जिल्ला पञ्चायत, जिल्ला विकास समितिका सभापति र जिल्ला समन्वय समितिका प्रमुखहरुको नामावलीः**

| सि.नं. | पद | नाम, थर | अवधी |
|---|---|---|---|
| १ | सभापति | श्री रामनरेश यादव | २०१७ |
| २ | सभापति | श्री दिनेशमणी त्रिपाठी | |
| ३ | सभापति | श्री केदार पाण्डे | |
| ४ | सभापति | श्री केशव लम्साल | २०३९ |
| ५ | सभापति | श्री छत्रपति मल्ल | २०४४ |
| ६ | सभापति | श्री विजय धिताल | २०४९ |
| ७ | सभापति | श्री छत्रपति मल्ल | २०५४ |
| ८ | सभापति | श्री विरेन्द्र क्षेत्री | २०६१ |
| ९ | प्रमुख | एकराज विश्वकर्मा | २०७४-२०७९ |
| १० | प्रमुख | श्री उमाकान्त चपाईं | २०७९ देखि |

## २. जिल्लाको जनसंख्या विवरण

### २.१. जनसंख्या

देशभरीमा सबैभन्दा बढी जनसंख्या भएका जिल्लाहरुमध्ये रुपन्देही तेस्रो धेरै जनसंख्या भएको जिल्ला हो।

| जिल्ला | जनसंख्या | | | देशको कुल जनसंख्या प्रतिशत | परिवारको औसत आकार |
|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | |
| रुपन्देही | ११२१९५७ | ५५०४७८ | ५७१४७९ | ३.८५ | ४.७१ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

### २.२. वार्षिक जनसंख्या वृद्धिदर

जनसंख्या वृद्धिदर सबैभन्दा बढी धनात्मक हुने जिल्ला भक्तपुर हो भने दोस्रो स्थानमा रुपन्देही रहेको छ।

| जिल्ला | जनसंख्या | | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|
| | २०६८ | २०७८ | |
| रुपन्देही | ८८०१९६ | ११२१९५७ | २.३३ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

वार्षिक जनसंख्या वृद्धदर सबैभन्दा बढी धनात्मक भएको गाउँपालिका रुपन्दहीको कञ्चन गाउँपालिका हो।

| गाउँपालिका | जनसंख्या | | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|
| | २०६८ | २०७८ | |
| कञ्चन गाउँपालिका, रुपन्देही | ३३०७२ | ४२५२८ | २.४१ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

## २.३. जनघनत्व

देशभरीमा सबैभन्दा बढी जनघनत्व भएका जिल्लाहरु मध्ये रुपन्देही चौथो स्थानमा रहेको छ ।

| जिल्ला | जनसंख्या | | जनघनत्व | |
|---|---|---|---|---|
| | २०६८ | २०७८ | २०६८ | २०७८ |
| रुपन्देही | ८८०१९६ | ११२१९५७ | ६४७ | ८२५ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

## २.४. सबै भन्दा धैरै जनसंख्या भएको स्थानीय तह गाउँपालिका

सवैभन्दा बढी जनसंख्या भएका गाउँपालिकामा देशभरीमा रुपन्देहीको मायादेवी गाउँपालिका चौथो र गैडहवा गाउँपालिका पाँचौ स्थानमा रहेका छन् ।

| गाउँपालिका | परिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| मायादेवी गाउँपालिका | ९९९० | ५६१७० | २८३५५ | २७८१५ |
| गैडहवा गाउँपालिका | ९९४७ | ५६१४९ | २७८४७ | २८३०२ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

## २.५ रुपन्देहि जिल्लाको स्थानीय तहगत जनसंख्या विवरण

| स्थानीय तह | २०७८ | | | | | | | | साक्षारता दर प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार सख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औषत अकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर | जनघनत्व | जम्मा | पुरुष | महिला |
| बुटवल उपमहानगरपालिका | ५०५६५ | १९४३३५ | ९४८४९ | ९९४८६ | ३.८४ | ९५.३४ | ३.२३ | १९१३ | ९१.३१ | ९५.२३ | ८७.६३ |
| देवदह नगरपालिका | १७३०० | ७२४५७ | ३४०३३ | ३८४२४ | ४.१९ | ८८.५७ | २.९१ | ५२९ | ८३.१३ | ८९.७३ | ७७.४० |
| गैडहवा गाउँपालिका | ९९४७ | ५६१४९ | २७८४७ | २८३०२ | ५.६४ | ९८.३९ | १.५९ | ५८० | ७१.३० | ८१.९९ | ६०.८९ |
| कन्चन गाउँपालिका | १०४४० | ४२५२८ | १९४०८ | २३१२० | ४.०७ | ८३.९४ | २.४१ | ७२७ | ८३.०५ | ८९.७६ | ७७.५६ |
| कोटहिमाई गाउँपालिका | ७५३५ | ४५९७५ | २३१३९ | २२८३६ | ६.१० | १०१.३३ | १.१० | ७८९ | ६८.७४ | ७९.०० | ५८.४० |
| लुम्बिनी साँस्कृतिक नगरपालिका | १३६२१ | ८७३८३ | ४३१६४ | ४४२१९ | ६.४२ | ९७.६१ | १.७९ | ७७९ | ७१.१४ | ८०.५६ | ६२.०६ |
| मर्चवारी गाउँपालिका | ६९२१ | ४०८८० | २०४९९ | २०३८१ | ५.९१ | १००.५८ | ०.५१ | ८७२ | ६८.६९ | ७९.२२ | ५८.०९ |
| मायादेवी गाउँपालिका | ९९९० | ५६१७० | २८३५५ | २७८१५ | ५.६२ | १०१.९४ | १.६८ | ७७५ | ७२.५५ | ८१.१६ | ६४.४९ |
| ओमसतिया गाउँपालिका | ८०८२ | ४११४१ | २०४५२ | २०६८९ | ५.०९ | ९८.८५ | १.७८ | ८४८ | ७८.२४ | ८६.६७ | ६९.९९ |
| रोहिणी गाउँपालिका | ७५२६ | ४३३२७ | २१८६५ | २१४६२ | ५.७६ | १०१.८८ | १.४७ | ६७० | ७२.३१ | ८२.९८ | ६१.४६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सैनामैना नगरपालिका | १९४४५ | ७८३९३ | ३६४४१ | ४१९५२ | ४.०३ | ८६.८६ | ३.२६ | ४८३ | ८४.९० | ९०.८८ | ७९.८५ |
| सम्मरीमाई गाउँपालिका | ७२४२ | ४३०४४ | २१५४४ | २१५३३ | ५.९४ | ९९.९० | १.१२ | ८४८ | ६९.३४ | ७८.०१ | ६०.७३ |
| सिद्धार्थनगर नगरपालिका | १५८७१ | ७४४३६ | ३७२४९ | ३७१८४ | ४.६९ | १००.१७ | १.५३ | २०६६ | ८६.१२ | ९२.५० | ७९.७९ |
| सियारी गाउँपालिका | ९०१९ | ४४९८५ | २२०२२ | २२९६३ | ४.९९ | ९५.९० | १.५० | ६८० | ७८.८२ | ८८.०० | ७०.१७ |
| शुद्धोधन गाउँपालिका | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ | ४.८३ | ९६.४१ | १.८३ | ७२७ | ८१.२५ | ८८.७१ | ७४.१६ |
| तिलोत्तमा नगरपालिका | ३५९९१ | १४९४७९ | ७१५२६ | ७७९५३ | ४.१५ | ९१.७६ | ३.८४ | ११८५ | ८८.०९ | ९३.३७ | ८३.३४ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

## २.६ धर्मको आधारमा जनसंख्या

यस जिल्लामा विविध धर्मावलम्वीको बसोबास रहेको पईन्छ । विश्वशान्तिका अग्रदुत गौतम बुद्धको जन्मथलो समेत रहेको यो जिल्ला वौद्ध धर्मको उद्गमस्थल भएपनि धर्मको आधारमा हिन्दु धर्मालम्वीहरुको वाहुल्यता देखिन्छ ।जनगणना २०७८ अनुसार यस जिल्लाको धर्मको आधारमा जनसङ्ख्या विवरणः

| | जम्मा जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | वौद्ध | इस्लाम | किरात | क्रिश्चियन | प्रकृति | वोन | जैन | बहाइ | शिख |
| रुपन्देही | | | | | | | | | | | |
| जम्मा | ११२१९५७ | ९७६३८३ | ४२३२० | ९०७४४ | २३६ | ७७९४ | १९४४ | २४६६ | १४ | १ | ५५ |
| पुरुष | ५५०४७८ | ४८०४०३ | १९५९८ | ४४६७७ | १२१ | ३५४७ | ९४२ | ११५४ | ७ | ० | २९ |
| महिला | ५७१४७९ | ४९५९८० | २२७२२ | ४६०६७ | ११५ | ४२४७ | १००२ | १३१२ | ७ | १ | २६ |
| देवदह नगरपालिका | | | | | | | | | | | |
| जम्मा | ७२४५७ | ६३२१८ | ६०६३ | १२१० | २ | ११५७ | ७५ | ७३२ | ० | ० | ० |
| पुरुष | ३४०३३ | २९८२४ | २७४८ | ५८४ | १ | ५०९ | ३० | ३३७ | ० | ० | ० |
| महिला | ३८४२४ | ३३३९४ | ३३१५ | ६२६ | १ | ६४८ | ४५ | ३९५ | ० | ० | ० |
| बुटवल उपमहानगरपालिका | | | | | | | | | | | |
| जम्मा | १९४३३५ | १७४७१४ | ११८२१ | ४६६३ | ६१ | २२५६ | २५२ | ५५३ | ० | १ | १४ |
| पुरुष | ९४८४९ | ८५२४७ | ५५१३ | २६३९ | ३४ | १०२० | १२६ | १६१ | ० | ० | ९ |
| महिला | ९९४८६ | ८९४६७ | ६३०८ | २०२४ | २७ | १२३६ | १२६ | २९२ | ० | १ | ५ |
| सैनामैना नगरपालिका | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७८३९३ | ७४०२२ | २३१५ | १७९ | ३ | ५९० | १२२४ | ६० | ० | ० | ० |
| पुरुष | ३६४४१ | ३४४०५ | १०४५ | १०० | २ | २६२ | ६०० | २७ | ० | ० | ० |
| महिला | ४१९५२ | ३९६१७ | १२७० | ७९ | १ | ३२८ | ६२४ | ३३ | ० | ० | ० |
| कञ्चन गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४२५२८ | ३८४०२ | ३१९९ | २०८ | ० | ६३२ | ५७ | ३० | ० | ० | ० |
| पुरुष | १९४०८ | १७५२९ | १४७३ | ९५ | ० | २७८ | २३ | १० | ० | ० | ० |
| महिला | २३१२० | २०८७३ | १७२६ | ११३ | ० | ३५४ | ३४ | २० | ० | ० | ० |
| गैडहवा गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ५६१४९ | ५०२८३ | २१६ | ५५२१ | २ | १२७ | ० | ० | ० | ० | ० |
| पुरुष | २७८४७ | २५००४ | १०९ | २६७६ | ० | ५८ | ० | ० | ० | ० | ० |
| महिला | २८३०२ | २५२७९ | १०७ | २८४५ | २ | ६९ | ० | ० | ० | ० | ० |
| शुद्धोधन गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४१९०७ | ४०१४८ | ७३८ | ७९६ | १ | १६० | ६४ | ० | ० | ० | ० |
| पुरुष | २०५७० | १९७४४ | ३२३ | ३९८ | ० | ७२ | ३३ | ० | ० | ० | ० |
| महिला | २१३३७ | २०४०४ | ४१५ | ३९८ | १ | ८८ | ३१ | ० | ० | ० | ० |
| सियारी गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४४९८५ | ४१७५४ | ८६६ | २१४२ | ० | १५२ | २२ | ४९ | ० | ० | ० |
| पुरुष | २२०२२ | २०४९५ | ४०२ | १०३० | ० | ६७ | ९ | १९ | ० | ० | ० |
| महिला | २२९६३ | २१२५९ | ४६४ | १११२ | ० | ८५ | १३ | ३० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तिलोत्तमा नगरपालिका | | | | | | | | | | | |
| जम्मा | १४९४७९ | १३३६७६ | १२५३१ | ९६५ | २७ | १५४४ | २१३ | ५२३ | ० | ० | ० |
| पुरुष | ७१५२६ | ६४१४९ | ५७८७ | ५१२ | १२ | ७१५ | १०० | २५१ | ० | ० | ० |
| महिला | ७७९५३ | ६९५२७ | ६७४४ | ४५३ | १५ | ८२९ | ११३ | २७२ | ० | ० | ० |
| ओमसतिया गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४११४१ | ३५९९८ | १५९३ | ३१४६ | २६ | ३०३ | ९ | ६४ | ० | ० | २ |
| पुरुष | २०४५२ | १७९४२ | ७३४ | १५८१ | १२ | १४३ | ६ | ३२ | ० | ० | २ |
| महिला | २०६८९ | १८०५६ | ८५९ | १५६५ | १४ | १६० | ३ | ३२ | ० | ० | ० |
| रोहिणी गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४३३२७ | ३२७३३ | ५८ | १०४६३ | ० | ७३ | ० | ० | ० | ० | ० |
| पुरुष | २१८६५ | १६६४० | ३० | ५१५७ | ० | ३८ | ० | ० | ० | ० | ० |
| महिला | २१४६२ | १६०९३ | २८ | ५३०६ | ० | ३५ | ० | ० | ० | ० | ० |
| सिद्धार्थनगर नगरपालिका | | | | | | | | | | | |
| जम्मा | ७४४३६ | ६०६५४ | २५२८ | १०११६ | १६ | ६०२ | २६ | ४४१ | १४ | ० | ३९ |
| पुरुष | ३७२४९ | ३०४०४ | ११८२ | ५१२९ | १० | २७८ | १३ | २०८ | ७ | ० | १८ |
| महिला | ३७१८७ | ३०२५० | १३४६ | ४९८७ | ६ | ३२४ | १३ | २३३ | ७ | ० | २१ |
| मायादेवी गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ५६१७० | ५१६७१ | १४१ | ४२९३ | ४ | ५७ | ० | ४ | ० | ० | ० |
| पुरुष | २८३५५ | २६१४३ | ६३ | २११८ | १ | २८ | ० | २ | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | २७८१५ | २५५२८ | ७८ | २१७५ | ३ | २९ | ० | २ | ० | ० | ० |
| लुम्बिनी साँस्कृतिक नगरपालिका | | | | | | | | | | | |
| जम्मा | ८७३८३ | ५६७४७ | ७६ | ३०५४२ | ४ | १४ | ० | ० | ० | ० | ० |
| पुरुष | ४३१६४ | २८५२४ | ४२ | १४५९१ | १ | ६ | ० | ० | ० | ० | ० |
| महिला | ४४२१९ | २८२२३ | ३४ | १५९५१ | ३ | ८ | ० | ० | ० | ० | ० |
| कोटहीमाई गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४५९७५ | ४११५२ | १ | ४७९४ | ० | २८ | ० | ० | ० | ० | ० |
| पुरुष | २३१३९ | २०८२१ | १ | २३०१ | ० | १६ | ० | ० | ० | ० | ० |
| महिला | २२८३६ | २०३३१ | ० | २४९३ | ० | १२ | ० | ० | ० | ० | ० |
| सम्मरीमाई गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४३०४४ | ३४२८४ | १ | ८६६६ | ८६ | ७ | ० | ० | ० | ० | ० |
| पुरुष | २१५११ | १७२२० | १ | ४२४१ | ४५ | ४ | ० | ० | ० | ० | ० |
| महिला | २१५३३ | १७०६४ | ० | ४४२५ | ४१ | ३ | ० | ० | ० | ० | ० |
| मर्चवारी गाउँपालिका | | | | | | | | | | | |
| जम्मा | ४०८८० | ३८१११ | १ | २७३८ | ० | ३० | ० | ० | ० | ० | ० |
| पुरुष | २०४९९ | १९१६६ | ० | १३१७ | ० | १६ | ० | ० | ० | ० | ० |
| महिला | २०३८१ | १८९४५ | १ | १४२१ | ० | १४ | ० | ० | ० | ० | ० |

(source table-1: Population by Religion and sex, NPHC2021)

## २.७. भाषाको आधारमा जनसंख्या

मातृभाषाको आधारमा पनि रुपन्देही जिल्ला धेरै भाषाभाषीको संगम रहेको देखिन्छ । जातिय विविधता भए जस्तै यहाँ भाषागत रुपमा पनि विविधता रहेको पाइन्छ । यहाँ लगभग ३८ प्रकारका मातृभषा बोल्ने गरको कुरा जनगणना २०७८ को तथ्यांकले देखाउछ । मातृभाषाको आधारमा जनसख्याको तुलनागर्दा सबैभन्दा बढी नेपाली भाषी छन् ।

| भाषा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| नेपाली | ४७७६६५ | २२८५१६ | २४९१४९ |
| भोजपुरी | ३५७१०८ | १८४४७० | १७२६३८ |
| अबधी | ११३७८६ | ५३१९९ | ६०५८७ |
| थारु | ८१५७४ | ४०२६७ | ४१३०७ |
| मगर ढुट | ४६३१० | २११४३ | २५१६७ |
| उर्दु | १२७३७ | ६१९२ | ६५४५ |
| गुरुङ्ग | १०२०३ | ४७१८ | ५४८५ |
| नेपालभाषा (नेवारी) | ९३८२ | ४५७७ | ४८०५ |
| हिन्दि | ५०५० | २९४५ | २१०५ |
| मैथली | २३८३ | १३२५ | १०५८ |
| संस्कृत | ८४५ | ५०८ | ३३७ |
| तामाङ्ग | ८१० | ४२१ | ३८९ |
| मगर खाम | ६७४ | ३२५ | ३४८ |
| बंगाल | ५९१ | ४०८ | १८३ |
| कुमाल | ४४३ | २२१ | २२२ |
| खस | ३३३ | १६२ | १७१ |
| मार्वाडी | २४९ | १२६ | १२३ |
| थकाली | २४२ | ११२ | १३० |
| छन्त्याल | २३० | १०८ | १२२ |
| राई | २१४ | १०३ | १११ |
| सोनाहा | १५८ | ८५ | ७३ |
| मुसलमान | १०० | ४७ | ५३ |

| | | | |
|---|---|---|---|
| बन्जिका | ७१ | ४८ | २३ |
| याक्थुङ/लिम्बु | ७१ | ३२ | ३९ |
| राजवंशी | ७० | ४१ | २९ |
| डोटेली | ५८ | ४० | १८ |
| अंग्रेजी | ४४ | १८ | २६ |
| पन्जावी | ३७ | २१ | १६ |
| सांकेतिक भाषा | ३२ | १८ | १४ |
| भुजेल | ३१ | १८ | १३ |
| शेर्पा | ३० | १७ | १३ |
| मगर काइके | २८ | १४ | १४ |
| दरै | २७ | १३ | १४ |
| वैतडेली | २२ | १३ | ७ |
| माझी | १९ | १० | ९ |
| सन्थाली | १९ | ९ | १० |
| कगटे | १९ | १४ | ५ |
| सिन्धि | १५ | ५ | १० |
| चेपाङ्ग | १४ | ७ | ७ |
| डुमी | ११ | ७ | ४ |
| बोटे | १० | ८ | २ |
| अन्य | २०५ | १२३ | ८२ |
| नखुलेको | ३७ | २३ | १४ |
| जम्मा | ११२१९५७ | ५५०४७८ | ५७१४७९ |

(Source: https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity

Annex 2: Population by mother tongue language and sex, NPHC 2021)

## ३. जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन तथा कार्यक्षेत्रको सम्बन्धमा रहेको संवैधानिक एवम् कानुनी व्यवस्था

लोकतान्त्रिक गणतन्त्र स्थापना भए पश्चात राज्यको पूनसंरचना हुदा संघ प्रदेश र स्थानीय तहगरी राज्य सञ्चालन तीन तहबाट हुनेगरी नेपालको संविधान जारी भए पश्चात तत्कालिन जिल्ला विकास समिति र जिल्ला परिषदले प्रयोग गर्ने कार्यकारीको भूमिकाबाट संविधानले यसलाई समन्वयकारी भूमिकामा राख्दै नाम समेत जिल्ला समन्वय समिति र जिल्ला सभा रहेको छ । नेपालको संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था गरेको छ । जिल्ला सभाले एक जना प्रमुख र एकजना उपप्रमुख सहित बढीमा नौ जना सम्मको जिल्ला समन्वय समिति निर्वाचन गर्न सक्ने र जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था संविधानले गरे बमोजिम यस रुपन्देही जिल्लामा नौ सदस्यीय जिल्ला समन्वय समिति गठनभै कार्य सञ्चालन भैरहेको छ ।

नेपालको संविधान, २०७२ को धारा २२० मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छः

क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने।
ख) विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने।
ग) जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
घ) प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।

लुम्बिनी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिम रहेको छ ।

क. जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख. जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा विभिन्न चरणमा अनुगमन गर्ने,त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग. जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ. जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहबीच समन्वय गर्ने,

ङ. जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने,

च. जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने,

छ. जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज. जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई सुझाव दिने,

झ. आफ्नो काम कारवाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन पेश गर्ने,

ञ. जिल्ला भित्र गैर सरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारीता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

ट. जिल्ला भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण  तथा समन्वय गर्ने,

ठ. जिल्ला भित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना संचालन गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

ड. जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

ढ. जिल्ला भित्रका स्थानीय तहले बनाएका कानूनहरुको अभिलेखीकरण गर्ने,

ण. जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

त. आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरु गठन गर्ने,

थ. जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यलाई प्रतिवेदन गर्ने।

द. प्रदेश सरकारले तोकेको अन्य काम गर्ने।

**जिल्ला समन्वय अधिकारीको काम, कर्तब्य र अधिकार सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए बमोजिम निम्नानुसार रहेको छ।**

(क) जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको रूपमा काम गर्ने।

(ख) जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

(ग) जिल्लास्थित सङ्घ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबिच समन्वय गर्ने गराउने।

(घ) जिल्ला सभाको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राखे लेखापरीक्षण गराउने, बेरुजु फछ्यौट गराउने तथा बेरुजु मिनाहको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने।

(ङ) जिल्ला सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत तथा अद्यावधिक गर्ने, गराउने।

(च) जिल्ला समन्वय समितिको प्रमुखको निर्देशनमा जिल्ला समन्वय समिति तथा सभाको बैठक बोलाउने निर्णयको माइन्यूट गर्ने, निर्णय प्रमाणित गर्ने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।

(छ) जिल्ला सभाले गर्नु पर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने ।

(ज) जिल्ला सभा, जिल्ला समन्वय समिति वा जिल्ला समन्वय समितिको प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने ।

## ४. जिल्ला समन्वय समिति, रुपन्देही बाट भएका असल अभ्यासहरू

➢ घुम्ती बैठक

प्रत्येक महिना एक पटक जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायका प्रमुखहरू, सरोकारवाला निकायका प्रमुख/प्रतिनिधि सहितको उपस्थितिमा घुम्ती बैठक गरी जि.स.स. र स्थानीय तह तथा अन्तर स्थानीय तहमा देखिएका अफ्ठ्याराहरुलाई समाधान गर्न पहल गर्ने गरी चौथो जिल्ला सभाबाट निर्णय भएबमोजिम प्रत्येक स्थानीय तहमा आलोपालो बैठक गरिने ब्यबस्था गरिएको र यसबाट सबै पालिकाको बारेमा जानकारी हासिल गर्न र आफ्ना पालिकाका समस्याहरु उक्त बैठकमा राखी सामूहिक समाधान खोज्न सजिलो हुने अपेक्षा सहित घुम्ती बैठकको सुरुवात गरिएको थियो।प्रथम घुम्ती बैठक २०७९/१०/१० गते देवदह नगरपालिकामा सम्पन्न भएको थियो । हालसम्म २५ वटा घुम्ती बैठक सम्पन्न भैसकेका छन् । हालसम्मका घुम्ती बैठकका मुख्य मुख्य निर्णयहरु यसप्रकार रहेका छन् :-

**मिति २०७९/१०/१० गते मंगलबार देवदह नगरपालिकामा बसेको प्रथम घुम्ती बैठकले गरेका निर्णयहरुः**

१. रुपन्देही जिल्लामा देखिएका छाडा चौपायाहरू व्यवस्थापनको लागि जिल्ला समन्वय समितिका प्रमुखज्यूको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्ने साथै उक्त समितिले छाडा चौपाया व्यवस्थापन गर्ने सम्बन्धमा कार्ययोजना तयार गरी पेश गर्ने ।

२. स्थानीय तहबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउनको लागि वडा कार्यालयबाट प्रवाह हुने सेवा र सोको कार्यप्रक्रिया कार्यविधि सम्बन्धमा वडा अध्यक्ष र वडा सदस्यहरुलाई सम्बन्धित स्थानीय तहले अभिमुखीकरण दिने ।

३. रुपन्देही जिल्लाका सबै सरकारी कार्यालय परिसरभित्र सुर्तिजन्य पदार्थ सेवन निषेध गर्ने ।

<u>मिति २०७९/१२/१० गते बुधबार तिलोत्तमा नगरपालिकामा बसेको दोस्रो घुम्ती बैठकले गरेका निर्णयहरु:</u>

१. छाडा चौपाया व्यवस्थापनको लागि जिल्ला समन्वय समितिका प्रमुख श्री उमाकान्त चपाइज्यूको संयोजकत्वमा गठित छाडा चौपाया व्यवस्थापन समितिले तयार गरेको कार्ययोजना सहितको प्रतिवेदनमा राय सुझाव पेश गर्नको लागि सबै स्थानीय तहमा पठाउने स्थानीय तहबाट प्राप्त राय सुझावलाई समेटी प्रतिवेदनलाई अन्तिम रुप दिई कार्यान्वयनको लागि सबै स्थानीय तहलाई पठाउने।

२. स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्रको जलस्रोत उपयोग सम्वन्धमा कार्यविधि बनाई जलस्रोत सम्वन्धी उपभोक्ता संस्था दर्ता तथा नविकरण प्रकृया सम्बन्धित स्थानीय तहबाट गर्ने व्यवस्था मिलाउने।

३. रुपन्देही जिल्लामा संचालित माध्यामिक तह (कक्षा ११-१२ सम्म) का सामुदायिक विद्यालयहरुमा कक्षा ११-१२ को पढाई विहानी सत्रमा संचालन हुँदा विद्यालयबीच अस्वस्थ प्रतिस्पर्धा बढेकोले उक्त कक्षासमेत दिउँसोमा संचालन गर्ने गरी सबै स्थानीय तहले कार्य योजना तयार गरी आगामी घुम्ती बैठकमा पेश गर्ने।

४. स्थानीय तह भित्र रहेका ईरिक्सा व्यवस्थापनमा देखिएको समस्या सम्वन्धमा सम्वन्धित पालिकाले सरोकारवाला संग समन्वय गरी व्यवस्थापनका लागि कार्ययोजना तयार गर्ने।

**मिति २०७९/१०/१२ गते ओमसतिया गाउँपालिकामा बसेको तेस्रो घुम्ती बैठकले गरेका निर्णयहरु:**

१. नेपाल सरकारले कक्षा ११ र १२ लाई पनि माध्यमिक शिक्षाभित्र समावेश गरेको र धेरैजसो स्थानीय तहका सामुदायिक विद्यालयहरुमा कक्षा ११ र १२ मा विहानमा संचालन गरेको साथै कक्षा समय प्रति पिरियड ४५ मिनेट हुनुपर्नेमा सरकारको नीतिगत मापदण्ड विपरीत प्रति पिरियड ३० मिनेट भएकोले शैक्षिक गुणस्तर कमजोर रहेको भनि जनगुनासो आएकोले रुपन्देही जिल्लाभित्र रहेका सामुदायिक विद्यालयहरुमा आगामी शैक्षिक सत्र २०८० देखि दिवामा कक्षा ११ र १२ संचालन गर्ने,

२. सिद्धार्थनगर नगरपालिका, लुम्वनी साँस्कृतिक नगरपालिका र मायादेवी गाउँपालिकाले भैरहवा-लुम्विनी सडक खण्ड र सिद्धार्थनगर नगरपालिका, ओमसतिया गाउँपालिका, तिलोत्तमा नगरपालिका र वुटवल उपमहानगरपालिकाले भैरहवा-वुटवल सडक खण्ड सरसफाईको लागि संयुक्त कार्यक्रम बनाई संचालन गर्ने।

३. बाल सुधार गृह भैरहवामा रहेका बालबालिकाहरुलाई खानाको लागि दैनिक रु.८० छुट्याइएको र सो रकमबाट खाजा खान नपुग्ने देखिएकोले स्थानीयतहबाट सहयोगको लागि बाल सुधार गृहका कार्यालय प्रमुखबाट अनुरोध भई आएकोमा उक्त बालबालिकाहरूलाई खाजाको व्यवस्थाको लागि स्थानीय तहहरुले स्वच्छिक सहयोग गर्ने ।

<u>मिति २०८०/०१/१० गते आइतबारका दिन रोहिणी गाउँपालिकामा बसेको चौथो घुम्ती बैठकका निर्णयहरु:</u>

१. रुपन्देही जिल्लामा रहेका सबै स्थानीय तहले आफ्नो क्षेत्रअन्तर्गत पर्ने खेतीयोग्य जमिन बाँझो नराख्ने गरी कार्यकम बनाई लागू गर्ने।

२. सबै स्थानीय तहले कक्षा ५ सम्मको लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम बनाई सबै विद्यालयमा कार्यान्वयन गर्न पहल गर्ने।

३. कक्षा ५ र ८ को सामुदायिक विद्यालयको बार्षिक परीक्षाको नतिजा विश्लेषण गरी थप सुधार गर्नको लागि कार्यनीति बनाई लागू गर्ने।

४. बढ्दो गर्मी यामसँगै हावाहुरी बढिरहेको र यसले आगलागीका घटना समेत बढिरहेकोले गहुँबाली काटेको जग्गा तथा जंगलमा आगो लगाउने कार्यलाई निरुत्साहित गर्न जनचेतनाका कार्यक्रम संचालन गर्ने।

५. स्थानीय तहका वडा कार्यालयबाट माटोजन्य पदार्थको उत्खनन् गर्ने अनुमति दिने गरेको भनी गुनासो प्राप्त भएकाले उक्त कार्य बन्द गरी कानून बमोजिम अनुमति र सम्झौता गर्ने। साथै सम्झौता गरेपछि सोको जानकारी जिल्ला अनुगमन समिति र सुरक्षा निकायलाई गराउने।

६. Nepal Academy of Tourism and Hotel Management (NATHM) बाट संचालन हुने 'Dining Etiquette सम्बन्धी Training सबै स्थानीयतहका प्रमुख/उपप्रमुख, प्रमुख प्रसासकिय अधिकृत, जि.स.स.का प्रमुख/उपप्रमुख जिल्ला समन्वय अधिकारी र प्रमुख जिल्ला अधिकारी सहितको सुरक्षा प्रमुख सहभागी गराई तालिम संचालन गर्ने । सोको आर्थिक व्यवस्था स्थानीय तहले मिलाउने र पत्राचार लगाएत सहजीकरण जिल्ला समन्वय समितिले गर्ने ।

७. जिल्ला अदालत रुपन्देहीका जिल्ला न्यायाधीश कृष्णराम कोइराला ज्यूबाट अनुरोध भएवमोजिम स्थानीय तहले गर्नुपर्ने न्यायसम्पादन सम्बन्धी निर्णयका साथै बाल बालिकाको अधिकार प्रचलन गराउने विषय, पीडित महिलाको तत्कालीन उद्धार र उपचारको व्यवस्था, लिखत प्रमाणीकरण, म्याद तामेली, व्यक्तिगत घटना दर्ता, न्यायीक समिति तथा मेलमिलाप पद्धतिको प्रभावकारिताका लागि स्थानीय तहले कानुनमा भएबमोजिमको व्यवस्था कार्यान्वयन गरी जिल्ला अदालतलाई आवश्यक समन्वय र सहयोग गर्ने

<u>मिति २०८०/०२/१० गते सिद्धार्थनगर नगरपालिकामा बसेको पाँचौं घुम्ती बैठकले गरेका निर्णयहरु:</u>

१. यस जिल्लाका स्थानीय पालीकाहरु मध्ये केही पालीकामा माटो उत्खनन अवैधानिक रुपमा भएको र वडा अध्यक्षज्यूहरुले नै अनुमति दिने गरेको सुनिन आएकोले यही २०८० को परिषदबाट स्थानिय तहले कानुन, कार्यविधी बनाई एकद्धार प्रणालीबाट प्राविधिकको प्रतिवेदनका आधारमा स्थानीय तहका प्रमुख, अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिने व्यवस्था कायम गर्ने

२. नेपाल सरकारको ढुवानी मापदण्ड अनुसार यस रुपन्देही जिल्लामा माटो, ढुङ्गा, बालुवा, भुस, पराल तथा गोवरको टिपर, ट्र्याक्टरमा ढुवानी गर्दा पल्लीद्धारा ढाकेर लैजानु पर्नेमा ढाकछोप नगरी लैजाने र सडक तथा सडकमा हिड्ने यात्रुहरुलाई आवत जावतमा असहज परिस्थिति श्रृजना भएकोले स्थानिय तहले कानुन बनाई यस्ता कार्यलाई निरुत्साहन गर्ने, दण्ड जरिवाना तोकी कार्यन्वयनमा ल्याउने ।

३. रुपन्देही जिल्लामा रहेको बालसुधार गृहको अवस्था दयनीय तथा बाल मैत्री नभएकोले स्थानिय तहको कुनै खाली सरकारी सार्वजनिक जग्गा एकिन गरी बालमैत्री बालसुधार गृह निर्माणको लागी संघ, प्रदेश सँग माग गर्ने।

४. यस जिल्लामा रहेको प्रदेश राजधानी दाङ, देउखुरी सरेको र यस जिल्लामा अवस्थित केही कार्यालयहरु अझैपनि भाडाका घरमा बस्नुपर्ने र भाडा समेत अत्यधिक वृद्धि गरेकाले जिल्ला भित्र रहेका संघ, प्रदेश र जिल्लास्तरका खाली सरकारी भवनको विवरण सम्वन्धीत स्थानीय तहले संकलन गरी यही जेष्ठ मसान्त भित्र जिल्ला समन्वय समितिमा जानकारी गराउने ।

५. स्थानीय तहहरुमा दर्ता गरि संचालनमा रहेका अधिकांश मासु पसलहरु र हाटबजारमा संचालित मासु पसलहरु मापदण्ड अनुसार संचालनमा नरहेकोले व्यवस्थित रुपमा संचालनमा ल्याउने र नयाँ दर्ता गरिने मासुपसल स्थानीय तहमा दर्ता गर्दा मापदण्ड अनुसार गर्ने ।

६. लक्षित वर्गलाई छुट्याईएका सार्वजनिक यातयातका साधनका आरक्षित सिटहरु र सहुलियतलाई सवै सार्वजनिक यातयातका साधनमा लागु गर्न स्थानिय तह र ट्राफिक प्रहरी कार्यालयले अनुगमन गरि कार्यान्वयनमा ल्याउने।

७. रुपन्देही जिल्ला भारतको सिमाना सँग जोडिएको र भारतबाट कुखुराका चल्ला, मासु, माछा अवैध रुपमा आयात भएको भन्ने सुनिन आएकोले सोको निगरानी/नियन्त्रणमा सीमा जोडिएका स्थानिय तहले अनुगमन गरी सक्रिय रुपमा लाग्ने साथै सिमानामा रहेका कुखुरा फर्महरुलाई मापदण्ड बाहीर रहेमा वन्द गर्न पहल गर्ने ।

८. यस जिल्ला पनि वाढी, पहिरो र डुवानको सम्भावना भएको जिल्ला भित्र रहेकोले विपद् पूर्वतयारीको कार्ययोजना वनाई जनतालाई सुशुचित गरि विपदवाट जोगाउने कार्य स्थानीय तहले गर्ने ।

<u>मिति २०८०।०४।१० गते मायादेवी गाउँपालिकामा बसेको छैठौं घुम्ती बैठकका निर्णयहरु:</u>

१. प्रत्येक स्थानीय तहहरुले आफै वा अन्य स्थानीय तहसँगको सहकार्यमा एम्बुलेन्स र बारुणयन्त्रको आवश्यक व्षवस्थापन गर्नका साथै उक्त साधनहरुलाई चुस्त दुरुस्त राखि आवश्यकता अनुसार प्रयोग गर्ने ।

२. स्थानीय तहहरुबाट आ.व. २०८०/८१ को सभा सम्पन्न भई बजेट पारीत भैसकेको अवस्थामा प्रत्येक स्थानीय तहहरुले स्वीकृत योजनाहरुको पूर्ण कार्यान्वयनका लागि कार्ययोजना बनाई लागू गर्ने र सो को लागी तपसील बमोजिम कार्यतालिका बनाईयोजना कार्यान्वयन गर्ने ।

क. कार्तिक मसान्तसम्म उपभोक्ता समिति गठन गरी तालिम प्रदान गरिसक्ने,

ख. मंसिर १५ गतेसम्म लागत अनुमान तयार गरिसक्ने,

ग. पौष मसान्तसम्म योजना सम्झौता गरिसक्ने,

घ. बैशाख मसान्तसम्म योजना सम्पन्न गर्ने।

३. स्थानीय तहहरुले तयार गर्ने IEE/EIA प्रतिवेदन, योजनाको लागत अनुमान नेपाली भाषामा तयार गरी कार्यान्वयन गर्ने।

४. स्थानीय तहभित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कुल विद्यार्थी संख्या र प्रत्येक कक्षाकोठामा रहने विद्याथी संख्या सम्बन्धमा प्रत्येक स्थानीय तहहरुले स्पष्ट मापदण्ड बनाई लागू गर्ने।

५. बर्षायाम सुरु भएसँगै डेंगु रोग जोखिम बढन सक्ने कुरालाई मध्यनजर गर्दै प्रत्येक स्थानीय तहहरुले डेंगु रोग नियन्त्रणका लागि स्वास्थ्यसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम गर्नुका साथै Search & destroy अभियान चलाउने।

६. बजार अनुगमन कार्यलाई सरोकारवालासँग समन्वय गरी निरन्तरता दिने।

<u>मिति २०८०।०५।१५ गते लुम्बिनी साँस्कृतिक नगरपालिकामा सम्पन्न सातौं घुम्ती बैठकका निर्णयहरुः</u>

१. लुम्बिनीको मायादेवी मन्दिर प्रवेश गर्दा शुल्क लिने गरेको भन्ने विषयमा, मोतीपुर औद्योगिक क्षेत्र निर्माण सम्बन्धमा, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धमा, जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानको नागरिकता प्राप्त गर्दा

देखिएका समस्या सम्बन्धमा र भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सम्बन्धमा सरोकारवाला निकायका प्रमुख/प्रतिनिधि समेतको उपस्थितिमा छलफल गरी सरोकारवाला निकायहरुले आ-आफ्नो कार्यक्षेत्रका विषयमा आवश्यक सहजिकरण गर्ने ।

मिति २०८०।०६।१० गते गैडहवा गाउँपालिकामा सम्पन्न आठौं घुम्ती बैठकका निर्णयहरु:

१. रुपन्देही जिल्लाका शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा देखिएका समस्या र समाधानका प्रयासहरु, कोभिडबाट मृत्यु भएका व्यक्तिहरुका परिवारले राहत रकम नपाएको सम्बन्धमा सम्बन्धित निकायले पहल गर्ने, रासायनिक मलको वितरणको हालको अवस्था र आगामी दिनमा सहज रुपमा रासायनिक मल उपलब्ध गराउने सम्बन्धमा सरोकारवाला निकायका प्रमुख/ प्रतिनिधि समेतको उपस्थितिमा छलफल गरी सरोकारवाला निकायहरुले आ-आफ्नो कार्यक्षेत्रका विषयमा आवश्यक सहजिकरण गर्ने।

मिति २०८०।०७।१५ गते शुद्धोधन गाउँपालिकामा सम्पन्न नवौं घुम्ती बैठकका निर्णयहरु:

१. नेपाल सरकारले वि.सं.२०८२ सम्म नेपाललाई बेसहारा सडक मानबमुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य लिए अनुरुप रुपन्देही जिल्लाका बिभिन्न सडकमा रहेका बेसहारा मानिसहरुको उद्धार, पारीवारिक पुर्नमिलन र व्यवस्थापन गरी समग्र रुपन्देही जिल्लालाई बेसहारा सडक मानवमुक्त जिल्ला घोषणा तयारीका सम्बन्धमा सबै स्थानीय तह र मानवसेवा आश्रमले गरेका कार्यहरुको समिक्षा गर्दै यस अभियानसँग सम्बन्धित गैरसरकारी संस्था, सरोकारवाला निकाय र सबै स्थानीय तहहरुसँगको समन्वय तथा सहकार्यमा सडकमा रहेका व्यक्तिहरुलाई आफन्तको जिम्मा लगाउने, आफन्तहरु नभेटिएमा मानवसेवा आश्रमसँगको सहकार्यमा आश्रममा बस्ने व्यवस्था मिलाई रुपन्देही जिल्लालाई बेसहारा मानवमुक्त सडक भएको जिल्ला घोषणा गर्न स्थानीय तहले प्रक्रिया पुर्याई आफ्नो पालिकालाई जतिसक्दो छिटो घोषणा गरी सहयोग पुर्याउने ।

२. रुपन्देही जिल्लाका नदीजन्य पदार्थ रहेका स्थानीय तहहरुले उत्खननका लागि गर्नुपर्ने IEE/EIA गरेकाको हकमा प्रगति विवरण पेश भएको, ठेक्का लागेपछिको सिमाङ्कन र रेखाङ्कन जिल्ला अनुगमन समितिको रोहबरमा गरी उत्खनन्को अनुमति दिने ।

३. रुपन्देही जिल्ला अन्तर्गत बुटवल – बेलहिया, बेलवास-बेथरी, भैरहवा - लुम्बिनी सडकखण्डका साथै लुम्बिनी विकास कोषको वरिपरि सरसफाई र सौन्दर्यीकरण सम्बन्धमा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रभित्रका सडकको नियमित सरसफाई र बृक्षारोपण गरी सडक सौन्दर्यीकरण गर्ने साथै ठुटीपिपल-पडसरी खण्डको दाँया बायाको लेन व्यवस्थित गर्न ओमसतिया गाउँपालिका र सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

४. तिहार, छठ लगायतका पर्वहरुलाई लक्षित गर्दै स्थानीय तहहरुले नियमित रुपमा गर्ने बजार अनुगमनलाई थप प्रभावकारी बनाउन स्थानीय तह र सरोकारवालाहरु समेतको सहभागितामा बजार अनुगमन गर्ने ।

५. तपसील बमोजिमका बिबिध विषयहरुमा छलफल तथा निर्णय गरियो ।

क. सबै स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा उत्पादित फूलहरुलाई स्थानीय बजारमा बिक्रिको व्यवस्था मिलाई बिदेशी कृत्रिम फूलहरुको प्रयोगलाई निरुत्साहीत गर्ने ।

ख. रुपन्देही जिल्लामा संचालित माध्यामिक तह सम्मका कक्षाहरु दिवा सत्रमा संचालन गर्ने निर्णय यस अघिका बैठकमा भएकोमा अधिकांश स्थानीय तहहरुबाट उक्त निर्णयको पालना भएकोमा केही स्थानीय तहहरुमा अझैपनि बिहानी कक्षा संचालन भैरहेको हुँदा उक्त कार्य आगामी शैक्षिक सत्रबाट दिवा कक्षा संचालनको व्यवस्था मिलाउन तत् स्थानीय तहलाई अनुरोध गर्ने ।

घ. यस रुपन्देही जिल्लामा माटो उत्खनन्मा एकरुपता ल्याउन माटोको दर रेट र उत्खनन् प्रक्रियालाई एकद्वार प्रणालीमा लैजान चौथो घुम्ती बैठकबाट निर्णय गरिएता पनि स्थानीय तहबाट कुनै जानकारी नआएकोले तत्काल आवश्यक नीति,नियम र कानून बनाई एकरुपता ल्याएर मात्र उत्खनन् कार्य अगाडी बढाउने ।

## मिति २०८०।०८।२१ गते सियारी गाउँपालिकामा सम्पन्न दशौं घुम्ती बैठकका निर्णयहरु:

१. मिति २०८०।०७।१७ गतेको भूकम्पबाट अति प्रभावित जाजरकोट र रुकुम पश्चिमका स्थानीय वासीहरुका लागि रुपन्देही जिल्लाका विभिन्न स्थानीय तहहरुबाट उपलब्ध गराइएको राहत सामाग्रीको विवरण प्रस्तुत भयो ।

२. जाडोयामको सूरुवातसँगै शितलहरका कारण हुनसक्ने जनधनको क्षतिलाई मध्यनजर गर्दै सबै स्थानीय तहहरुले आ-आफ्नो पालिकाभित्र स्थानीय विपद् व्यवस्थापन कोष परिचालन गरी न्यानो कपडा र दाउराको व्यवस्थापन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्ने।

३. जिल्ला समन्वय समिति, स्थानीय तहहरु र सरोकारवाला निकायहरुबीच हालसम्म सम्पन्न भएका नौवटा घुम्ती बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका अवस्थाका बारेमा स्थानीय तहका प्रतिनिधीहरुले जानकारी गराउनुभयो।

३. रुपन्देही जिल्लाका सबै स्थानीय तहहरुले आफ्नो स्थानीय पाठ्यपुस्तकमा एक स्वास्थ्य रणनीति र रेविज रोगसम्बन्धी विषय समावेश गर्न पहल गर्ने।

४. कृषकहरुले धान र गहु भित्र्याइसकेपछी पराल र छवालीमा आगो लगाई नष्ट गर्दा वायु प्रदुषण भै समग्र वातावरणमा प्रभाव पर्ने र यसबाट मानव स्वास्थ्यमा समेत असर पर्ने हुँदा सबै स्थानीय तहहरुले त्यस्ता वस्तुमा आगो लगाउने कार्यको रोकथाम गर्न पहल गर्ने।

## मिति २०८०।०९।१८ गते कन्चन गाउँपालिकामा सम्पन्न एघारौं घुम्ति बैठकका निर्णयहरु:

१. सामुदायिक वनबाट सम्बन्धित स्थानीय तहहरुलाई उपलब्ध गराउनुपर्ने रकम सम्बन्धमा सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा छलफल गरियो।

२. स्थानीय तहहरुमा आन्तरिक लेखापरीक्षण समिति गठन गरेका स्थानीयतहले आ-आफ्नो प्रगति प्रस्तुत गर्नुभयो। आन्तरिक लेखापरीक्षण समिति गठन नगरेका स्थानीय तहले गठन गरि आगामी घुम्ती बैठकमा जानकारी गराउने।

३. हाल सम्मका एघार वटा घुम्ती बैठक बाट भएका निर्णयहरु के कति कार्यान्वयन भए , कुन कुन निर्णयहरु कार्यान्वयन हुन सकेनन ? कार्यान्वयन नभएको भए के कति कारणले कार्यान्वयन हुन् सकेनन ? सो को विवरण २०८० पौष मसान्त भित्र सबै स्थानीय तहले जिल्ला समन्वय समितिमा पठाउने ।

**मिति २०८०।१०।१४ गतेका दिन सैनामैना नगरपालिकामा सम्पन्न बाह्रौं बैठकका निर्णयहरु:**

१. हालसम्म सम्पन्न घुम्ती बैठकका निर्णयहरु कार्यान्वयन प्रगतिको अवस्थाका सम्बन्धमा केही स्थानीय तहको तर्फबाट प्रगति विवरण प्रस्तुत भयो र प्रस्तुत गर्न बाँकी स्थानीय तहहरुले प्रगति विवरण प्रस्तुत गर्दै जाने र कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्दै लैजाने विषयमा छलफल भयो ।

**मिति २०८०/११/१६ गते सम्मरीमाई गाउँपालिकामा सम्पन्न तेह्रौं घुम्ती बैठकले गरेका निर्णयहरु**

१. बाल विवाह मुक्त स्थानीय तह घोषणा तयारी सम्बन्धमा छलफल, सामी परियोजनाद्धारा सुरक्षित वैदेशीक रोजगारका सवालमा स्थानीय तहको भूमिका विषयमा जानकारी प्रस्तुत गर्नुका साथै अन्य समसामयिक विषयमा छलफल भयो ।

२. लागु औषध दुर्व्यसन नियन्त्रण तथा सडक दुर्घटना न्यूनिकरणका विषयमा छलफल गरी सबै स्थानीय तहमा आगामी वार्षिक कार्यक्रममा लागु औषध दुर्व्यसन नियन्त्रण र सडक दुर्घटना न्यूनिकरणका कार्यक्रम समावेश गर्ने ।

३. हालसम्म वारुणयन्त्र व्यवस्थापन नगरेका स्थानीय तहहरुमध्ये दुई वा दुईभन्दा बढी स्थानीय तहहरुको सहभागितामा वारुणयन्त्रको व्यवस्थापन गर्ने ।

मिति २०८०।१२।१४ गते कोटहीमाई गाउँपालिकामा सम्पन्न चौधौं घुम्ती बैठकका निर्णयहरु :

१. घुम्ती बैठकमा स्थानीय तहका समस्या, जनप्रतिनीधिको क्षमता विकास, दैनिक प्रशासनिक कार्य र ऐन, कानूनको प्रभावकारी कार्यान्वयन लगायतका विविध विषयमा प्रत्येक महिना

एजेन्डा तयार गरी पेश गर्न तपसील बमोजिमका सदस्यहरु रहने एक समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री उमाकान्त चपाई | प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| श्री फणेन्द प्रसाद शर्मा | प्रमुख, सैनामैना नगरपालिका | सदस्य |
| श्री सुरेन्द्र पौड्याल | अध्यक्ष, गैडहवा गाउँपालिका | सदस्य |
| श्री विद्यालक्ष्मी गुरुङ्ग | उपप्रमुख, देवदह नगरपालिका | सदस्य |
| श्री जनक थापा | प्र.प्र.अ सिद्धार्थनगर नगरपालिका | सदस्य |
| प्रतिनिधी | जिल्ला प्रशासन कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य सचिव |

२. स्थानीय तहहरुमा संचालित बिभिन्न किसिमका पसलहरुमा म्याद नाघेका, लेवलिङ नभएका, सम्बन्धित निकायकमा दर्ता र अनुमती नलिई संचालनमा रहेका पसलहरुमा सबै स्थानीय तहहरुले आ-आफ्नो कार्यक्षेत्रभित्र नियमित रुपमा अनुगमनको व्यवस्था मिलाउने।

३. रुपन्देही जिल्लाका स्थानीय तहहरु र जिल्ला समन्वय समितिबीचमा हुँदै आएको घुम्ती बैठकमा सम्बन्धित जनप्रतिनिधी र पदाधिकारीहरुको उपस्थिति  घट्दो क्रममा रहेकोले अबका बैठकहरुमा सबै न.पा प्रमुख, उपप्रमुख, गा.पा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरु अनिवार्य उपस्थित हुने।

४. घुम्ती बैठकको संचालन जिल्ला समन्वय अधिकारीबाट हुँदै आएकोमा यसपछीका बैठकहरु सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारीबाट संचालन गर्ने।

**मिति २०८१।०१।१० गते मर्चवारी गाउँपालिकामा बसेको पन्ध्रौं घुम्ती बैठकका निर्णयहरु :**

१. रुपन्देही जिल्लामा छाडा चौपाया व्यवस्थापन एक साझा समस्याको रुपमा रहेको र बर्दिया जिल्लामा छाडा चौपाया व्यवस्थापनको उदाहरणीय कार्य भएको भन्ने जानकारी प्राप्त भएको

हुँदा वर्दिया जिल्लामा भएको छाडा चौपाया व्यवस्थापन कार्यको अध्ययनका लागि प्रत्येक स्थानीय तहहरु र सरोकारवाला निकायहरुको समेत सहभागिता हुने गरी समूह बनाई मिति २०८१ वैशाख २७ गते अध्ययन भ्रमणको लागी बर्दिया जाने।

२. प्रत्येक स्थानीय तहहरुमा महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि तयार भएको दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को १२.५ वमोजिमको कार्ययोजना कार्यान्वयन स्थानीय समितिका साथै ११.५ बमोजिमको पिडित तथा प्रभावित महिला तथा बालवालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमितिबारे जानकारी गराउदै उल्लेखित समिति तथा उपसमिति २०८१ वैशाख मसान्तसम्म गठन गरी सोको जानकारी जिल्ला निर्देशक समिति (जिल्ला समन्वय समिति)मा पठाउने।

३. स्थानीय तहले आगामी आ.व. को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तह एक्लै वा दुई वा दुई भन्दा बढी स्थानीय तह मिलि कम्तिमा एउटा वारुणयन्त्र खरिदको कार्यक्रम समावेश गर्ने।

४. २०८१ जेठ ९ गते संघ तथा प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने मन्त्री, प्रतिनिधी सभा सदस्य तथा प्रदेश सभा सदस्यहरुको उपस्थिती र स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको सहभागितामा जिल्लाका स्थानीय तहबाट चालु आ.व. को नौ महिनाको अवधिमा भए गरेका कार्यहरुको समिक्षाका साथै स्थानीय तहका एकल तथा सामूहिक समस्या तथा योजनाका सम्बन्धमा छलफल गर्नेगरी समिक्षा कार्यक्रम आयोजना गर्ने।

## मिति २०८१।०४।१८ गते बुटवल उपमहानगरपालिकामा बसेको सोह्रौं घुम्ती बैठकका निर्णयहरु

१. रुपन्देही जिल्लामा खेतीयोग्य जमिनको अनुपातमा रासायनिक मलको आपूर्ति न्यून रहेको र उपलब्ध मलको वितरण व्यवस्थित हुन नसकेको भन्ने जनगुनासो हुने गरेको सन्दर्भमा जिल्लामा रहेको खेतीयोग्य जमिनको यथार्थ विवरण संकलन गर्न र रासायनिक मल लगायत

विभिन्न तहका सरकारहरुबाट उपलब्ध हुने सेवा र अनुदानलाई व्यवस्थित, पारदर्शी र लाभग्राही मैत्री बनाउन किसानकार्ड एक महत्वपूर्ण उपकरण हुनसक्ने र केही स्थानीय तहहरुले आ-आफ्ना ढाँचामा किसान कार्डको व्यवस्था गरेको भएतापनि जिल्लाका सबै स्थानीय तहहरुमा एउटै प्रकार (ढाँचा) को किसान कार्ड बनाइ लागू गर्न किसान कार्डमा एकरुपता कायम गर्नका लागि किसान कार्डको नमूना तयार गर्न तपसील बमोजिमको समिति गठन गर्ने र सो समितिले २०८१ श्रावण मसान्तभित्र कार्डको नमूना तयार गरी जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्ने ।

| | |
|---|---|
| प्रमुख | भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, रुपन्देही |
| प्रमुख | कृषि ज्ञान केन्द्र, रुपन्देही |
| पशुपंक्षी विकास शाखा प्रमुख | बुटवल उपमहानगरपालिका |
| कृषि शाखा प्रमुख | सिद्धार्थनगर नगरपालिका, रुपन्देही । |
| कृषि शाखा प्रमुख | लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही |
| कृषि विकास शाखा प्रमुख | सम्मरीमाई गाउँपालिका, रुपन्देही |
| प्राविधिक सहायक, कृषि शाखा | शुद्धोधन गाउँपालिका, रुपन्देही |

२. रुपन्देही जिल्ला भित्र ढुङ्गा, गिट्टी, वालुवा, माटो, गोबर आदी ओसारपसार गर्दा ढाकेर मात्र गर्न दिने र सो नगरेमा के कति कारवाही गर्न उपयुक्त हुने भन्ने सम्बन्धमा प्रत्येक स्थानीय तहले आ-आफ्नो धारणा लिखित रुपमा अर्को घुम्ती बैठकमा पेश गर्ने ।

३. नदीजन्य पदार्थ उत्खनन् एवं संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ७८७४ मिति २०८१।०३।३१ को पत्रमा उल्लेख भएको सुझाव सबै स्थानीय तहहरुले कार्यान्वयन गर्ने र आ-आफ्नो स्थानीय तहभित्रका क्रसर उद्योग तथा अन्य स्थानमा घाटगद्दीमा रहेका नदीजन्य पदार्थको विवरण २०८१ श्रावण मसान्तभित्र जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने ।

<u>मिति २०८१।०५।११ गते ओमसतिया गाउँपालिकामा सम्पन्न सत्रौं घुम्ती बैठकका निर्णयहरु :</u>

१. जिल्लाका सबै स्थानीय तहहरुमा एकै प्रकार (ढाँचा) को किसान सेवा कार्ड बनाइ लागू गरी किसान कार्डमा एकरुपता कायम गर्नका लागि किसान सेवा कार्डको नमूना तयार गर्न गठीत समितिले पेश गरेको किसान कार्डको नमुनामा आएका सुझावहरु मिति २०८१।०५।१९ सम्ममा थप गरी सबै स्थानीय तहहरुले २०८१ माघ १ गते देखि अनिवार्य रुपमा कार्यपालिका बैठकबाट पारीत गरी संचालनमा ल्याउने ।

१. स्थानीय तहहरुबाट आ.व. २०८१/८२ को सभा सम्पन्न भई बजेट पारित भैसकेको अवस्थामा प्रत्येक स्थानीय तहहरुले स्वीकृत योजनाहरुको पूर्ण कार्यान्वयनका लागि कार्ययोजना बनाई लागू गर्ने र सो को लागी तपसील बमोजिम कार्यतालिका बनाईयोजना कार्यान्वयन गर्ने ।

क. कार्तिक मसान्तसम्म उपभोक्ता समिति गठन गरी तालिम प्रदान गरिसक्ने,

ख. मंसिर १५ गतेसम्म लागत अनुमान तयार गरिसक्ने, साथै उक्त लागत अनुमान नेपाली भाषामा तयार गर्ने,

ग. पौष मसान्तसम्म योजना सम्झौता गरिसक्ने,

घ. बैशाख मसान्तसम्म योजना सम्पन्न गर्ने ।

२. गृह मन्त्रालयसँगको कार्यसम्पादन सम्झौता अनुसार जिल्ला प्रशासन कार्यालय, रुपन्देही कार्यसम्पादनमा देशभरका जिल्ला प्रशासन कार्यालय मध्ये प्रथम स्थान हासिल गर्न सफल भएकोमा प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याल र समग्र जिल्ला प्रशासन कार्यालय प्रति हार्दिक आभार व्यक्त गर्दै बधाई ज्ञापन गरियो साथै आगामी बर्षहरुमा समेत कार्यसम्पादन उत्कृष्ट रहोस भनी शुभकामना व्यक्त गरियो।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा तिलोत्तमा नगरपालिका नेपालभरका स्थानीय तहमध्ये दोस्रो स्थान र लुम्बिनी प्रदेशभरमा प्रथम स्थान हासिल गर्न सफल भएकोमा तिलोत्तमा नगरपालिका प्रति हार्दिक आभार व्यक्त गर्दै बधाई ज्ञापन गरियो ।साथै आगामी बर्षहरुमा समेत सफलता प्राप्त होस भनी शुभकामना व्यक्त गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा बुटवल उपमहानगरपालिका लुम्बिनी प्रदेशभरमा दोस्रो स्थान हासिल गर्न सफल भएकोले हार्दिक आभार व्यक्त गर्दै बधाई ज्ञापन गरियो ।साथै आगामी बर्षहरुमा समेत सफलता प्राप्त होस भनी शुभकामना व्यक्त गरियो ।

## मिति २०८१।०६।१० गते रोहिणी गाउँपालिकामा बसेको अठारौं घुम्ती बैठकका निर्णयहरु :

१. रुपन्देही जिल्लाका स्थानीय तहहरुले आ आफ्नो स्थानीय शिक्षा ऐन बनाई कार्यान्वयनमा ल्याएको र स्थानीय तह अनुसार कानून बनाई लागू गर्दा जिल्लाका बिद्यालयहरुमा एकरुपता कायम हुन नसकेको हुँदा जिल्लाभर एकै प्रकृतिको स्थानीय शिक्षा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउन स्थानीय शिक्षा ऐनको मस्यौदा बनाई पेश गर्न जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख श्री उमाकान्त चपाईज्यूको संयोजकत्वमा तपसील बमोजिमका सदस्यहरु रहनेगरी समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| श्री उमाकान्त चपाई | प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| श्री रामकृष्ण खाँण | प्रमुख, तिलोत्तमा नगरपालिका | सदस्य |
| श्री नवराज ढकाल | अध्यक्ष, कन्चन गाउँपालिका | सदस्य |
| श्री विद्यालक्ष्मी गुरुङ्ग | उपप्रमुख, देवदह नगरपालिका | सदस्य |
| श्री सुनिता चौधरी | उपाध्यक्ष, ओमसतिया गाउँपालिका | सदस्य |

| | | |
|---|---|---|
| श्री नारायण प्रसाद लामिछाने | शिक्षा तथा खेलकुद शाखा प्रमुख मायादेवी गा.पा. | सदस्य |
| श्री मधु प्रसाद घिमिरे | शिक्षा तथा खेलकुद शाखा प्रमुख, रोहिणी गा.पा. | सदस्य |
| श्री प्रतिनिधि, शिक्षक महासंघ | २ जना | सदस्य |
| श्री प्रतिनिधि, प्याब्सन | १ जना | सदस्य |
| श्री प्रतिनिधि, एनप्याब्सन | १ जना | सदस्य |
| श्री अधिकृत प्रतिनिधी | शिक्षा विकास तथा समन्वय इकाई | सदस्य |
| श्री प्रतिनिधि, अभिभावक महासंघ | १ जना | सदस्य |
| श्री माधव प्रसाद बन्जाडे | प्रमुख,शिक्षा विकास तथा समन्वय इकाई | सदस्य सचिव |

२. आउदै गरेको बडादशैं, तिहार, छठ लगायतका चाडपर्वहरुमा उपभोक्ताहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामानहरु सहज र सुपथ मुल्यमा उपलब्ध गराउन रुपन्देही जिल्लाका सबै स्थानीय तहहरुले बजार अनुगमनलाई तिब्रता दिने।

३. आउदै गरेको बडादशैं, तिहार, छठ लगायतका चाडपर्वहरुमा यात्रुहरुको आवतजावतलाई सहज बनाउनको लागि अग्रिम टिकटको व्यवस्था, सवारी साधनको क्षमता भन्दा बढी यात्रु नराख्ने व्यवस्था लगायतका कार्यहरुको लागि बुटवल उपमहानगरपालिका, सिद्धार्थनगर नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका लगायतका स्थानीय तहले आ आफ्नो क्षेत्रमा पर्ने बसपार्कहरुमा बिशेष निगरानीका साथ अनुगमन गरी सहजिकरण गर्ने।

मिति २०८१।०७।११ गते शुद्धोधन गाउँपालिकामा सम्पन्न १९ औं घुम्ती बैठकका निर्णयहरु :

१. रुपन्देही जिल्लाका स्थानीय तहहरुमा बसोबास गर्ने व्यक्तिहरुले भोगचलन गर्दै आएका तर हालसम्म पनि जग्गाधनी पूर्जा र नापनक्सा नभएका गाउँ ब्लक, उखडा, बिटौरी, कोदाले, नदी उकास र गौचरन लगायत अन्य यस्तै प्रकृतिका जग्गाहरुको लगत संकलन सम्बन्धित स्थानीय तहहरुले २०८१ पौष मसान्तभित्र सम्पन्न गरी जिल्ला समन्वय समिति, रुपन्देहीमा पठाउने ।

मिति २०८१।०८।१० मा तिलोत्तमा नगरपालिकामा सम्पन्न २० औं घुम्ती बैठकका निर्णयहरु :

१. रुपन्देही जिल्लाका स्थानीय तहहरुबाट आ.व. २०८१/८२ को श्रावण-कात्तिक महिनासम्ममा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण प्रस्तुत गर्नेगरी प्रस्ताव भएकोमा बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, सैनामैना नगरपालिका, कन्चन गाउँपालिका, सियारी गाउँपालिका, शुद्धोधन गाउँपालिका र मर्चवारी गाउँपालिका गरी जम्मा ७ वटा स्थानीय तहहरुको प्रस्तुत तथा छलफल भयो साथै बाँकी ९ वटा स्थानीय तहहरुले आगामी घुम्ती बैठकमा प्रस्तुत गर्ने।

मिति २०८१।०९।१४ मा देवदह नगरपालिकामा सम्पन्न २१ औं घुम्ती बैठकका निर्णयहरु :

१. गत घुम्ति बैठकमा प्रथम चौमासिक (श्रावण कात्तिक) अवधीमा सम्पादन गरेका कार्यहरुको प्रगति प्रस्तुत गर्न बाँकी स्थानीय तहहरुमध्ये देवदह नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका, ओमसतिया गाउँपालिका, सम्मरीमाई गाउँपालिका र कोटहीमाई गाउँपालिकाको प्रगति प्रस्तुत तथा छलफल भयो साथै बाँकी रहेका सिद्धार्थनगर नगरपालिका, गैडहवा गाउँपालिका, रोहिणी गाउँपालिका र मायादेवी गाउँपालिकाले आगामी घुम्ति बैठकमा प्रस्तुत गर्ने।

२. रुपन्देही जिल्लामा सञ्चालित इ-रिक्साका अन्तर स्थानीय तहबीच व्यवस्थापनमा देखिएका समस्या सम्बन्धित स्थानीय तहहरुले आपसी सहमती/ समझदारीमा समाधान गर्ने साथै भाडादर कायम नभएको भए सो भाडादर समेत कायम गर्ने ।

२. स्थानीय तहहरुमा ट्र्याक्टरको ढुवानी तथा जोताइ दरमा एकै स्थानीय तहभित्र पनि पहुँचका भरमा फरक फरक दररेटमा काम हुने गरेको गुनासो आएको र अनुगमनका क्रममा समेत उक्त कुरा देखिएकोले सबै स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र सरोकारवाला पक्षसँग समन्वय गरी भाडादर कायम गर्ने र जिल्ला समन्वय समितिमा माघको पहिलो हप्ताभित्र जानकारी गराउने ।

३. नदीजन्य पदार्थको अबैध उत्खनन्लाई नियन्त्रण गर्ने  साथै ठेक्का लगाउने कार्यलाई प्राथमिकता दिई यथासक्य ठेक्का प्रक्रियालाई अगाडी बढाउने ।

४. जिल्लाभित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा निर्माण सामाग्री ढुङ्गा, वालुवा, माटो बिक्रि तथा ढुवानी कार्य गर्दा सम्बन्धित स्थानीय तहको कार्यविधी बमोजिम समन्वय गरी ल्याउन लैजान अवरोध नहुने गरी कार्य गर्ने ।

५. नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र सैनामैना- चारपाला, रुपन्देहीले वैकल्पिक उपचार विधीबाट मानव स्वास्थ्यमा सुधार ल्याउन सो संस्थालाई पूर्ण क्षमतामा संचालन गर्न सहयोग माग गरेको सन्दर्भमा यस जिल्लाका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख/ अध्यक्ष, उपाध्यक्षहरुको उपस्थितिमा सो संस्थाको कार्यालय सैनामैनामा मिति २०८१।०९।२२ गते सोमबार बिहान ८ बजे बैठक बस्ने ।

<u>मिति २०८१।१०।१० मा कन्चन गाउँपालिकामा सम्पन्न २२ औं घुम्ती बैठकका निर्णयहरु</u> :

१. आजको बैठकमा बुटवल उ.म.न.पा, सिद्धार्थनगर न.पा, सैनामैना न.पा. लुम्बिनी साँस्कृतिक न.पा र गाउँपालिका मध्ये कन्चन, मर्चवारी, ओमसतिया, सम्मरीमाई र सियारीले आ-आफ्नो स्थानीय तहमा किसान सेवा कार्ड लागू गर्ने विषय र जग्गाको लगत संकलन सम्बन्धी विषयको हालसम्म आफूले गरेको कार्यको जानकारी गराउनुभयो ।

मिति २०८१।११।११ मा मर्चवारी गाउँपालिकामा सम्पन्न २३ औं घुम्ती बैठकका निर्णयहरु :

१. हालसम्म भएका घुम्ती बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था र कार्यान्वयनमा आइपरेका समस्याहरुका बारेमा छलफल एवं जानकारी आदान प्रदान गर्ने कार्य भयो।

मिति २०८१।१२।१० मा कोटहीमाई गाउँपालिकामा सम्पन्न २४ औं घुम्ती बैठकका निर्णयहरु :

१. रुपन्देही जिल्लाका अधिकांश स्थानीय तहहरुमा नीलगाईले बालीनाली तथा फलफूल खाई क्षति पुर्‍याउने साथै मानिसहरुलाई समेत आक्रमण गरी एक जटील समस्याको रुपमा देखिएको यस समस्याको समाधानका लागि लुम्बिनी प्रदेश सरकार र संघ सरकारलाई समेत जानकारी गराई उक्त समस्या समाधानका लागि पहल गर्न अनुरोध गर्ने ।

२. नेपाल नगरपालिका संघको २३ औं स्थापना दिवसको अवसरमा देशभरका कुल २९३ नगरपालिकाहरु मध्येबाट यस जिल्लाको सिद्धार्थनगर नगरपालिका शहरी योजना पूर्वाधार विकास र विपद व्यवस्थापनतर्फ सर्वोत्कृष्ट हुन सफल भएकोमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिका लगायत सम्पूर्ण जनप्रतिनिधी र कर्मचारीहरूमा हार्दिक बधाई एवं आगामी दिनहरुमा पनि यस्तै सफलताको शुभकामना व्यक्त गर्दछौं।

३. कोरिया नेपाल बहुप्राविधिक शिक्षालयको महत्व र उद्देश्यबारे जानकारी लिन र शिक्षालयको दिगो संचालनका लागि २०८१।१२।२८ गते दिउसो १ बजे सबै स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुलाई अनिवार्य उपस्थित हुन अनुरोध गर्ने।

४. रुपन्देही जिल्लाका दक्षिणी क्षेत्रमा रहेका स्थानीय तहहरुको आन्तरीक आम्दानीको स्रोत कम रहेको र आगलागीजन्य विपद्को समस्या रहेको हुँदा सोको निराकरणका लागि आवश्यक प्रदेश सरकारको संसदीय बजेटबाट दमकल खरिदका लागि बजेट विनियोजन भईसकेकोले यथाशक्य छिटो दमकल खरिद गरी सहयोग गरिदिनुहुन अनुरोध गर्ने।

मिति २०८२।०१।१० मा मायादेवी गाउँपालिकामा सम्पन्न २५ औं घुम्ती बैठकका निर्णयहरु :

१. हालसम्म जिल्लामा भएका समसायिक विषयका सम्बन्धमा छलफल गर्दै २०८२ जेठ र असार महिनामा बिकास निर्माणका कामहरु र बजेट निर्माणका काममा लाग्नुपर्ने भएकोले आगामी घुम्ती बैठक मिति २०८२ श्रावन १० गते गैडहवा गाउँपालिकामा गर्ने निर्णय भएको।

## ५. रुपन्देही जिल्लामा रहेका कार्यालय हरुको नाम र सम्पर्क नम्बर

### ५.१ भैरहवा स्थित रहेका कार्यालयहरुको टेलिफोन नं.हरु

| क्र.सं. | कार्यालयको नाम | टेलिफोन नं. | मोलाईल नं. |
|---|---|---|---|
| १ | अध्यागमन कार्यालय, वेलहिया<br>immibelahiya123@gmaill.com | ४१८०२० | ९८५७०६३९९१ |
| २ | अध्यागमन कार्यालय गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, | ५९७०४४ | ९८५७०११८६६ |
| ३ | आन्तरिक राजश्व कार्यालय, भैरहवा<br>iro24@iro.gov.np | ५७०८५७ | ९८५७०१७८५७ |
| ४ | ईलाका प्रशासन कार्यालय, मझगवां<br>**aaomaghagawa@gmail.com** | | ९८५७०२९३३६ |
| ५ | ईलाका प्रशासन कार्यालय, शुद्धोधन<br>aaomanpakadi2023@gmail.com | | ९८५७०७९९९३ |
| ६ | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, भैरहवाiccwdp@gmail.com | | ९८४१९८०६७६ |
| ७ | कोष तथा लेखा नियन्त्रण कार्यालय **dtcorupandehi@gmail.com** | | ९८५७०१६६९१ |
| ८ | कृषि ज्ञानकेन्द्र, भैरहवा,<br>akcrupandehi@gmail.com | | ९८५७०५२९२८ |
| ९ | क्वारेण्टाईन कार्यालय एवं विषादी व्यवस्थापन केन्द्र<br>yadavganesh522@gmail.com<br>plantquarantinebhw@gmail.com | | ९८५७०१६३७१ |
| १० | खाद्य प्रविधि गुण नियन्त्रण कार्यालय<br>rftqcobhw@wlink.com.np | ५२०१५७ | ९८५७०१५१५७ |
| ११ | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बेलहिया | | ९८५७०१७७०८ |
| १२ | गौतमबुद्ध विमानस्थल सुदृढिकरण आयोजना<br>adhprabesh@gmail.com<br>gbaucbhw@gmail.com | ५२७१३० | ९८५१०६७७१० |

| | | | |
|---|---|---|---|
| १३ | गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय | | ९८५७०५२३८३ |
| १४ | गौतमबुद्ध अन्तराष्ट्रिय विमान स्थल, भैरहवा<br>gbairport@gmail.com | | ९८४९५६६०७१ |
| १५ | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, भैरहवा | | ९८४९१७६११६ |
| १६ | गौतमबुद्ध  अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय<br>gb_admin@nepalpolice.gov.np<br>airportpolicebhw@gmail.com | | ९८५७०१८१६६ |
| १७ | घरेलु तथा साना उद्योग कार्यालय, भैरहवा<br>csiobhw@gmail.com | ५२०२०४ | ९८५७०६६६३९ |
| १८ | जल तथा मौसन विज्ञान कार्यालय, भैरहवा<br>ohmbhairahawa@gmail.com | ५०६१६३ | ९८४१२७९६७२ |
| १९ | जलस्रोत तथा सिंचाई विकास डिभिजन, रुपन्देही<br>widd06.rupandehi@gmail.com<br>widd6.rupandehi@gmail.com | ५२६५०९ | ९८५७०१५२०१ |
| २० | जिल्ला कारागार कार्यालय, भैरहवा<br>karagarrpandehi@ gmail.com | | ९८५७०७०७७७ |
| २१ | जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>daorupandehi@gmail.com | ५७०१५९ | ९८५७०७७७७७<br>९८५७०१८७७७<br>९८५७०३५१११ |
| २२ | जिल्ला अदालत भैरहवा<br>**rupandehidistrictcourt@gmail.com** | ५२०२९९ | |
| २३ | जिल्ला सरकारी वकिल कार्यालय, भैरहवा<br>rupdistattorney@gmail.com | ५७०२४४ | ९८५७०१७९२२ |
| २४ | जिल्ला निर्वाचन कार्यालय, भैरहवा<br>ec.deo.rupandehi@gmail.com | ५७३७१२ | ९८५७०७३७१२ |
| २५ | जिल्ला हुलाक कार्यालय, भैरहवा, रुपन्देही<br>**dporup.32900@gmail.com** | ५२०१६९ | ९८४१६०२६३१<br>९८५७०५२४६१ |
| २६ | जिल्ला समन्वय समिति, रुपन्देही<br>rupandehiddc@gmail.com | ५७१४२३ | ९८५७०७७२२२<br>९८५७०४९८४४ |

| | | | |
|---|---|---|---|
| २७ | डिभिजन वन कार्यालय<br>dforupandehi@gmail.com | ५७०२२२ | ९८५७०१५१०९ |
| २८ | तथ्याङ्क समन्वय कार्यालय<br>**scorupandehi@gmail.com** | | ९८५७०५१७६१ |
| २९ | नागरिक उड्ययन कार्यालय भैरहवा<br>gbairportoffice@gmail.com | | ९७६८३७९०५४ |
| ३० | नापी कार्यालय, भैरहवा<br>**surveyofficerupandehi@gmail.com** | | ९८५७०४५७३९ |
| ३१ | नापी कार्यालय, मझगवां | | ९८४३६९९५५४ |
| ३२ | नेपाल पारवहन तथा गोदाम व्यवस्थापन लि.भैरहवा | | ९८४८७४३५१२ |
| ३३ | पर्यटन डिभिजन कार्यालय, भैरहवा<br>Tourismrupandehi@gmail.com | | ९८५७०४९६०६ |
| ३४ | पशु क्वारेन्टाईन कार्यालय, भैरहवा<br>aqobhairahawa@gmail.com | ५२०३०६ | ९८५७०१७८५२ |
| ३५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई मत्स्य सुपर (जोन)<br>pmamp.piu.rupandehi@gmail.com | ५२७००६<br>५२०९१७ | ९८५७०१६९१७ |
| ३६ | बाल सुधार गृह, भैरहवा, रुपन्देही<br>wcorupandehi@gmail.com | ५२२१९९ | ९८४८८७५३६६<br>९८५७०५२६७५ |
| ३७ | बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा<br>banijya rupandehi@gmaill.com | ५२०२८६ | ९८५७०८२१३८ |
| ३८ | विशेष आर्थिक क्षेत्र सेज, भैरहवा<br>sezd6938@gmail.com | | ९८६९४२३५२७ |
| ३९ | बीउ बिजन प्रयोगशाला भैरहवा<br>**bhairahawaseedlab@gmail.com** | ४२१०२० | ९८५७०११२५५ |
| ४० | भिम अस्पताल, भैरहवा<br>admin.bhimhospital@lumbini.gov.no<br>account.bhimhospital@lumbini.gov.np | | ९८५७०१७५९६ |

| | | | |
|---|---|---|---|
| ४१ | भैरहवा भन्सार कार्यालय<br>**bhairahawa@customs.gov.np**<br>**bhwcus@ntc.net.np** | ४१८००३ | ९८५७०२९५५५<br>९८४५१००००० |
| ४२ | भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र भैरहवा, रुपन्देही ।<br>vethosrupandehi@gmaill.com | ५७०२०६ | ९८५७०२४१०९ |
| ४३ | भैरहवा लुम्बिनी भूमिगत जल सिचाई व्यवस्थापन कार्यालय<br>blgwimd@hotmail.com | ५२०२८३<br>५२०८९२ | ९८५७०१४०२८<br>९८५७०२२८५५ |
| ४४ | मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन स्रोत केन्द्र<br>fdcbhairahawa@yahoo.com | ४२६१४८<br>४२९३१६ | ९८५७०२४३१६ |
| ४५ | मालपोत कार्यालय, भैरहवा<br>rupandehi@dolma.gov.np | | ९८५६०६९२५५ |
| ४६ | मालपोत कार्यालय, मझगवाँ<br>majhgawalro@gmail.com | | ९८५७०२३४७८ |
| ४७ | यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा<br>pmfo.bhairahawa2071@ gmail.com | | ९८५७०१७३४४ |
| ४८ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई कार्यालय, भैरहवा<br>butwalChure@gmail.com | | ९८५७०७३११६ |
| ४९ | स्वास्थ्य कार्यालय, रुपन्देही<br>dphorupandehi@gmail.com | ५२०२६० | ९८५७०११२०० |
| ५० | सामाजिक विकास डिभिजन कार्यालय, भै.<br>sddo.rupandehi@gmail.com | | ९८५७०३७९५५ |
| ५१ | सघन सहरी तथा भवन निर्माण आयोजना, रुपन्देही<br>fpiu.rupandehi@gmail.com | ५२१२०२ | ९८५७०१७८३० |
| ५२ | शिक्षा विकास समन्वय ईकाई कार्यालय, रुपन्देहीdeorupandehi@gmail.com | ५२४४७७<br>५२०२०२ | ९८५७०१७२१२ |
| ५३ | शिक्षा तालिम केन्द्र भैरहवा<br>etcrupandehi@gmail.com | ५७३०९३ | ९८५७०१७१८४ |

| | | | |
|---|---|---|---|
| ५४ | शहरी विकास तथा भवन कार्यालय udbcrupandehi.prs@gmail.com | | ९८५७०१४८१८ |
| ५५ | भूमी आयोगको अध्यक्ष, रुपन्देही | | ९८५७०२०२९३ |

## ५.२ बुटवल अन्तरगत रहेका सरकारी कार्यालयहरु

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क नं. | मोवाईल नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय, बुटवल **ciaa.mahashakha3@gmail.com** | ५४००३१ | ९८५७०७३०३१ |
| २. | आन्तरिक राजश्व कार्यालय, वुटवल iro33@ird.gov.np | | ९८५७०७७६५५ |
| ३. | ईलाका प्रशासन कार्यालय बुटवल **aaobutwal1@gmail.com** | ५४१००७ | ९८५७०३३३३३ |
| ४. | उच्च अदालत तुल्सीपुर बुटवल courtbutwal@gmail.com info.hcibutwal@supremcourt.gov.np | ५४०११० | |
| ५. | उच्च सरकारी वकिल कार्यालय, बुटवल app.attorney.butwal@gmail.com Ngao.butwal.gov.np | ५३०१४१/ ५३०१४२ | |
| ६. | कम्पनि रजिष्टारको कार्यालय, बुटवल | | ९८५७०४४०५ |
| ७. | खानेपानी तथा सरसफाई स.डि.का.योगीकुटी dwso.rupandehi@gmail.com | ४३७३११ ४३७३१२ | ९८५७०८७३११ |
| ८. | ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIF-AF) बु. rcipaflb@gmail.com | | ९८४८०२१९२७ ९८५७०७७२४३ |

| | | | |
|---|---|---|---|
| ९. | ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक कोरिडोर कार्यालय, बुटवल **Reedecobutwal45@gmail.com** | ४२२०१७ | ९८५१३३४४९७ |
| १०. | जनताको तटबन्ध फिल्ड कार्यक्रम कार्यालय, वुटवल pep5bdwidp@gmail.com | ४३८५१० ४३८५२७ | ९८५७०५९७६३ |
| ११. | तथ्याङ्क समन्वय कार्यालय, बुटवल **scorupandehi@gmail.com** | | ९८५७०५४७६१ |
| १२. | नापी कार्यालय, बुटवल butwal@dos.gov.np | ५४६२०७ | ९८५७०७५२५१ |
| १३. | प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | | ९८५७०४४००८ |
| १४. | प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, लुम्बिनी प्रदेश, वुटवल hsebbutwal@gmail.com | ५४३१९८ | ९८५७०३६३६६ |
| १५. | बुटवल सभाहल तथा प्रदर्शनी निर्माण कार्यान्वयन ईकाइ, बुटवल **butwalciul@gmail.com** | | ९८५७०५३३७७ |
| १६. | विषादी अबशेष द्रुत विश्लेषण प्रयोगशाला ईकाइ, बुटवल | ५३०३५३ | |
| १७. | व्यवसायीक तथा सीप विकास तालिम विकास तालिम प्रतिष्ठान, बुटवल **shipbutwal@gmaill.com** | ५४०१३८ | ९८४१४०७६२३ ९८५११२९३४९ |
| १८. | भूमिगत जलश्रोत तथा सिचाई  विकास डिभिजन कार्यालय, बुटवल gwrdb.butwal@gmail.com | ५४०७१२ ५४०११८ | ९८५७०५७४४८ |
| १९. | मालपोत कार्यालय, वुटवल **lrobutwal@gmail.com** | | ९८५७०३९२०७ |

| | | | |
|---|---|---|---|
| २०. | मोतिपुर औधोगिक क्षेत्र आयोजना बुटवल<br>Prakash_adhikari7724@yahoo.com | | ९८४३७०२७९२ |
| २१. | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल<br>**Lzhospital@gmaill.com** | ५४२२४८<br>५४१२०० | ९८५७०३५४४४<br>९८५१०५९८७८<br>९८५७०३००७२<br>९८५७०२१३७४ |
| २२. | लुम्बिनी अञ्चल आयुर्वेद औषधालय, बुटवल<br>lahbutwal@gmail.com | ४१०३०८ | ९८५७०७६०२०<br>९८५७०३१४५७ |
| २३. | लोक सेवा आयोग, बुटवल **lumbini@psc.gov.np** | ५४०२०७ | ९८५७०७३२०७ |
| २४. | बाल कल्याण गृह, बुटवल<br>balkalyanbutwal@gmail.com | ६२२२९७ | ९८४७५२०७०० |
| २५. | बुटवल गोरुसिङ्गे चनौटा सडक बिस्तार परियोजना<br>roadprojectbgc@gmail.com | | ९८५११२५०२५ |
| २६. | नारायणघाट बुटवल (बर्दघाट बुटवल) पश्चिम सडक आयोजना | | ९८५११५८०८६ |
| २७. | नेपाल गुणस्तर तथा नापतौल कार्यालय, वुटवल<br>**nbsmbutwal@gmail.com** | ५४०३२२ | ९८५७०८९३३३ |
| २८. | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>**fwssmpbutwal@gmail.com** | | ९८५७०४४५१८ |
| २९. | सडक डिभिजन, बुटवल<br>divisionroad@gmail.com | ५४०७४६ | ९८५७०७११४६ |
| ३०. | सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही<br>idorupandehi@gmail.com | | ९८५७०१७५२४ |

| | | | |
|---|---|---|---|
| ३१. | सवारी चालक अनुमति पत्र कार्यालय, वुटवल bedaryal123@gmaill.com | ५४३५८० | ९८५७०३९५८० |
| ३२. | सवारी परिक्षण कार्याल बेलवास vftcbutwal@gmail.com | | ९८५७०८०७७४ |
| ३३. | साझा स्वास्थ्य सेवा कार्यालय, बुटवल | ५०३२१६ | ९८४९५१४२३८ |
| ३४. | सोह्र छत्तिस संयूक्त सिंचाई प्रणाली, बुटवल | | ९८४७०२६९७८ |
| ३५. | स्वास्थ्य तालिम केन्द्र, वुटवल **htc@lumbini.gov.np** | ४१५०३१ | ९८५८०५९०५० |
| ३६. | स्वास्थ बिमा वोर्ड, बुटवल | | ९८५८७८५५४६ |
| ३७. | स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश **lidpolum@gmail.com** | ४४५४१९<br>४४५५२६ | ९८४१९८४२०१ |
| ३८. | सिद्धवाव सुरुङ मार्ग आयोजना मणिग्राम, बुटवल Siddhababatunnel79@gmail.com | | ९८४१२५५९२६ |
| ३९. | यातायात व्यवस्था कार्यालय, लु.अ., सवारी बुटवल tmo.lumbini@gmaill.com | ५४६०५९ | ९८५७०५९३५३ |
| ४०. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला योगिकुटी | | ९८४१३०३७४४ |
| ४१. | राजश्व अनुसन्धान कार्यालय, वुटवल dri.butwal@gmail.com | | ९८५७०८४५१३ |
| ४२. | राष्ट्रिय मानव अधिकार आयोग उप.क्षे.का. बुटवल clickajaya@gmail.com nhrcbtl@nhrcnepal.org | ४१०१७५<br>४१०१७६ | ९८५७०४४५५१ |

| | | | |
|---|---|---|---|
| ४३. | सूचना तथा संचार प्राविधिक प्रतिष्ठान Admin.ictp@p5.gov.np | | |
| ४४. | हेवी ईक्विपमेण्ट डिभिजन कार्यालय, hedbutwal@gmail.com | ५४०२५७ | ९८४५०७१८७४ |
| ४५. | श्रम तथा रोजगार कार्यालय, बुटवल butwal@leo.gov.np | ५४१३५१ | ९८५७०८९७१० |
| ४६. | रुपन्देही जिल्ला खेलकुद विकास समिति rupandehikhalkud@gmail.com | | ९८५७०२०८३७ |

## ५.३ रुपन्देही जिल्लाका १६ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरणः

| सि.नं. | स्थानीय तह | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | बुटवल उ.म.न.पा. | प्र.प्र.अ. | ९८५७०७८१११ |
| २ | तिलोत्तमा नगरपालिका | प्र.प्र.अ. | ९८५७०८२१११ |
| ३ | देवदह नगरपालिका | प्र.प्र.अ. | ९८५७०८१११११ |
| ४ | लुम्बिनी सां नं. पा | प्र.प्र.अ. | ९८५७०८३१११ |
| ५ | सिद्धार्थनगर नगरपालिका | प्र.प्र.अ. | ९८५७०७७१११ |
| ६ | सैनामैना नगरपालिका | प्र.प्र.अ. | ९८५७०७९१११ |
| ७ | ओमसतिया गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१७६८३ |
| ८ | कन्चन गाउँपालिका | प्र.प्र.अ. | ९८५७०८८२४६ |
| ९ | कोटहीमाई गाँउपालिका | प्र.प्र.अ. | ९८५७०४९१४४ |
| १० | गैडहवा गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१६१५९ |

| | | | |
|---|---|---|---|
| ११ | मर्चवारी गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१६९९३ |
| १२ | मायादेवी गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१६९३९ |
| १३ | रोहीणी गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१७०९७ |
| १४ | शुद्धोधन गाँउपालिका | प्र.प्र.अ. | ९८५७०८४५७८ |
| १५ | सम्मरीमाई गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१६९५६ |
| १६ | सियारी गाँउपालिका | प्र.प्र.अ. | ९८५७०१६११९ |

## ५.४ जिल्ला स्थित रहेका संस्थानहरुको विवरण

| क्र.सं. | संस्थानहरुको नाम | संस्थानको टेलिफोन नं. | कार्यालय प्रमुखको मो.नं. |
|---|---|---|---|
| १. | कर्मचारी संचयकोष, बुटवल | ५५१५१८/५५१५१९ | ९८४१३५७८१४ |
| २. | कृषि सामग्री कम्पनी लि.भैरहवा<br>bhairahawa@kscl.gov.np | ५२०१४० | ९५७०५२१४० |
| ३. | खानेपानी संस्थान भैरहवा<br>ayay.shan92@gmail.com | ५२०६२८/५२०७३७ | ९८५७०३२३६२ |
| ४ | खानेपानी संस्थान बुटवल<br>mdbanmol@gmail.com | ५४०१७४/५४०७८१ | ९८५७०८८१७४ |
| ५. | खाद्य व्यवस्था तथा व्यापार  कम्पनि लि. प्रदेश | | ९८४११७९७५९ |
| ६. | नागरिक लगानी कोष<br>Cit_butwal@nlk.org.np | ५३४५२१ | ९८०४७३८९१४ |
| ७. | नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय भैरहवा, पडसरी लुम्बिनी प्रदेश<br>Ntc.tobhw@ntc.net.np | | ९८५११०५०२८ |
| ८. | नेपाल टेलिकम भैरहवा<br>ntc.tobhw@ntc.net.np | ५७०१०२/५७०७९९ | ९८५१०५०८६० |

| | | | |
|---|---|---|---|
| ९. | नेपाल विद्युत प्राधिकरण लुम्बिनी प्रदेशिक कार्यालय, बुटवल<br>butwal.ro@nea.org.np | ४३७७३५-४३८५८४ | ९८५७०५८०५५ |
| १०. | नेपाल विद्युत प्राधिकरण बुटवल ग्रिड महाशाखा<br>**butwalgrid@nea.org.np**<br>**butwalgriddivision@gmail.com** | | ९८५७०२१४२८ |
| ११. | नेपाल विद्युत प्राधिकरण, भैरहवा<br>bhairahawa@nea.org.np | ५६०६५४/५२०६५५ | ९८५७०१७५५४ |
| **१२.** | नेपाल खाद्य संस्थान भैरहवा | ५२०११८ | ९८४१७९७५९ |
| १३. | नेपाल आयल निगम, लुम्बिनी प्रादेशिक कार्यालय,भलवाडी<br>nepaloilbhalwari@gmail.com | प्रादेशिक प्रमुख | ९८५७०४४९८३ |
| १४. | नेपाल आयल निगम डिपो, अंचलपुर | ५२२८५७ | |
| १५. | नेपाल बिमा प्राधिकरण, बुटवल<br>**infolp@nia.gov.np** | | ९८५७०७९५०1 |
| १६. | बुटवल औधोगिक क्षेत्र, बुटवल मोतिपुर औधोगिक क्षेत्र परियोजना कार्यालय<br>Prakash_adhikari7724@yahoo.com | ५४०५८५ | ९८४३७०२७९२ |
| १७. | बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना तिलोत्तमा | बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना तिलोत्तमा | |
| १८. | मैनहिया सम्पतिया ३२१ के.भी.प्रशारण लाईन आयजना<br>Butwallumbini132kv@nea.org.np | | ९८५७०६७२७२ |
| १९. | राष्ट्रिय गहुँबाली कार्यक्रम<br>nwrp.bhairahawa@gmaill.com | ५२२१९६ | ९८५७०२३९२६ |
| २०. | राष्ट्रिय विमा कम्पनी<br>bhairahawa@rbcl.gov.np | ५२०४१६ | ९८४७०९०६४६ |

| | | | |
|---|---|---|---|
| २१. | राष्ट्रिय विमा संस्था शाखा कार्यालय बुटवल **info.butwal@rbs.gov.np** | ५४१७८१ | ९८४३३७९८०० |
| २२ | लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवल ddclmss46@gmail.com | ५४१५४३/५४०५४३ | ९८४५३८००७२ |
| २३ | साल्ट ट्रेडिङ कर्पोरेशन लि.भैरहवा zoofhtcbhw@gmail.com | ५२०६२२/५२०१३० | ९८५७०२००८४ |

## ५.५ जिल्ला स्थित रहेका विभिन्न सुरक्षा निकायहरुको नाम, टेलीफोन नं.


| सि.नं. | कार्यालयको नाम | कार्यालयको नम्बर | मोवाईल नं. |
|---|---|---|---|
| १. | ईलाका प्रहरी कार्यालय, बुटवल apobutwal@gmail.com | ५४११००-५४५१०० | ९८५७०९०५५५ |
| २. | कालिभक्ति गण (ई) भैरहवा व्यारेक | | ९८५७०४९८०२ |
| ३. | जिल्ला प्रहरी कार्यालय, भैरहवा dporupandehi_karya@nepalpolice.gov.np | ५२०२००-५२११९९ | ९८५७०७५५५५ |
| ४. | जिल्ला ट्राफिक प्रहरी कार्यालय, भैरहवा dtporupandehi@nepalpolice.gov.np | ५७२८७५ | ९८५७०९०३९० |
| ५. | दंगा नियन्त्रण, प्रहरी गण भैरहवा, लुम्बिनी **danga.acrupandehi@gmail.com** | ५५०५५१-५५०५५२ | ९८५१२८०९१२ |
| ६. | नं. २२ बाहिनी अड्डा, बुटवल, योगीकुटी **bde22@nepalarmy.mail.np** | ५५१४२१-५४६८२२ | ९८५१०३८८९२<br>०७१-४१९२१०<br>०७१-४१९२०९ |
| ७. | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल wrptc_admin@nepalpolice.gov.np लेखा wrptc_account@nepalpolice.gov.np | ४३८५२३-४३७२२३ | ९८५७०९१४४४<br>९८५७०९०४४४ |
| ८. | नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवल wrtpo-butwal@nepalpolice.gov.np | १०३ | ९८५७०९०२९९ |

| | | | |
|---|---|---|---|
| ९. | श्री तारादल गण रामनगर व्यारेक, बुटवल<br>bn-taradal@nepalarmy.mil.np | ५४०१२१-५४०१२० | ९८५५०१५०५१ |
| १०. | सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हेक्वा, रुपन्देही<br>**apfrupandehi.bos@gmail.com** | ५०६२७७<br>का. नं. ९८५१२७२१४४ | ९८५१२७२११५ |
| ११. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, भैरहवा<br>**Nidrupandehi59@gmail.com** | | ९८५७०१७९०४ |
| १२. | मध्येपश्चिम पृतना हेडक्वाटर | | ९७६१०४३२९३ |
| १३. | नेपाल प्रहरी प्रदेश कार्यालय, लुम्बिनी<br>**zpolkarya@nepalpolice.gov.np**<br>**zpobhw@yahoo.com** | ५७०१११ | ९८५७०९४४४४ |
| १४. | राष्ट्रिय अनुसन्धान लु.प्रदेश कार्यालय प्रमुख | | ९८४२५९७१९८ |

## ६. रुपन्देही जिल्लामा रहेका १६ वटा स्थानीय तहको संक्षिप्त विवरण :-

### १. बुटवल उप-महानगरपालिका

नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार बुटवल उपमहानगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लाका १६ स्थानीय तहहरू मध्ये एक पर्दछ। बुटवल उपमहानगरपालिका भौगोलिक हिसाबले ८३° २१' ३९.२" देखि ८३° ३०' २.५४" पूर्वी देशान्तरसम्म २७° ३६' ५५.७" देखि २७° ४४' ५५.१०" उत्तरी अक्षांशसम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित होचो भू-भागदेखि पहाडी क्षेत्रमा अवस्थित छ। यो उपमहानगरपालिका समुद्री सतहवाट ११५ मिटर देखि १०५८ मिटरको उचाईमा रहेको छ। १०३.७७ वर्ग कि. मी. क्षेत्रफल रहेको यस बुटवल उपमहानगरपालिकाको पूर्वमा देवदह नगरपालिका, पश्चिममा सैनामैना नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको तिनाउ गाँउपालिका तथा दक्षिणमा तिलोत्तमा नगरपालिका र सुद्धोधन गाँउपालिका पर्दछन्। तराई क्षेत्रमा पर्ने यस उपमहानगरपालिकाको केही भागमा खेतीयोग्य उर्वर जमीनले ओगटेको भए पनि अधिकांश भाग आवास क्षेत्रले ओगटेको छ। जल, जंगल, जमीन, जनावर र जडीबुटीको कमि नभएको यस उपमहानगरपालिकामा सानाठूला गरी धेरै खोला र खोल्साहरू रहेका छन्।




**बुटवल उप-महानगरपालिकाको नक्सा**

## ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण

बुटवल उपमहानगरपालिकाको नामाकरण यहाँको ऐतिहासिक तथा व्यापारिक केन्द्र बुटबल बजारको नामबाट गरिएको हो । हालको बुटवल बजारलाई पहिले बटौली भनिन्थ्यो । बटौली प्राचीनकालदेखि" नै पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, बाग्लुंग लगायतका पहाडका जिल्लाका उत्पादन तथा तराईको उत्पादन खरिद बिक्री गरिने महत्वपूर्ण बजार थियो । इतिहासका पाना अझै पल्टाउदै जांदा इ.पू. ५८१-४६१ मा कपिलबस्तुमा राजा शुद्धोधनले राज्य गर्थे । उनकै सुपुत्र सिद्धार्थ गौतम पछि बौद्ध धर्मका प्रवर्तक बने । उतिवेलै हालको वुटवल शाक्य गणतन्त्रको कपिलवस्तु राज्यको एक महत्वपूर्ण हिस्साको रूपमा रहेको अनुमान गर्न सकिन्छ । शाक्य बंशपछि भारतमा मुगलले आक्रमण गरेपछि भागेका नुथा रायसेनले सेन राज्य स्थापना गरी पाल्पा राज्यको महत्वपूर्ण अंशको रुपमा बटौली बजारको विकास गरेका थिए ।

नेपाल एकीकरणको अभियानका क्रममा वि.सं. १८६१ जेठ २० गते गोखांली सेनाले श्रीनगरका राजा पृथ्वीपाल सेनको दरबार कब्जा गरेपछि हालको बुटवल पाल्पा राज्य अन्तर्गत पर्दै आएको अवस्थामा नेपाल राज्यमा गाभिन पुग्यो । एकीकरण पश्चात भारतमा शासन गरिरहेको अंग्रेज शासकले किर्ते कागज तथा बगालका नवाबले कर तिर्ने शर्तमा सेन राजाहरूलाई भोग गर्न दिएको जमीन भनेर कुतर्क गरी बुटवलमा एक थाना चौकी राखेर प्रशासन चलाए । तर तत्कालीन प्रधानमन्त्री भिमसेन थापालाई यो कुरा सैहय हुने कुरै भएन । बलभद्र कुंवर लगायतका भारदारहरूले रौतहटका २२ गाउँ अंग्रेजलाई सुम्पिएर बुटवल बचाउन अंग्रेजसँग सन्धि गर्ने सल्लाह दिए पनि भिमसेन थापाले मानेनन् । उनको तर्कमा अंग्रेजहरू सियो बनी छिर्ने र मुसल बनी फर्किने हुनाले नेपालको अस्तित्व नै संकटमा पर्ने तर्क गर्दै अंग्रेजसँग युद्धका लागि तयार भए । यसै निर्णय बमोजिम मनिराज फौजदारको नेतृत्वमा पाल्पाबाट सैन्य फौज आई बुटवल र सिउराजका थानाबाट अंग्रेजलाई धपाई नेपाली प्रशासन चलाए। तत्कालै अंग्रेज गभर्नर लड़े हेस्टिड्सले एकतर्फी युद्धको घोषणा गरे । नेपालका तर्फबाट पाल्पाका प्रमुख प्रशासक कर्णेल उजिरसिंह थापाले बटौली किल्ला (जितगढी किल्ला) बनाई बसे । जनरल सुलिमान उडको नेतृत्वमा आएको करिव चारहजार फौज तिनाउ नदी तिरैतिर आई जितगढी तर्फ अगाडि बढ्दा नेपाली फौजले चलाएको गोली लागेर मेजर हयाट र इन्जिनियर लेष्टिनेन्ट मोरिसन घाइते भएपछि अग्रेज फौज फिर्ता भयो । पुनः १८७२ वैशाखको पहिलो हप्ता अग्रेज फौजले खस्यौलीतर्फबाट जितगढीमा आक्रमण गर्ने क्रममा नेपाली फौजले गोली चलाउँदा निकै अंग्रेजी फौजको हताहती भयो र अंग्रेज सेना भागे । यसरी बटौलीगढी

जितगढीमा परिणत भयो । संसारमा कतै पनि पराजित नभएको साम्राज्यबादी अंग्रेज सेनालाई हराएर वीरताको गौरव गाथा लेखेको यो जितगढी किल्लाले नेपालीको रणकौशल, साहस, पौरख, विरता तथा देशभक्तिको इतिहास बोकेको छ । हाल जितगढी वुटवलको महत्वपूर्ण ऐतिहासिक धरोहरको रूपमा यसै उपमहानगरपालिकामा रहेको छ ।

बटौली बजारको नामाकरण कसरी रहन गयो भन्ने सम्वन्धमा सबै विद्वानको मतऐक्यता छैन । कसैले हिमाल, पहाड, तराई तथा सीमा पारिका पराई समेत बटुलिंदा बटुलिदै बटौली भएको तर्क गर्छन् भने अर्काथिरी मत अनुसार गौतम बुद्धकी आमा मायादेवीको माइती हालको बुटवलबाट पूर्वतर्फको सिमाना रहेको देवदहमा थियो । अतः बुद्धको मावली नजिकको स्थानमा पर्ने हुँदा बुद्धको नामबाट बुद्धबल्ली भनिदै कालान्तरमा अपश्वसं भई बटौली भएको भनिएको छ । फेरि प्राचीनकालदेखि नै हिमाल र पहाडका मानिसहरू तराईतिर झर्ने तथा तराईका मानिसहरू पहाड र हिमालतिर विविध प्रयोजनका लागि आवतजावत गर्ने । उनीहरूलाई बटुवा भनिन्छ । बटुवा बस्ने गाउँलाई बढ्वा बाल वा बटुवा वती भनिन्छ । बटुवा वाल वा बटुवा बली जमघट भइरहँदा जनजिब्रोले कालान्तरमा बटौली बनाएको हुन सक्छ । कतैकतै व्यापारिक केन्द्र भएको र सरसामग्री बटुल्ने ठाउँ भएकोले पनि बटौली रहन गएको विश्वास पाइन्छ ।

बटौली बजार तिनाउ नदीको पश्चिमी किनारामा साँघुरिएको अवस्थामा थियो । तिनाउ पूर्वको बजारलाई भने खस्यौली भनिन्थ्यो । हालको बुटवलले तिनाउ नदीको पूर्व र पश्चिमको दुबै क्षेत्रलाई समेटेर बिशाल क्षेत्र ओगटेको छ । बुटवलको इतिहास मानव सभ्यताको उद्गम अवस्थादेखि नै रहिआएको छ ।

## प्रशासनिक विभाजन

२०१६।११।३ मा स्थापना भएको बुटवल नगरपालिका तत्कालीन सघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा वि.सं. २०७१ मंसिर १६ गते बुटवल नगरपालिकाबाट बुटवल उपमहानगरपालिकामा स्तरोन्नीति भएको हो । २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस उपमहानगरपालिका देहायबमोजिमका वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | वुटवल | १-३ | |
| २ | वुटवल | ४ | |
| ३ | वुटवल | ५ | |
| ४ | वुटवल | ६ | |
| ५ | वुटवल | ७ | |
| ६ | वुटवल | ८ | |
| ७ | वुटवल | ९ | |
| ८ | वुटवल | १० | |
| ९ | वुटवल | ११ | |
| १० | वुटवल | १२ | |
| ११ | वुटवल | १३ | |
| १२ | वुटवल | १४ | |
| १३ | वुटवल | १५ | |
| १४ | वुटवल | १६ | |
| १५ | वुटवल | १७ | |
| १६ | वुटवल | १८ | |
| १७ | वुटवल | १९ | |
| १८ | वुटवल | २० | |
| १९ | वुटवल | २१,२२ | |

**जनसंख्या (राष्ट्रिय जनगणना - २०७८ बमोजिम)**

कूल जनसंख्या-- १,९४,३३५

पुरुष संख्या - ९४,८४९

महिला संख्या - ९९,४८६

**तापक्रम**

न्यूनतम तापक्रम ८ डिग्री सेल्सियस देखि अधिकतम ४५ डिग्री सेल्सियस सम्म

बसोवास गर्ने मुख्य जाति

ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, ठकुरी, थारु, थकाली आदि।

**धर्म**

हिन्दु, बौद्ध, मुस्लिम, शिख, क्रिश्चियन, आदि।

महत्पूर्ण धार्मिक स्थल

सिद्धबाबा, गणेश मन्दिर, नारायणस्थान, राधाकृष्ण मन्दिर, कालिका मन्दिर, राममन्दिर, भुवनेश्वरी मन्दिर, बौद्ध गुम्बा, पद्यम चैत्य विहार आदि।

**ऐतिहासिक तथा पर्यटकिय स्थल**

रामापिथेकस अवशेष स्थल, जितगढी किल्ला, मणिमुकुन्द सेन दरवार, मणिमुकुन्द सेन पार्क, हिलपार्क, लुम्बिनी केवलकार र सिद्धार्थ केवलकार आदि।

शैक्षिक क्षेत्रमा अब्बल रहेको यस उपमहानगरपालिकाभित्र नेपालकै उत्कृष्ट सामुदायिक बिद्यालय कान्ति मा.वि. र कालिका मानवज्ञान मा.वि. लगायतका शैक्षिक संस्थाहरु रहेका छन।

**अस्पताल**

लुम्बिनी प्रादेशिक अस्पताल, सिद्धार्थ बाल तथा महिला अस्पताल, लुम्बिनी आयुर्वेद चिकित्सालय लगायतका छन।

**बुटवल उप महानगरपालिकामा  निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नं.**

| क्र.स. | पदाधिकारीको नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | खेलराज पाण्डेय | नगर प्रमुख | ९८५७०३४२५५ | |
| २ | सावित्रादेवी अर्याल | नगर उप-प्रमुख | ९८५७०३०६२२ | |




जितगढी किल्ला




रामापिथेकस

## २. तिलोत्तमा नगरपालिका

लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाको बीच भाग भएर बग्ने नदीको नामबाट तिलोत्तमा नगरपालिका नामाकरण गरिएको हो। महाभारतमा ब्रह्माजीले सबै रत्नहरुबाट तिलका गेडा (दाना) बराबरको सुन्दरता निकालेर तिलोत्तमा नदीको उत्पन्न गराएको किंवदन्ती छ। जिल्लाको मध्य भागमा अवस्थित यो नगरपालिका साविकका **शंकरनगर, आनन्दवन, करहिया, टिकुलीगढ, मकहर, मधवलिया र गंगोलिया गा.वि.स. मिलेर बनेको छ।** २०७१ सालमा स्थापना भएको यस नगरपालिका २०७३ सालमा नगर कार्यपालिकाको रुपमा रुपान्तरण भएको हो। तिलोत्तमा नगरपालिका प्राकृतिक, सांस्कृतिक, शैक्षिक, औधोगिक, कला सभ्यता, रहनसहन, जैविक विविधताले समृद्ध छ। विभिन्न जातजाति, भाषाभाषी, भेषभुषा, सहित ऐतिहासिक स्थलका रुपमा परिचित तिलोत्तमा विशेष गरी सुन्दरता र सम्पन्नताको प्रतिकको रुपमा मानिन्छ।




## तिलोत्तमा नगरपालिकाको नक्सा

**सिमानाः**

पूर्वः रोहिणी नदी, देवदह नगरपालिका

पश्चिमः तिनाउ नदी, सियारी र शुद्धोधन गाउँपालिका

उत्तरः बुटवल उप-महानगरपालिका,

दक्षिणः ओमसतिया गाउँपालिका

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस नगरपालिका देहायबमोजिमका वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | तिलोत्तमा | १,५ | |
| २ | तिलोत्तमा | २ | |
| ३ | तिलोत्तमा | ३ | |
| ४ | तिलोत्तमा | ४ | |
| ५ | तिलोत्तमा | ६ | |
| ६ | तिलोत्तमा | ७,८ | |
| ७ | तिलोत्तमा | ९,१० | |
| ८ | तिलोत्तमा | ११ | |
| ९ | तिलोत्तमा | १२ | |
| १० | तिलोत्तमा | १३ | |
| ११ | तिलोत्तमा | १४,१६ | |
| १२ | तिलोत्तमा | १५ | |
| १३ | तिलोत्तमा | १७ | |
| १४ | तिलोत्तमा | १८,१९ | |
| १५ | तिलोत्तमा | २० | |
| १६ | तिलोत्तमा | २१ | |
| १७ | तिलोत्तमा | २३,२४ | |

**भौगोलिक अवस्थितिः**

अक्षांशः २७ डिग्री ३३ मिनेट -२७ डिग्री ३९ मिनेट उत्तर

देशान्तरः ८३ डिग्री २५ मिनेट -८३ डिग्री ३३ मिनेट पूर्व

उचाई: समुन्द्री सतहदेखि १६० मिटरदेखि १७५ मिटर

क्षेत्रफलः १२६ वर्ग कि.मी.

लम्बाईः १२.५ कि.मी. चौडाईः सरदर १०.१ कि.मी

हावापानीः उष्ण प्रदेशीय, तापक्रमः अधिकतमः ४२.४० डि. सेल्सियस

न्यूनतमः ८.७५ डि. सेल्सियस, औषतः २८ डि. सेल्सियस

वर्षाः औषतः ३६९३ मि.मि. (वार्षिक)

मुख्य चाड पर्वः दशै, तिहार, तिज, माघी, बुद्ध जयन्ती, पुस पन्ध्र, होली, इद, क्रिसमस, मोहर्रम, रामनवमी, रक्षावन्धन, बड्की आईतबार,

मुख्य भाषाः नेपाली, थारु, मगर, गुरुङ्ग, अवधि, भोजपुरी, मैथली, नेवारी

जनसंख्याः पुरुष - ७१,५२६(४७.९%), महिला ७७,९५३(५२.१४) जम्मा १,४९,४७९ परिवार संख्या -३६३९९, घर संख्या ३५९९१, जनघनत्व ११८५ परिवार औषत आकार -४.१५, औषत वृद्धिदर-२.२५

शैक्षिक विवरणः सामुदायिक विद्यालयः ४२, संस्थागत विद्यालयः ३९ (गुठी १), सामुदायिक तर्फ कक्षा ११ र १२ सञ्चालित विद्यालय-१२, संस्थागत तर्फ कक्षा ११ र १२ सञ्चालित विद्यालय – १४, बाल विकास केन्द्र-६६, सामुदायिक सिकाई केन्द्र -४, कलेजः १६

कुल साक्षरता दरः ८८.१% ( पुरुषः ९३.४%, महिला ८३.३%)

शारिरिक असक्तताः १.७% ( पुरुषः २%, महिला १.४%)

भू-उपयोग विवरणः कृषिक्षेत्र-६६.९६, वन तथा चरन क्षेत्र-१२.९४, आवास क्षेत्र-१०.७४ सडक- ३.९५, नदिनाला ओगटेको क्षेत्र-१.३०, औद्योगिक क्षेत्र-०.८७, अन्य ३.२४%

मुख्य जातजातीः ब्राह्मण, मगर, थारु, क्षेत्री, गुरुङ्ग, विश्वकर्मा, नेवार, परियार, यादव, मिजार सहित ६६ जाती

सामुदयिक वन विवरणः शंकरनगर, आनन्दवन, करहिया, मधुवन, कालिका, सगरहवा, समैया, गंगाजमुना, सुखौरा-हरियाली, बाउन्नकोटी

मुख्य नदी, खोला, कुवाः तिनाउ, रोहिणी, सुखौरा खोला, डिङ्गरकुवा ऐतिहासिक कुवा (शंकरनगर सामुदायिक वन क्षेत्रभित्र भगवान बुद्धले मामाघर जाने क्रममा पानी पिउने गरेको कुवा)

सुरक्षा निकाय कार्यालयहरुः मंगलापुर, केवलानी, गंगोलिया, महुवारी, ड्राईभरटोल, चिल्हिया, योगिकुटी

संचारः रेडियो प्रसारण २ (रेडियो लुम्बिनी, रेडियो एम बि सी), केबुल प्रसारण २, छापाखाना ७

बैंक तथा वित्तीय संस्थाः बैंक ४९ सहकारी संस्थाः ११७

स्वास्थ्य इकाईः स्वास्थ्य चौकी ७, शहरी स्वास्थ्य केन्द्र ३, वर्थिङ्ग सेन्टर २, डट केन्द्र ८, फार्मेसी-११०, आयुर्वेद अस्पताल-१, टि.बी. उपचार केन्द्र ७, मानसिक स्वास्थ्य क्लिनिक-१, आधारभूत स्वास्थ्य केन्द्र-७ निजी अस्पातल २, पोलि क्लिनिक २,

प्रमुख बजार केन्द्रः योगिकुटी, शंकरनगर, ड्राईभरटोल, नयाँमिल, मणिग्राम, मंगलापुर, भलवारी, कोटिहवा, सेमराबजार, चार नम्बर, शिवपुर, बनकट्टी

मुख्य आर्थिक विशेषताहरुः रुपन्देहीको मध्य भागमा अवस्थित, कृषि क्षेत्रको प्रवल सम्भवना, दुई सिंचाई प्रणाली (सोह-छत्तीस मौजा), ६ लेन सडक, दुई विशिष्ट आर्थिक प्रकृति भएका शहर (सि.न.पा.र बु.उ.म.न.पा.) बीचमा रहेको तीव्र बसाईसराइ, पर्यटनको प्रचुर सम्भावना, औद्योगिकरणको तिव्र विकास, शैक्षिक हवको रुपमा परिचित रहेको छ ।

## प्रमुख पर्यटकीय स्थलहरु:

| क्र.सं. | नाम | प्रसिद्धिको कारण |
|---|---|---|
| १ | शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र | पार्क, चिडियाखाना, शंकरनगर वन, भ्यूटावर, बाल रेल भएकोले |
| २ | बुद्ध परियति उदय विहार | बुद्ध बिहार |
| ३ | मोक्षधाम मन्दिर | ४ धाम भएकोले |
| ४ | श्रृङ्गेश्वर धाम | मन्दिर |
| ५ | विश्व शान्ति गुम्बा (करौजिया) | बुद्धको मन्दिर भएकोले |
| ६ | बाउन्नकोटी | विभिन्न मन्दिर, ताल, तथा पार्क समेत भएकोले |
| ७ | बेवरी ग्रीन पार्क, बी.पी. वाटिका, पुष्पलाल पार्क, शहिद स्मृति पार्क, नन्दभाउजु ताल, लखनथापा पार्क, इलिफेन्ट पार्क, कुञ्ज पार्क, हरियाली पार्क, कुँवरवर्ती मन्दिर, संझना वाल उद्यान, टिकुलीगढ पार्क (चौकी), बिन्दवासिनी मन्दिर तथा ताल आदि। | |

## दीर्घकालीन लक्ष्य:

«समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर» नारालाई आत्मसात गर्दै नगरपालिकाले प्रजातान्त्रिक प्रकृयाको विकास गर्दै पारदर्शी व्यवहार, जनउत्तरदायित्वबोध र जनताको सहभागितामा आधारित उच्च, गुणस्तरीय र समुन्नत नागरिक समाजको स्थापना गर्ने यस नगरको लक्ष्य रहेको छ। "

## तिलोत्तमा नगरपालिकामा निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नं.


| क्र.स. | पदाधिकारीको नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | रामकृष्ण खाँड | नगर प्रमुख | ९८५७०४३५६७ | |
| २ | जगेश्वर देवी चौधरी | नगर उप-प्रमुख | ९८५७०४२७३० | |



शंकरनगर बनबाटिका

## ३. देवदह नगरपालिका

देवदह नगरपालिका लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी देखि ३५ किलोमिटर उत्तर पूर्वमा अवस्थित देवदह ऐतिहासिक एवं बुद्धको मावलीस्थलको रुपमा प्रशिद्ध रहेको छ। प्राचिन कोलियगढराज्यको रुपमा रहेको देवदह हाल देवदह नगरपालिकाको रुपमा स्थापित भएको हो। नेपाल सरकारको २०७१ बैशाख २५ गतेको निर्णय अनुसार साविकका देवदह र केरवानी गा.वि.स. मिलेर देवदह नगरपालिका स्थापना भएकोमा नेपाल सरकारको मिति २०७३।११।२७ मा प्रकाशित राजपत्र अनुसार साविक सिक्टहन गा.वि.स. थप भइ हालको देवदह नगरपालिका बनेको हो।




**देवदह नगरपालिकाको नक्सा**

यस नगरपालिकामा २०७८ को जनगणना अनुसार १७,३०० घर धुरीमा ७२,४५७ जनसंख्या रहेको छ। यस नगरपालिकाको पूर्वमा नवलपरासी जिल्ला, पश्चिममा बुटवल उप-महानगरपालिका र तिलोत्तमा नगरपालिका, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा ओमसतिया गाउँपालिका रहेको छ। १३५.९५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकामा १२ वडाहरु रहेका छन्।

देवदह नगरपालिका भित्र पाकरी वृक्ष, कन्यामाई, बैरिमाई, देवदह, यशोधरा पार्क, भवानीपुर, गौतम बुद्ध राष्ट्रिय उद्यान, स्मृती पार्क, खयरडँडा, माथागढी किल्ला लगाएतका एतिहासिक तथा पुरातात्वीक स्थलहरुका साथै विभिन्न पर्यटकिय तथा धार्मिक स्थलहरु रहेका छन। यस देवदह नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध देवदहको आधार भन्ने मुल नारा सहित आफ्ना गतिविधिहरु अगाडि बढाईरहेको छ। कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहनु , गौतम बुद्धको मावली स्थलको रुपमा रहनु, प्राकृतिक श्रोत साधनको उपलव्धता, विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको भण्डार, मानव संसाधनको उपलव्धता र शहर उन्मुख नगरको रुपमा देवदह नगरपालिका रहेको छ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस नगरपालिका देवदह नगरपालिका र सिक्टहन गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | देवदह | १ | |
| २ | देवदह | २ | |
| ३ | देवदह | ३ | |
| ४ | देवदह | ४,५ | |
| ५ | देवदह | ६ | |
| ६ | देवदह | ७ | |
| ७ | देवदह | ८ | |
| ८ | देवदह | ९ | |
| ९ | देवदह | १० | |
| १० | देवदह | ११ | |
| ११ | सिक्टहन | १,७-९ | |
| १२ | सिक्टहन | २-६ | |

देवदह नगरपालिकाको खेतीयोग्य जमिन – ३५०० हे.

देवदह नगरपालिकामा खेती गरिएको जमिन – ३१५० हे.

**नदीनालाहरु ताल तलैयाहरु**

क. रोहिणी नदी
ख. भलुही खोला
ग. घोडाहा खोला
घ. ज्यामिरे खोला
ङ. सरन खोला
च. खहरे खोला
छ. त्रिसुली खोला
ज. मंगलपुष्करिणी दह

## देवदह नगरपालिकाको जनसंख्या तथा जनसंख्या वृद्धिदर

| क्र.स. | २०६८ को जनगणना अनुसार | २०७८ को जनगणना अनुसार | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|
| १ | ५३५२३ | ७२४५७<br>महिला: ३८४२४ पुरुष: ३४०३३ | ३५.३८ |

## उमेर समूह, जातजाती, मातृभाषा, धर्म अनुसार जनसंख्याको विवरण

## १. देवदह नगरपालिकाको उमेर समूह अनुसार जनसंख्याको विवरण

| उमेर समूह | ९५ माथि | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५ | १५ | ७५ | १७५ | ३२१ | ६६२ | ८२४ | १०७८ | १२२२ | १६५९ |
| महिला | २८ | ३७ | ७६ | १९७ | ३९३ | ६८१ | ९५३ | १२१५ | १३०९ | १९२८ |

| उमेर समूह | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०-१४ | ५-९ | ०-४ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १६९५ | २०६५ | २४३८ | २४५४ | २६२४ | ३१७६ | ३७०८ | ३३८४ | ३५१४ | २९२९ |
| महिला | १९६९ | २६५४ | ३३६७ | ३५८४ | ३८५० | ३८०९ | ३७०७ | ३१९८ | २९६६ | २५०३ |

## २. देवदह नगरपालिकाको जातजाती अनुसार जनसंख्याको विवरण

| क्र.स. | जातजाती | जनसंख्या |
|---|---|---|
| १ | मगर | १७४३३३ |
| २ | ब्राह्मण - पहाड | १५९८० |
| ३ | थारु | ६३१० |
| ४ | क्षेत्री | ५७५५ |
| ५ | विश्वकर्मा | ५२०२ |
| ६ | गुरुङ | ३३०१ |
| ७ | परियार | १८९४ |
| ८ | केवट | १३६५ |
| ९ | नेवाः (नेवार) | १३४४ |
| १० | चमार/हरिजन/राम | ११९० |

## ३. देवदह नगरपालिकाको मातृभाषा अनुसार जनसंख्या विवरण

| क.स. | मातृभाषा | जनसंख्या |
|---|---|---|
| १ | नेपाली | ४२८२३ |
| २ | भोजपुरी | १०१५९ |
| ३ | मगर ढुट | १००६४ |
| ४ | थारु | ६१०४ |
| ५ | गुरुङ | १९६५ |
| ६ | नेपालभाषा (नेवारी) | ६६६ |
| ७ | तामाङ | २४८ |

## ४. देवदह नगरपालिकाको धर्म अनुसार जनसंख्या विवरण

| क.स. | धर्म | जनसंख्या |
|---|---|---|
| १ | हिन्दु | ६३२१८ |
| २ | बौद्ध | ६०६३ |
| ३ | इस्लाम | १२१० |
| ४ | क्रिश्चियन | ११५७ |
| ५ | बोन | ७३२ |
| ६ | प्रकृति | ७५ |

## सामाजिक क्षेत्र

## स्वास्थ्य सेवा संचालित संस्थाहरुको विवरण

| सि.नं. | विवरण | ठेगाना | संख्या |
|---|---|---|---|
| १ | देवदह नगर अस्पताल | देवदह -५ | १ |
| २ | स्वास्थ्य चौकीहरु | देवदह -२ र १२ | २ |
| ३ | शहरी स्वास्थ्य केन्द्र | देवदह -४ | १ |

| | | | |
|---|---|---|---|
| ४ | सामुदायिक स्वास्थ्य इकाइ | देवदह -१० | १ |
| ५ | आधारभुत स्वास्थ्य केन्द्रहरु | देवदह -१,३, ६,७,८ र ९ वडामा | ६ |
| ६ | देवदह मेडिकल कलेज | देवदह -९ | १ |
| ७ | २४ घंटे प्रशुती केन्द्र | देवदह -२ ५ र १२ सम्म | ३ |
| ८ | प्रयोगशाला सेवा | देवदह २, ५ र १२ | ३ |
| ९ | क्षयरोग डट्स सेन्टर | | १२ |
| १० | खोप क्लिनिकहरु | देवदह -१- १२ सम्म | १८ |
| ११ | गाउघर क्लिनिकहरु | देवदह ६, ११ र १२ मा | ७ |
| १२ | नागरिक आरोग्य सेवा केन्द्र | देवदह ९ | १ |

**देवदह नगरपालिकाको साक्षरता दर**

१. कुल साक्षरता दर – ८३.१ प्रतिशत

२. पुरुष साक्षरता दर – ८९.७ प्रतिशत

३. महिला साक्षरता दर – ७७.४ प्रतिशत

**देवदह भित्रका कृषि तथा सेवा केन्द्र पशु सेवा केन्द्रहरुको विवरण**

क. कृषि सेवा केन्द्र -१

ख. पशु सेवा केन्द्र -१

**कृषि विकास तथा पशु विकाससँग सम्बन्धित पकेट क्षेत्रहरु**

क. कृषि विकाससँग सम्बन्धित पकेट क्षेत्रहरु

ख. पशु विकाससँग सम्बन्धित पकेट क्षेत्रहरु

## देवदह नगरपालिका भित्र रहेका दमकल, एमबुलेन्स, शव वाहन, नगर प्रहरी भ्यानको विवरण

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एमबुलेन्स | ५ | देवदह न.पा. भित्र |
| २ | नगर प्रहरी भ्यान | १ | देवदह न.पा. भित्र |

## जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र तथा स्थानीय तहको केन्द्रबाट वडा कार्यालयसम्मको दुरी

| क्र.स. | विवरण | दुरी | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला सदरमुकामबाट देवदह नगरपालिकाको कार्यालयसम्म | २७ कि.मि. | |
| २ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. १ सम्म | ८ कि.मि. | |
| ३ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. २ सम्म | ५.५ कि.मि. | |
| ४ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ३ सम्म | ३ कि.मि. | |
| ५ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ४ सम्म | १.३ कि.मि. | |
| ६ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ५ सम्म | २.२ कि.मि. | |
| ७ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ६ सम्म | ३.३ कि.मि. | |
| ८ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ७ सम्म | ४ कि.मि. | |
| ९ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ८ सम्म | ३.५ कि.मि. | |
| १० | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ९ सम्म | ५.५ कि.मि. | |
| ११ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. १० सम्म | १५ कि.मि. | |
| १२ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. ११ सम्म | १२.३ कि.मि. | |
| १३ | नगर कार्यपालिकाको कार्यालयदेखि वडा नं. १२ सम्म | १३.८ कि.मि. | |

**देवदह नगरपालिकामा  निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नं.**


| क्र.स. | पदाधिकारीको नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ध्रुव प्रसाद खरेल | नगर प्रमुख | ९८५७०२६५३८ | |
| २ | विद्या लक्ष्मी गुरङ्ग | नगर उप-प्रमुख | ९८५७०७१२९२ | |



**पाकरी वृक्ष**

## ४. लुम्बिनी साँस्कृतिक नगरपालिका

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ। भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकिय क्षेत्र हो। सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो। करीब ११२.२१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा गाउँपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई गाउँपालिका र भारत र पूर्वमा कोटहीमाई र मायादेवी गाउँपालिका रहेका छन्।




**लुम्बिनी साँस्कृतिक नगरपालिकाको नक्सा**

लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैसाख १५ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरेको थियो। फेरी मिति २०७३ फागुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका वडाहरु २१ वडाहरुलाई घटाएर १३ वडाहरु कायम गरिएको छ। यस नगरपालिकामा ११ वटा माध्यामिक तह, ५० वटा आधारभूत तह र अन्य १४४ गरी जम्मा १८५ वटा शिक्षण संस्थाहरु संचालित छन्। रुपन्देही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ । यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरित नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यत्तिहरुको बसोबास रहेको छ। यस नगरपालिकामा १३ वडाहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ। यस नगरमा आधारभूत

देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केहि मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैँ, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिसमस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस नगरपालिका देहायबमोजिमका वडा समावेश गरी स्थापना गरिएको हो।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | लुम्बिनी साँस्कृतिक | १ | |
| २ | लुम्बिनी साँस्कृतिक | २,३ | |
| ३ | लुम्बिनी साँस्कृतिक | ४ | |
| ४ | लुम्बिनी साँस्कृतिक | ५,६ | |
| ५ | लुम्बिनी साँस्कृतिक | ७ | |
| ६ | लुम्बिनी साँस्कृतिक | ८,९ | |
| ७ | लुम्बिनी साँस्कृतिक | १० | |
| ८ | लुम्बिनी साँस्कृतिक | १२ | |
| ९ | लुम्बिनी साँस्कृतिक | १३,१४ | |
| १० | लुम्बिनी साँस्कृतिक | १५,१६ | |
| ११ | लुम्बिनी साँस्कृतिक | ११,१७,१८ | |
| १२ | लुम्बिनी साँस्कृतिक | १९,२० | |
| १३ | लुम्बिनी साँस्कृतिक | २१ | |

**लुम्बिनी सांस्कृतिक नगरपालिकामा निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नं.**


| क्र.स. | पदाधिकारीको नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सजरुद्दीन मुसलमान | नगर प्रमुख | ९८५७०१२५६५ | |
| २ | कल्पना हरिजन | नगर उप-प्रमुख | ९८४३९८६९४७ | |



**लुम्बिनी**

## ५. सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर नगरपालिका लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको दक्षिण भेगमा अवस्थित रहेको छ । यो नगरपालिका ८३°२६" पुर्वी देशान्तर २७°३१" उत्तरी अक्षांशमा अवस्थित छ । कुल क्षेत्रफल ३६.०३ वर्ग कि.मी. ओगटेको यस नगरपालिका समुद्र सतहबाट ११० मिटरको उचाईमा रहेको छ भने नगरपालिकामा उष्णप्रदेशीय हावापानी पाइन्छ । अधिकतम तापक्रमः ४५.२० डिग्री सेल्सियस र न्यूनतम तापक्रम २.४० डिग्री सेल्सियस सम्म पुगेको देखिन्छ भने औसत वर्षा १४३६.५ मि.मि. सम्म भएको पाइएको छ । सिद्धार्थनगर नगरपालिकामा नेपालको दोश्रो अन्तराष्ट्रिय विमानस्थल "गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल" रहेको छ ।




**सिद्धार्थनगर नगरपालिकाको नक्सा**

सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । भगवान गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थ (सर्वअर्थसिद्ध) बाट यस नगरपालिकाको नामाकरण गरिएको छ । सांस्कृतिक परम्परा र मान्यताहरू साहित्य, भाषा, कला, धर्म, सस्कृतिको साझा संगमको रुपमा यो नगरपालिका रहेको छ । वि.सं. १९९० सम्म नगन्य रूपमा मात्र वस्तीहरू भएको यस नगरमा वि.सं. २०१० सालमा शान्तिनगरमा हवाई मैदान निर्माण भएपछि बस्ति विकासको गतिमा तीव्रता आएको पाईन्छ । वि.सं. २०२४ सालमा भैरहवा नगर पञ्चायतको नामबाट औपचारिक रुपमा नगरपालिका घोषणा भएको थियो । वि.स. २०३३ साल देखि नगरपालिकाको नाम भैरहवा नगरबाट सिद्धार्थनगरमा रुपान्तरित भएको हो । १३ वटा वडामा विभाजित यस नगरपालिकाको सिमानामा पूर्वमा ओमसतिया र रोहिणी गाउँपालिका, पश्चिममा मायादेवी गाउँपालिका, उत्तरमा ओमसतिया र मायादेवी गाउँपालिका र दक्षिणमा महाराजगञ्ज जिल्ला, भारत रहेको छ ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस नगरपालिका देहायबमोजिम वडा कायम गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सिद्धार्थनगर नगरपालिकाः | १ | |
| २ | सिद्धार्थनगर नगरपालिकाः | २ | |
| ३ | सिद्धार्थनगर नगरपालिकाः | ३ | |
| ४ | सिद्धार्थनगर नगरपालिकाः | ४ | |
| ५ | सिद्धार्थनगर नगरपालिकाः | ५ | |
| ६ | सिद्धार्थनगर नगरपालिकाः | ६ | |
| ७ | सिद्धार्थनगर नगरपालिकाः | ७ | |
| ८ | सिद्धार्थनगर नगरपालिकाः | ८ | |
| ९ | सिद्धार्थनगर नगरपालिकाः | ९ | |
| १० | सिद्धार्थनगर नगरपालिकाः | १० | |
| ११ | सिद्धार्थनगर नगरपालिकाः | ११ | |
| १२ | सिद्धार्थनगर नगरपालिकाः | १२ | |
| १३ | सिद्धार्थनगर नगरपालिकाः | १३ | |

**स्वास्थ्य संस्थाहरु**

### १. सामुदायिक सरकारी अस्पताल – १ वटा

- भीम अस्पताल

### २. निजि अस्पताल – ३ वटा

- लुम्बिनी रण अम्बिका शाह आँखा अस्पताल
- युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज शिक्षण अस्पताल
- ओजस हस्पिटल प्रा.लि.
- आरोग्य मुल्टि स्पेशलिस्ट हेल्थ केयर एण्ड डाईग्योनोशटिक सेन्टर प्रा.लि.

**३. शहरी स्वास्थ्य केन्द्र – २ वटा**

- शहरी स्वास्थ्य केन्द्र वडा नं ९
- शहरी स्वास्थ्य केन्द्र वडा नं. १०

**४.आधारभूत  स्वास्थ्य सेवा केन्द  ३ वटा**

- आधारभूत  स्वास्थ्य सेवा केन्द वडा नं १
- आधारभूत  स्वास्थ्य सेवा केन्द वडा नं ३
- आधारभूत  स्वास्थ्य सेवा केन्द वडा नं ११

**५. बेलहिया हेल्थ डेक्स वडा नं १ – १ वटा**

नदीनाला तथा तलैयाहरुः डण्डा र घाघरा खोला

**जनसंख्याको विवरण**

नगरपालिकाको जनसंख्या : ७४४३६ जना ।

जम्मा घरधुरी १५८७१

परिवारको औषत सदस्य संख्याः ४.६९ जना प्रतिपरिवार

जनघनत्वः २०६६ प्रति वर्ग कि.मी

लिङ्ग अनुपातः १००.१७ प्रतिशत

साक्षरता दरः ८६.१ प्रतिशत

पुरुष साक्षरता दरः ९२.५ प्रतिशत

महिला साक्षरता दरः ७९.८ प्रतिशत

## विद्यालयको विवरण

- ❖ सामुदायिक विद्यालयः १७ वटा
- ❖ संस्थागत विद्यालयः ४२ वटा
- ❖ मदरसाः १३ वटा
- ❖ संस्कृत विद्यालयः १ वटा
- ❖ सिकाई केन्द्रः १ वटा

## प्रमुख जातजातीः

- ❖ ब्राहमण, क्षेत्री, मुस्लिम, मधेसी, मगर, गुरुङ्ग, नेवार आदि ।

## धर्म

- ❖ हिन्दु, मुस्लिम, बौद्ध आदि ।

## आर्थिक क्षेत्र

- ❖ नगरपालिकामा १५ वर्षमाथि उमेरका आर्थिक रुपले सक्रिय जनसंख्याः ५६६२० जना
- ❖ पालिकामा संचालित विभिन्न उद्योगहरुको विवरण:३२६
- ❖ पालिकामा कृषि तथा पशु केन्द्र सेवा केन्द्र नभएको ।
- ❖ पालिकामा रहेका प्रमुख होटल/ रिर्सोटको विवरण:१९०
- ❖ पालिकामा वन क्षेत्र नरहेको ।

**विविधः**

| क्र.स. | विवरण | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| १ | दमकल | ५७०२१५-०७१ | |
| २ | नगर प्रहरी भ्यान | ९८५७०१०२८० | |

| क्र.स. | एम्बुलेन्स रहेको स्थान | चालकको सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| १ | सिद्धार्थनगर न.पा १ | ९८४७१२६५७६ | |
| २ | सिद्धार्थनगर न.पा ५ | ९८५७०२४९४९ | |
| ३ | सिद्धार्थनगर न.पा ५ | ९८४७०३८६६९ | |
| ४ | सिद्धार्थनगर न.पा ६ | ९८५७०२२८२२ | |
| ५ | सिद्धार्थनगर न.पा. ६ | ९८५७०२२८१८ | |
| ६ | सिद्धार्थनगर न.पा ६ | ९८४७४७०१०१ | |
| ७ | सिद्धार्थनगर न.पा ८ | ९८५७०२२५२३ | |

सहकारी संस्थाको विवरणः नगरपालिकाको क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संख्या ४५ रहेको।

पालिकामा गैर सरकारी संस्थाको विवरणः ३१ (नगरपालिकामा सुचिकृत मात्र)

जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्रसम्मको दुरीः ५०० मि.

सिद्वार्थनगर नगरपालिकामा स्थानीय तह निर्वाचन २०७९मा निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नः

| क.स | नामथर | पद | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १ | इस्तियाक अहमद खान | नगर प्रमुख | ९८५७०२०७९२ | ९८१४४६८७२२ |
| २ | उमा अधिकारी | नगर उपप्रमुख | ९८४७०७५६८९ | ९८५७०७५६८९ |





**बेलहिया नाका**

## ६. सैनामैना नगरपालिका

रुपन्देही जिल्लामा अवस्थित सैनामैना नगरपालिका नेपालको लुम्बिनीं प्रदेशको रुपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित नगरपालिका हो । यो नगरपालिका विश्व शान्तिका अग्रदुत तथा महामानव गौतम बुद्धको जन्मस्थल लुम्विनी देखि करिब १५ कि.मी. उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ । यस नगरपालिकाको पुर्वमा बुटवल उप-महानगरपालिका, पश्चिममा बाणगंगा नगरपालिका (कपिलवस्तु), उत्तरमा शितगंगा नगरपालिका(अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ गाउँपालिका

पाल्पा, दक्षिणमा शुद्दोधन, कंचन र गैडहवा गाउँपालिका रहेका छन् । साबिकको पर्रोहा र दुधराक्ष गा.बि.स. एक आपसमा गाभिन गई २०७१ साल बैशाख २५ गते सैनामैना नगरपालिका बनेको हो । वि.सं. २०७३ साल फागुन २७ गते राज्यको पुर्नसंरचना पश्चात साबिकको सालझन्डी गा.बि.स. गाभिन गई सैनामैना नगरपालिका बनेको हो । सैनामैना नगरपालिकामा ११ वटा वडा रहेका छन् । यो नगरपालिका १६२.१८ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। वि.सं २०७८ को रास्ट्रिय जनगणना अनुसार यहाँको कुल जन संख्या ७८,३९३ छ भने जनघनत्व ४८३ प्रति वर्ग कि.मि छ । पूर्व-पशिचम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको यस नगरपालिकामा आधुनिक र परम्परागत शैलीको मिश्रित मानव वस्ति रहेको छ। नगरपालिका भित्र सबै जातजाती, भाषा भाषी संस्कृति एवं परम्पराको समिश्रण रहेको छ। नगरवासीहरु वीच सुमधुर सम्बन्ध सहितको बसोबास छ। ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैना क्षेत्र नेपाल सरकारबाट नेपालको सयौ पर्यटकीय गन्तव्य मध्य एक सैनामैना नगरपालिका पनि २०७५ साल कात्तिक १५ गते पर्यटन गन्तव्यको रुपमा घोषणा भएको छ । यस नगरपालिकाको दक्षिण भागमा वहुसंख्यक आदिवासी थारु जातिहरुको वसोवास रहेको छ भने उत्तरी भेगमा मिश्रित खालको जातजातीहरुको वसोवास रहेको छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाको गहनाको रुपमा ऐतिहासिक पुरातात्विक सैनामैना क्षेत्र, स्वंय उत्पत्तिमान शिव ज्योतिलिङ्ग पर्रोहा परमेश्वर बोलबमधाम, मलमला मन्दिर, मलमल चौरा बाबा, महेरवादेवी, बोलबम पर्यटकीय पार्क, विभिन्न मठ मन्दिरहरु, रानी कुवा, रानीबगिया, जलैया सिमसार क्षेत्र आदि छन् । यस नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्भर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल तथा जलाधार क्षेत्रको कमी नभएको यस नगरपालिका भित्रमा सानाठूला गरी आधा दर्जनभन्दा बढी खोला/नदीहरू रहेका छन् ।




सैनामैना नगरपालिकाको नक्सा

अक्षांश : २७°३८'३९.१५" देखि २७°४६'६.६२" उत्तरसम्म


देशान्तर : ८३° १६ ' ७.२६" देखि ८३°२३' ३६.६२" पूर्वसम्म

उचाई : समुद्र सतहबाट ३८१ फिट (११६.१३ मिटर) देखि ३१५० फिट (९६०.१३ मिटर) सम्म

लम्बाई : सरदर १५ कि.मी.

| क्र. सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगल | ६८.५७ | ५९ |
| २ | खेतीयोग्य जमिन | ४०.६८ | ३५ |
| ३ | निर्माण क्षेत्र | ४.६५ | ४ |
| ४ | जलक्षेत्र | २.३२ | २ |
| | जम्मा क्षेत्र | ११६.२२ | १०० |

*स्रोत: सैनामैना नपा २०७३*



**नगरका मुख्य नदी, खोला तथा तालतलैयाहरु :**

मुख्य नदीहरु :- कञ्चन नदी, दानव नदी, इनगुरीया नदी, बनरहवा नदी ।

खोलाहरु :- घमाहा, तुल्बुलिया, मार्थिबा, मेगाहा,

तालतलैयाहरु :- मेगाहा ताल,

**पर्यटकीय स्थलहरु :**

- सैनामैना संग्रहालय, प्राचिन दरबार, मन्दिरका भग्नावशेषहरू पुरातात्विक महत्वका बस्तु रहेको ।
- राजापानी, सिमसार क्षेत्र, फूलबारी आदि पर्यटकीय स्थल रहेको ।

**सैनामैना नगरपालिकाको राजनितिक विभाजन:**

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस नगरपालिकासालझण्डी गा.वि.स र सैनामैना नगरपालिकाका वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सैनामैना नगरपालिका | १,१३ | |
| २ | सैनामैना नगरपालिका | २ | |
| ३ | सैनामैना नगरपालिका | ३ | |
| ४ | सैनामैना नगरपालिका | ४,५ | |
| ५ | सैनामैना नगरपालिका | ६,७ | |
| ६ | सैनामैना नगरपालिका | ८,११ | |
| ७ | सैनामैना नगरपालिका | ९ | |
| ८ | सैनामैना नगरपालिका | १० | |
| ९ | सैनामैना नगरपालिका | १२ | |
| १० | सालझण्डी गा.वि.स | १-४ | |
| ११ | सालझण्डी गा.वि.स | ५-९ | |

सैनामैना नगरपालिकामा स्थानीय तह निर्वाचन २०७९मा निर्वाचित नगर प्रमुख र नगर उप प्रमुखको नाम र सम्पर्क नः


| क्र.स | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | फणेन्द्र प्रसाद शर्मा | नगर प्रमुख | ९८५७०३५०३० |
| २ | विना राना | नगर उपप्रमुख | ९८४७०५८३६२ |



परोँहा परमेश्वर बोलबमधाम

## ७. ओमसतिया गाउँपालिका

नेपालमा ७५३ स्थानीय तह लागू हुँदा रुपन्देही जिल्लामा साविकका पडसरी, हाटी फर्साटिकर, बसन्तपुर, पटखौली र छोटकि रामनगर गाउँ विकास समितिहरूलाई समेटेर ओमसतिया गाउँपालिका बनाइएको हो । यस गाउँपालिकाको कूल जनसंख्या ४१,१४१ रहेको छ । यसको क्षेत्रफल ४८.५४ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको केन्द्र साविकको हाटी फर्साटिकर गाविसको कार्यालयमा राखिएको छ । यस गाउँपालिकालाई ६ वडामा विभाजन गरिएको छ ।




**ओमसतिया गाउँपालिकाको नक्सा**

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | पडसरी | ५,७,८,९ | |
| २ | पडसरी | १-४,६ | |
| ३ | हाटी फर्साटिकर | १-९ | |
| ४ | बसन्तपुर | १-९ | |
| ५ | पट्खौली | १-९ | |
| ६ | छोटकी रामनगर | १-९ | |

**भौगोलिक अवस्थाः**

क्षेत्रफलः ४८.५४ वर्गकिलोमिटर

अवस्थितिः २७.५४५१५ अक्षांश र ८३.४८५६९ देशान्तर

उचाईः समुन्द्र सतह देखि ८८ मिटर

पूर्वमाः नवलपरासी जिल्ला

पश्चिममाः सिद्धार्थ नगर नगरपालिका, मायादेवी र सियारी गाउँपालिका

उत्तरमाः देवदह र तिलोत्तमा नगरपालिका

दक्षिणमाः रोहिणी गाउँपालिका

तापक्रम: न्यूनतम ८.७५ डिग्री सेल्सियस देखि अधिकतम ४४ डिग्री सेल्सियस

औषत बर्षा : १३९१ मि.मि.

हावापानी : उष्ण प्रदेशिय

मुख्य १० जातजाति अनुसार जनसंख्याको विवरणः (राष्ट्रिय जनगणना २०७८ अनुसार)

| जातजाति | महिला | पुरुष | जम्मा | जम्मा प्रतिशतमा |
|---|---|---|---|---|
| थारु | ३२०४ | ३०५१ | ६२५५ | १५.२ |
| यादव | २१२९ | २२६१ | ४३९० | १०.७ |
| चमार/हरिजन/राम | १५१२ | १५३४ | ३०३९ | ७.४ |
| केवट | १५०५ | १५२१ | ३०२६ | ७.४ |
| मुसलमान | १५१६ | १५०२ | ३०१८ | ७.३ |
| मगर | १३५५ | ११६१ | २५१६ | ६.१ |

| | | | | |
|---|---|---|---|---|
| ब्राह्मण- | ११६५ | ११५० | २३१५ | ५.६ |
| मल्लाह | ९५२ | ९४६ | १८९८ | ४.६ |
| क्षेत्री | ८०६ | ७१८ | १५२४ | ३.७ |
| पासवान/पासी | ६५३ | ६७५ | १३२८ | ३.२ |

यस गाउँपालिका अन्तर्गत ६ वटा स्वास्थ्य संस्थाहरु र २१ वटा सामुदायिक विद्यालयहरु (४ वटा धार्मिक मदरसा विद्यालय समेत) रहेका छन् । त्यस्तै २३ वटा सहकारी संस्थाहरु (८ वटा कृषि सहकारी समेत) रहेका छन् ।

यस गाउँपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका विभिन्न देवी देवताहरुका मठ मन्दिर तथा मस्जिदहरु रहेका छन् । यस गाउँपालिकाको नामाकरण पनि सतियामाई मन्दिरको नामबाट भएको हो । नेपाल चार जात छत्तिस वर्णको फुलवारी भएजस्तै यस गाउँपालिकाभित्र पनि विभिन्न जातजातिहरुको बसोबास रहेको छ ।  हिन्दु, मुस्लिम तथा अन्य धर्म मान्ने समुदायहरुको बसोबास  रहेको यस गाउँपालिकामा विभिन्न पर्वहरु (रामनवमी, माघी, इद, होली, ल्होसार आदि) तथा साँस्कृतिक कार्यक्रमहरु(राम सिता विवाह महोत्सव, खिचडी महोत्सव, मगर दिवस आदि) सबै समुदाय र संप्रदायहरु मिलेर धुमधामका साथ मनाइन्छ ।

यहाँको समथर खेतियोग्य जमिनका कारण यहाँका मानिसको मूख्य पेशा कृषि हो । तर पनि यहाँका मानिसहरुले कृषि बाहेक विभिन्न व्यवसायहरु गर्दै आएका छन् । यस गाउँपालिका भित्र संचालनमा रहेका घरेलु तथा साना उद्योगहरुले रोजगारी श्रृजना गरेका छन् । यहाँको कृषि, पर्यटन तथा उद्योगहरुको प्रवर्धन गर्न प्रत्येक वर्ष अन्तराष्ट्रिय कुस्ती प्रतियोगिता तथा ओमसतिया औधोगिक व्यापार तथा कृषि महोत्सव संचालन हुँदै आएको छ ।

**शहरी तथा ग्रामीण क्षेत्र:**

यस पालिकाका १.२ र ४ वडा नं वडाको केहि भूभाग शहरी क्षेत्रमा पर्दछ भने अन्य वडाहरु ग्रामीण क्षेत्रमा पर्दछ ।

## नदीनालाहरु ताल तलैयाहरु:

- रोहिणी खोला

## प्रमुख धार्मिक तथा पर्यटकीय महत्वक स्थलहरु:

| | |
|---|---|
| सतियामाई मन्दिर | ओमसतिया -५ पटखौली |

## राष्ट्रिय जनगणना २०७८ वमोजिम पालिकाको जनसंख्या देहाय बमोजिम रहेको छ |

| | |
|---|---|
| पालिकाको कुल जनसंख्या | ४१.१४१ |
| महिलाको जनसंख्या | ५०.३ प्रतिशत |
| पुरुषको जनसंख्या | ४०.७ प्रतिशत |
| जनघनत्व | ८४८ |
| लैङ्गिक अनुपात | ९८.८५ |
| जम्मा घरधुरी | ८०८२ |
| साक्षरता दर | ७८.२( महिला ७०%पुरुष ८६.७५ %) |
| अपाङ्गता भएका व्यक्तिको जनसंख्या | २.२प्रतिशत |
| आर्थिक रुपमा सक्रिय जनसंख्या | ३९.८ प्रतिशत |
| १० वर्ष माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या | ९३.४ प्रतिशत रोजगार र ६.६ प्रतिशत बेरोजगार |

## स्वास्थ्य सेवा संचालित संस्थाहरुको विवरण:

| क्र.स | स्वास्थ्य संस्थाको विवरण | रहेको स्थान |
|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य इकाई | वडा नं १,ठुटिपिपल |
| २ | पड्सरी स्वास्थ्य चौकी | वडा नं २,पड्सरी |
| ३ | हाटिफर्साटिकर स्वास्थ्य चौकी | वडा नं ३,हाटीफर्साटिकर |
| ४ | वसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्र | वडा नं ४ वसन्तपुर |
| ५ | पट्खौली स्वास्थ्य चौकी | वडा नं ५ पट्खौली |
| ६ | छोट्कीरामनगर स्वास्थ्य चौकी | वडा नं ६ छोट्कीरामनगर |

## गाउँपालिकाको शिशु मृत्युदर,बालमृत्युदर, मातृ मृत्युदर शुन्य रहेको

## शैक्षिक स्थिति :

| शैक्षिक संस्थाहरुको पलिकागत विवरण | संख्या |
|---|---|
| सामुदायिक विधालय | १६ |
| निजी विधालय | १४ |
| धार्मिक विधालय | ५ |

## निर्वाचित जनप्रतिनिधिज्यूहरुको नाम र सम्पर्क नं


| क्र.स | नाम/थर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | मन्जित कुमार यादव (सोनु ) | अध्यक्ष | ९८५७०२४६५५ |
| २ | सुनिता चौधरी | उपाध्यक्ष | ९८०७५१४३९४ |



सतियामाई मन्दिर

## ८.कन्चन गाउँपालिका

साविक गजेडि र रुद्रपुर गाविसलाई गाँभेर बनेको कञ्चन गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो। पूर्व पश्चिम लोकमार्ग अन्तर्गत बाँसगढीबाट करीब १ किलोमिटर दक्षिण ८३.२७०३५३ पूर्वी देशान्तर र २७.६४२२९१ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करीब ९२.१ मिटर को उचाइमा छ। ५८.५१ बर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र ५ अन्तर्गत पर्दछ। उत्तरमा सैनामैना नगरपालिका र पूर्वमा गैडहवा गाउँपालिका, पश्चिममा कपिलबस्तुको सिमाना, उत्तर-पूर्वमा सैनामैना नगरपालिका र पूर्व-दक्षिणमा गैडहवा गाउँपालिका सिमाना भित्र करिब विच भाग हुँदै उत्तरबाट दक्षिणमा बग्ने कञ्चन नदिसंगै प्राकृतिक, भौगोलिक, साँस्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ। खुल्ला दिशा मुक्त, पूर्ण खोपयूक्त र पूर्ण साक्षर यस गाउँपालिकाको उत्तरपश्चिम क्षेत्रमा बाक्लो जंगल र केही भागमा बुट्यान बाहेक अन्य क्षेत्रमा खेतीयोग्य जमीन रहेको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, कामी, सार्की, दमाइ लगाएत पहाडी मूलका विभिन्न जातजाति र रैथाने थारु, यादव, लोध, कुर्मी, हरिजन, मुसलमान आदि जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका १०,४४० घरधुरी छन् जसमा महिला २३,१२०(५४.४%) र पुरुष १९,४०८(४५.६%) गरि जम्मा ४२,५२८ जनसंख्या रहेको छ। यस्तै यहाँको पुरुष साक्षरता दर: ८९.८% र महिला साक्षरता दर: ७७.६% रहेको छ भने कुल साक्षरता ८३% रहेको छ। यस गाउँपालिकामा स्वास्थ्य चौकी दुई, आधारभूत स्वास्थ्य सेवा केन्द्र तीन र आयुर्बेद संस्था एक रहेका छन्।




**कन्चन गाउँपालिकाको नक्सा**

**ताल:**

गजेडी दानापुर ताल, लौसा ताल

**नदी :**

कञ्चन नदी, कोठी खोला

**गाउँपालिकाका प्रमुख धार्मिक, पर्यटकीय स्थलहरु**

१. गजेडी दानापुर ताल
२. भैरवस्थान
३. सोंगा सुपा देउराली
४. ऐतिहासिक वरको रूख बेलभरिया
५. मलावरदेवी मन्दिर
६. कर्मा टासी छुलिङ्ग गुम्बा
७. सुनगाभा हर्नाचौर शान्ति पार्क
८. सुपा देउराली पार्क
९. सुकेताल दुर्गा मन्दिर चिल्ड्रेन पार्क

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | गजेडी | १-३ | |
| २ | गजेडी | ४-९ | |

| | | | |
|---|---|---|---|
| ३ | रुद्रपुर | ७-९ | |
| ४ | रुद्रपुर | १,५,६ | |
| ५ | रुद्रपुर | २-४ | |

कन्चन गाउँपालिकामा स्थानीय तह सदस्य निर्वाचन २०७९मा निर्वाचित अध्यक्ष र उपाध्यक्षको नाम र सम्पर्क नः

| क्र.स | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | नवराज ढकाल | अध्यक्ष | ९८५७०७३३११ |
| २ | मौसमी थापा मगर | उपाध्यक्ष | ९८५७०७१८३४ |




**गजेडी ताल**

## ९.कोटहीमाई गाउँपालिका

कोटहीमाई गाउँपालिका रूपन्देही जिल्लाको दक्षिण भागमा अबस्थित छ । साबिकका ६ गाउँ बिकास समितिहरु ( सिपवा, सक्रोनपकडि, मर्यादपुर, बैरघाट, मझगाँवा र बोगडि) लाई मिलाएर बनाईएको यस गाउँपालिकाको नामाकरण साबिकको बैरघाट गा.बि.स.मा अवस्थित कोटहिमाई भगवतिको मन्दिरबाट रहन गएको हो । कुल क्षेत्रफल ५८.२६ बर्ग किलोमिटर रहेको यस गा.पा. को पुर्वमा छिमेकि राष्ट्र भारत, पश्चिममा लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरमा मायादेबी

गाउँपालिका र दक्षिणमा सम्मरीमाई र मर्चवारी गाउँपालिका अवस्थित छन् । ५५९३ घरपरिवार बसोबास गर्ने यस गा. पा. को कुल जनसंख्या ४५,९७५ रहेको छ जसमध्ये २३,१३९ पुरुष र २२,८३६ महिला रहेका छन् । प्राकृतिक सम्पदा ,धार्मिक बिबिधता तथा राजनैतिक रूपले परिचित यस गाउँपालिकाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन् । रुपन्देही जिल्लाको खाध्य भण्डारको रुपमा रहेको यस गाउँपालिकामा पर्याप्त सिचाइको ब्यबस्था भएमा कृषिमा प्रवल सम्भावना रहेको छ ।




**कोटहीमाई गाउँपालिकाको नक्सा**

## कृषिः

मुख्य बालीहरुः- धान, गहुँ, रहर, तोरी, आलस, मसुरो, केराउ, मकै तरकारी खेती आदी ।

## फलफुलः-

आँप, लिची, केरा, कागती, मेवा र अम्बा आदी ।

## पशुपालनः-

गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा, परेवा आदी ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सिपवा | १-९ | |
| २ | सक्रोनपकडी | १-९ | |
| ३ | मर्यादपुर | १-९ | |
| ४ | बैरघाट | १-९ | |
| ५ | मझगावाँ | १-९ | |
| ६ | बोगडी | १-३,६ | |
| ७ | बोगडी | ४,५,७-९ | |

कोटहिमाई गाउँपालिकामा स्थानीय तह निर्वाचन २०७९मा निर्वाचित अध्यक्ष र उपाध्यक्षको नाम र सम्पर्क नः

| क्र.स | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | बालकृष्ण त्रिपाठी | अध्यक्ष | ९८१७५७६८१६ |
| २ | सुशिला कुमारी यादव | उपाध्यक्ष | ९८०७४३६२६३ |



**कोटहीमाई भगवती मंदिर**

## १०.गैडहवा गाउँपालिका

गैडहवा गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित गाउँपालिका हो । यो गाउँपालिकाको नाम वातावरणीय र प्राकृतिक रुपले अत्यन्त मनोरम यसै गाउँपालिकाको विष्णुपुरामा रहेको गैडहवा तालको नामबाट राखिएको हो । यो गाउँपालिका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा आर्थिक हिसावले एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । नेपालको पुनसंरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका ४ गाउँ विकास समितिहरु साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरालाई मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो ।




**गैडहवा गाउँपालिकाको नक्सा**

| | | |
|---|---|---|
| सिमाना | : | पूर्वः- मायादेवी र शुद्धोधन गाउँपालिका |
| | : | पश्चिमः- कपिलवस्तु जिल्ला |
| | : | उत्तरः- कञ्चन गाउँपालिका र सैनामैना नगरपालिका |
| | : | दक्षिणः- लुम्बिनी सांस्कृतिक नगरपालिका र मायादेवी गाउँपालिका |

क्षेत्रफल : ९६.७९ वर्ग कि.मी. गाउँपालिकाको प्रशासनीक विभाजनः९- वडा

प्रमुख नदीहरु : दानव र कञ्चन

**जनसंख्या विवरणको अवस्था**

| | |
|---|---|
| जनसंख्या | :५६,१४९ (महिलाः २८३०२ र पुरुषः२७८४७) |
| परिवार संख्या | : ९९४७ |
| जनघनत्व | : ५८० |
| वार्षिक बृद्धि दर | : २.३३ |
| लैङ्गकि अनुपात | : ९८.३९% |
| साक्षरता | : ७१.३% (पुरुषः ८२.०% र महिलाः ६०.९%) |
| प्रति घरधुरी औषत जनसंख्या | : ५.६४ |
| मानव विकास सूचकांक (HDI) | : ५८४ |
| लैंगिक विकास सूचकांक (GDI) | : ०.९०१ |
| अपांगता | : १.४ % (पुरूष : १.२ % र महिलाः १.७%) |
| औषत आयु | : ८२ |
| सम्पत्तिमा महिला अधिकार | : ९.९ |

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८

## भौगोलिक स्वरुप तथा हावापानी

यस गाउँपालिकाको भौगोलिक बनावट समथर मैदानी भूभागमा रहेको मलिलो माटोबाट बनेको छ।जिल्लाको अन्य भागमा जस्तै यस गाउँपालिकाको हावापानी उष्ण तथा समशितोष्ण किसिमको रहेको छ। चैत्र महिना देखि भाद्र महिनासम्म निकै गर्मी हुने, असोज, कार्तिक र फाल्गुणमा समशितोष्ण तथा बाँकी तीन महिना (मंसिर, पुष र माघ) मा ठण्डी हुने गर्दछ। यसरी यहाँको हावापानी मौसम अनुसार नै विविध एवं विषम प्रकारको पाइन्छ ।अधिकतम तथा न्यूनतम तापक्रम अन्य स्थानहरुमा जस्तै गर्मीको समयमा ४३ डिग्री सेल्सियस सम्म बढ्ने र जाडोको समयमा ८.५ डिग्री सेल्सियस सम्म घट्ने गर्दछ र औसत वार्षिक वर्षा १३९१ मिलिलिटर रहेको पाइन्छ ।

## मातृभाषाको आधारमा जनसंख्याको विवरण

| क.सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अवधी | २६७२७ | ४७.६ |
| २. | भोजपुरी | १८४७३ | ३२.९ |
| ३. | नेपाली | ७१८७ | १२.८ |
| ४. | थारु | २२४६ | ४ |
| ५. | उर्दु | ११७९ | २.१ |
| ६. | कुमाल | ११२ | ०.२ |
| ७. | मगर | ११२ | ०.२ |
| ८. | अन्य | ११२ | ०.२ |
| | जम्मा | ५६१४९ | १०० |

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८

## धर्मको आधारमा जनसंख्याको विवरण

यस गाउँपालिकामा अधिकांश हिन्दु तथा मुस्लिम धर्मावलम्बी मानिसहरु बसोबास गर्छन। राष्ट्रिय जनगणना २०७८ मा उल्लेख भएको जातिगत विवरणलाई विश्लेषण गर्दा ८९.६ प्रतिशत मानिसहरु हिन्दु धर्मावलम्बी, ९.८ प्रतिशत मुस्लिम तथा ०.२ प्रतिशत क्रिश्चियन आदि रहेका छन।

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८

## स्वास्थ्य संस्था विवरण

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | स्वास्थ्य चौकी | ४ |
| २. | आयुर्वेद | १ |
| ३. | आधारभूत स्वा.से.के. | ५ |
| ४. | बर्थिङ्ग सेन्टर | २ |

## शैक्षिक संस्थाहरुको विवरण

| विवरण | कुल |
|---|---|
| प्राथमिक/ आधारभूत विद्यालय | २० |
| धार्मिक विद्यालय (मदरसा) | १३ |
| माध्यमिक विद्यालय | १३ |
| बाल विकास केन्द्र | ४१ |

**विश्वविद्यालय तथा कलेजहरु**

| क्र.सं. | उ.मा.वि., कलेजका नाम | ठेगाना | सञ्चालित कार्यक्रम तथा तह | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १. | सूर्यपुरा बहुमुखी क्याम्पस | सूर्यपुरा | ब्याचलर | |

गैडहवा गाउँपालिकामा स्थानीय तह सदस्य निर्वाचन २०७९मा निर्वाचित अध्यक्ष र उपाध्यक्षको नाम र सम्पर्क नः

| क्र.स | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | सुरेन्द्र पौडेल | अध्यक्ष | ९८५७०११५३० |
| २ | माधुरी जैसवाल | उपाध्यक्ष | ९८२१४०५६८७ |




**गैडहवा ताल**

## ११.मर्चवारी गाउँपालिका

साविक सेमरा मर्चवार, रायपुर, सिलौटिया र बगौली गा.वि.स.लाई गाभेर बनाइएको मर्चवारी गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो। पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्बिनी खण्डको बनगाईदेखि करीव १५ किलोमिटर दक्षिण,

२७.३७०२१८ पूर्वी देशान्तर र ८३.३२९९७८ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिव ९२.१ मिटरको उचाइमा छ । ५८.२६ वर्ग किलोमिटर (श्रोतः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा पर्दछ । उत्तरमा कोटहीमाई, पश्चिममा सम्मरीमाई गाउँपालिका, पूर्व र दक्षिणमा भारतको उत्तर प्रदेश सिमाना भित्र उत्तर पूर्वबाट दक्षिण पश्चिम हुदै बग्ने डण्डाखोला, उत्तरदक्षिण बग्ने गैडहवा र हगनी नालासंगै प्राकृतिक, भौगोलिक, सास्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । खुल्ला दिसा मुक्त र पूर्ण खोपयुक्त यस गाउँपालिकाको चारैतिर खेतीयोग्य जमीन रहेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकामा शुक्ला, यादव, लोध, कुर्मी, बरई, कलावर, हरिजन, गुप्ता, बनिया, मुसलमान लगाएतका जातजाति साथसाथै विभिन्न धर्म र संस्कृतिका ६,९२१ घर छन् जसमा महिला २०,३८१ र पुरुष २०,४९९ गरी जम्मा ४०, ८८० जनसंख्या रहेको छ । यस्तै यहाँको लैङ्गिक अनुपात १००.५८, वार्षिक जनसंख्या वृद्धिदर ०.५१ %, जन घनत्व ८४२, पुरुष साक्षरता दर ७९.२२%, महिला साक्षरता दर ५८.०९ %, र जम्मा साक्षरता दर ६८.७% र गरिवी २७% रहेको छ ।




मर्चवारी गाउँपालिकाको नक्सा

**मर्चवारी गाउँपालिका**

मर्चवारी गाउँपालिकाको भु-बनोट समथर एकै खालको छ। समतल भूभाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने सम्भावना भएता पनि १२ महिना पानीको श्रोत नभइ आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर घडेरी, मोटरबाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावरणमा प्रतिकूल असर समेत परेको छ । यहां मौसम अनुसारका खेती वाहै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहूं, मकै, मास, मसुरो, रहर, आलस, तोरी, मम्फूली, आलु आदि हुन । आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, कुखुरापालन गरिदै आएको छ । उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटवजारहरु (सिलौटियाको ओडवलिया, सिलौटियाको फुलवारीया रायपुर, सिसौंसेमरा, रायपुरको अमवा, आदि) एवम् भैरहवा र बुटवलमा बेचविखन गरिन्छ । यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्रदेखि भाद्र महिनासम्म गर्मी हुन्छ। आश्विन, कार्तिक, मंसिर र फाल्गुनमा यहांको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि भाद्रसम्म मनसूनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ।

## मर्चवारी गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि

मर्चवारीमाई देवी मन्दिर मर्चवारी गाउँपालिकाको वडा नं. ५ (साविक सिलौटिया गाविस) मा पर्दछ । यो धैरै पुरानो प्राचीन समयको मन्दिर हो । स्थानीय बासिन्दाका अनुसार यो मन्दिर बुद्धकालिन समय भन्दा पहिलेको हुनु पर्छ भन्ने भनाइ पाइन्छ । हाटिवनगाई सेमरा मर्चवार सडकखण्डको तुनिहवादेखि पूर्व हर्दीचौकबाट २किलोमिटर दक्षिण सडकको साइडमा अवस्थित यस मन्दिरको पश्चिममा ठूलो करीब १० कट्ठा क्षेत्रफको पोखरी छ भने पूर्वमा बगैचा भित्र कोटहीमाईको मन्दिर छ। मन्दिर परिसरमा रहेको रेकर्ड अनुसार क्रमश अम्रदास जी, पूरवाहेदास जी, मर्चहेदास जी, ब्रम्हदास जी, बदलुदास जी, हरिभजनदास जी, गितादास जी, सितारामदास जी र हाल शभुसरणदास जी यस मन्दिरका पुजारी हुन्।



**मर्चवारी माई**

प्रचिन समयदेखि नै यहाँ मर्चवारी देवीको मन्दिर थियो। यो मन्दिरलाई स्थानीय मानिसले शक्तिको श्रोतका रुपमा मान्दै आएको पाइन्छ। यसलाई मर्चवार क्षेत्रकै सबै भन्दा पुरानो पनि मानिन्छ। यही मन्दिरको नामबाट रुपन्देही जिल्लाको प्रख्यात क्षेत्र मर्चवारको नाम रहेको हो भन्ने स्थानीय बासिन्दाको भनाइ छ। हरेक सोमबार र पूर्णिमामा यहाँ मानिस पूजापाठका लागि भिड भाड लाग्ने गर्दछन्। दैनिक पूजा पाठ बच्चाको मूण्डन, नयाँ गाडीको पुजा, छोरा जन्मियोस भन्ने कामना, विवाहाकालागि केटाकेटी हेराउने लगायत विभिन्न शुभकार्यका लागि दैनिक मानिस यहाँ आउने परम्परा छ। आज भोलि पिकनिकका लागि मानिस आउने क्रम बढ्दो छ। इच्छा वा कामना पुरा भएपछि थानको वरिपरिको उपयुक्त ठाउँमा हात्तीको मूर्ति बनाइने हुदा हात्ती जंगलमा जम्मा भएर बसे जस्तै देखिन्छ। यहाँ विशेष गरेर हरेक कार्तिक पूर्णीमा (पूर्णमासी), चैते दशैको रामनवमी, मंसिरको विवाह पञ्चमी र दशहरामा मेला लाग्छ। सोही दिनहरुमा सरस्वतीको पाठ लगाउने, हरिकृतन गाउने, कथा भन्ने, देवी भागवत लगाउने, २४ घण्टा र रामायण भन्ने गरिन्छ। यस मेलामा विशेष गरी मर्चवार क्षेत्रका मानिस जम्मा हुन्छन् भने बुटवल, भैरहवा, लुम्बिनी, परासी, तौलिहवा, भारतको गोरखपुर, सिद्धार्थनगर, महाराजगञ्जवाट मानिस आउने पर्दछन्।

मर्चवार क्षेत्रका स्थानीय मानिसको सामाजिक, धार्मिक, ऐतिहासिक र मौलिक संस्कृतिको धरोहर मर्चवार को नामबाट यस गाउँपालिकाको नाम मर्चवारी रहन गएको स्थानीय बासिन्दाको भनाइ छ। यस गाउँपालिकामा विशेषगरी मधेशीमूलका यादव, मल्लाह, लोध, केवट, तेली, गुप्ता लोनिया, हरिजन, कुर्मी, पाल, बनिया, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बासोबास छ। गाउँपालिकामा दशै, तिहार, जनैपूर्णीमा, छठ, होली, बुद्धजयन्ती, मोहरम, क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व मनाइन्छ। मठमन्दिर, मस्जिद, विभिन्न धार्मिक स्थल, भजनकृतन

आदि यहाँका मौलिक साँस्कृतिक चलन, समूहमा मिलेर बस्ने वानी, गुजुप्प परेका बस्ती र विभिन्न भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन् ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सेमरा मर्चवार | १-९ | |
| २ | रायपुर | १-४ | |
| ३ | रायपुर | ५-९ | |
| ४ | सिलौटिया | १-५ | |
| ५ | सिलौटिया | ६-९ | |
| ६ | बगौली | १-५ | |
| ७ | बगौली | ६-९ | |

मर्चवारी गाउँपालिकामा स्थानीय तह सदस्य निर्वाचन २०७९मा निर्वाचित अध्यक्ष र उपाध्यक्षको नाम र सम्पर्क नः


| क्र.स | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | गया प्रसाद बरई | अध्यक्ष | ९८४७३०१९०६ |
| २ | आशा सिंह | उपाध्यक्ष | ९८५७०१७६५८ |



कृषि योग्य जमिन

## १२.मायादेवी गाउँपालिका

विश्वशान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल देखि नजिक रहेको र गौतम बुद्धको माताको नामबाट नामाकरण भएको समथर खेती योग्य भू-बनोट, उद्योग, व्यापार र पर्यटनको प्रचुर सम्भावना रहेको रमणीय मायादेवी गाउँपालिका राज्यको पुनः संरचनासँगै स्थापना भएको गाउँपालिका हो। मायादेवी गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम उत्तर भागमा अवस्थित रहेको छ। साविक ४ गाउँ विकास समितिहरु (हाटिवनगाई, गोनाहा, कम्हरिया र धमौली) लाई मिलाएर बनाएको छ। भैरहवा लुम्बिनी तौलिहवा सडक अन्तर्गत रहेको यो गाउँपालिका समुन्द्र सतह देखि करिब ९२.२ मिटरको उचाईमा छ। कुल क्षेत्रफल ७२.४४ वर्ग कि.मी तथा लम्बाई सरदर १८ कि.मी रहेको छ। यस गाउँपालिकाको सिमाना पूर्वतर्फ सिद्धार्थनगर नगरपालिका र ओमसतिया गाउँपालिका, पश्चिमतर्फ लुम्बिनी साँस्कृतिक नगरपालिका, उत्तरतर्फ सियारी, शुद्धोधन र गैडहवा गाउँपालिका र दक्षिणतर्फ कोटहीमाई गाउँपालिका र भारत रहेको छ। यस गाउँपालिकालाई ८ वडामा विभक्त गरी प्रशासनिक विभाजन गरिएको छ। उत्तरबाट बग्ने तिनाउ र दानव नदीसँग प्राकृतिक, भौगोलिक तथा साँस्कृतिक मनोरमता एवम् कृषि क्षेत्रले हराभरा भई यो गाउँपालिका सजिएको छ।



स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**मायादेवी गाउँपालिका**

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | धमौली | १-९ | |
| २ | कम्हरिया | १,२,४ | |
| ३ | कम्हरिया | ३,५,७ | |
| ४ | कम्हरिया | ६,८,९ | |
| ५ | गोनाहा | ४,५,७-९ | |
| ६ | गोनाहा | १-३,६ | |
| ७ | हाटी बनगाई | १,२,६-९ | |
| ८ | हाटी बनगाई | ३-५ | |

**प्रमुख नदी खोलाः-**

- दानव, तिनाउ, घाघरा।

**पर्यटकीय, धार्मिकस्थलः-**

प्रकटेश्वर मन्दिर र मायादेवी पार्क।

**जनसंख्याः-**

५६,१७० (जनगणना २०७८ अनुसार)

महिला- २७,८१५

पुरुष- २८,३५५

जनघनत्व-६५२ जना प्रति वर्ग कि.मी

जनसंख्या वृद्धिदर - १.६८ प्रतिशत

**मुख्य जातिहरुः-**

यादव, थारु, ब्राह्मण, क्षेत्री, लोध, कुर्मी, हरिजन, मुसलमान ।

लोपोन्मुख जातीः- पथरकट्टा

**मुख्य चाडः-**

दशै, तिहार, छठ, रामनवमी, शिवरात्री, माघी, रक्षाबन्धन, रमजान, इद आदी ।

**शैक्षिक संस्थाः-**

सरकारी तथा सामुदायिक (मा.वि – ९, आधारभूत - ११)

निजी (मा.वि-५, आधारभूत-२४)

धार्मिक मदरसा- ९

**स्वास्थ्य संस्थाहरुः-**

स्वास्थ्य संस्था -४

आधारभूत स्वास्थ्य केन्द्र -४

वर्थिङ्ग सेन्टर -१

आयूर्वेद औषधालय -१

**गा.पा. क्षेत्रका मुख्य बजारहरुः**

बेथरी, बनगाई

**फोहरमैला ब्यवस्थापनः-**

सामान्य प्रकृयामा रहेको ।

**कृषिः**

मुख्य बालीहरुः- धान, गहुँ, रहर, तोरी, आलस, मसुरो, केराउ, मकै तरकारी खेती आदी ।

**फलफुलः-**

आँप, लिची, केरा, कागती, मेवा र अम्बा आदी ।

**पशुपालनः-**

गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा, परेवा आदी।

**सामाजिक क्षेत्रः-**

**स्वास्थ्य सेवा संचालित संस्थाहरुको विवरणः-**

- धमौली स्वास्थ्य चौकी, वडा नं.१
- आधारभुत स्वास्थ्य सेवा केन्द्र,वडा नं. २
- कम्हरिया स्वास्थ्य चौकी, वडा नं.३
- आधारभुत स्वास्थ्य सेवा केन्द्र,वडा नं. ४
- गोनाहा स्वास्थ्य चौकी, वडा नं.५
- आधारभुत स्वास्थ्य सेवा केन्द्र,वडा नं. ६
- हाँटीबनगाई स्वास्थ्य चौकी, वडा नं.७
- आधारभुत स्वास्थ्य सेवा केन्द्र,वडा नं. ८

**आर्थिक क्षेत्रः-**

**कृषि विकास तथा पशु विकाससंग सम्बन्धित पकेट क्षेत्रहरुः-**

- मायादेवी गा.पा. वडा नं.४ सुण्डीमा तरकारी पकेट
- मायादेवी गा.पा. वडा नं.३ गुण्डीमा गहुँ बाली पकेट
- मायादेवी गा.पा. वडा नं.५ सेमरहनामा धान बाली पकेट

गाउँपालिका भित्रका बैंक तथा वित्तिय संस्थाहरुको संख्या १० रहेको.

**गाउँपालिकामा रहेका दमकल, एम्बुलेन्स, शव वाहन, नगर प्रहरी भ्यानको विवरणः-**

**एम्बुलेन्स-२**

दमकल-१ (सि.न.पा.संग साझेदारीमा रहेको)


सहकारी संस्थाको संख्या ४३ रहेको:

**यस मायादेवी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको नाम र सम्पर्क नम्बरः-**

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ध्रुवनारायण चौधरी | अध्यक्ष | ९८४७०५४७५७ | |
| २ | श्री नर्वदा देवी उपाध्याय | उपाध्यक्ष | ९८०७५८५००९ | |

## १३. रोहिणी गाउँपालिका

रोहिणी गाउँपालिका रुपन्देही जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । साबिकका ६ गाउँ बिकास समितिहरु (धकधई, बगाहा, पजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाईएको यस गाउँपालिका पूर्वीपश्चिम हुलाकि सडक अन्तर्गत भैरहवा धकधई खण्डको उत्तरदक्षिण, ८३.५४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ। कुल क्षेत्रफल ६४.६२ बर्ग किलोमिटर रहेको यस गाउँपालिको पूर्वमा नवलपरासी जिल्लाको सिमाना पश्चिममा सिद्धार्थनगर नगरपालिका, उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकि राष्ट्र भारत अवस्थित छन्।उत्तरबाट बग्ने रोहिणी नदीसंग प्राकृतिक, भौगोलिक, सांस्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ।७५२६ घरपरिवार बसोबास गर्ने यस गाउँपालिको कुल जनसंख्या ४३,३२७ रहेको छ। यस गाउँपालिका अधिकांश मानिस पशु पालन र कृषि पेशामा संलग्न रहेको छन्।




**रोहिणी गाउँपालिका**

**कृषिः**

मुख्य बालीहरुः- धान, गहुँ, रहर, तोरी, आलस, मसुरो, केराउ, मकै तरकारी खेती आदी ।

**फलफुलः-**

आँप, लिची, केरा, कागती, मेवा र अम्बा आदी ।

**पशुपालनः-**

गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा, परेवा आदी ।

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | बगाहा | १-९ | |
| २ | पोखरभिण्डी | १-९ | |
| ३ | धकधई | १-९ | |
| ४ | छिपागढ | १-९ | |
| ५ | बोदवार | ३-७ | |
| ६ | बोदवार | १,२,८,९ | |
| ७ | पजरकट्टी | १-९ | |


**रोहिणी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष को नाम पद र मोबाइल नं सहितको विवरण**

| क्र.सं. | नाम,थर | पद | मोबाइल नं. |
|---|---|---|---|
| १ | श्री विद्या प्रसाद यादव | अध्यक्ष | ९८५७०२०७३६ |
| २ | श्री शिवकान्ति चमार | उपाध्यक्ष | ९८१५४६२३१९ |



हरियाली फाटहरू

## १४.सम्मरिमाई गाउँपालिका



## १. संक्षिप्त चिनारी/ परिचय

साविक करौंता, थु.पिपरहवा, फरेना, रोइनिहवा, असुरैना, बेतकुईंया गाविसलाई गाँभेर बनेको सम्मरीमाई गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो । पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्बिनी खण्डको बनगाईदेखि करीब २० किलोमिटर दक्षिण, २७.३८९७७० पूर्वी देशान्तर र ८३.३०००८६ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । ५०.७८ बर्ग किलोमिटर (श्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा पर्दछ । पूर्वमा मर्चवारी गाउँपालिका, पश्चिममा लुम्विनी सांस्कृतिक नगरपालिका, उत्तरमा कोटहीमाई गाउंपालिका र दक्षिणमा भारतको उत्तरप्रदेश सिमाना भित्र उत्तर पश्चिम हुदै बग्ने दानव नदीसंगै प्राकृतिक, भौगोलिक, सास्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । खुल्ला दिसा मुक्त र पूर्ण खोपयूक्त यस गाउँपालिकाको चारैतिर कृषि खेतीयोग्य जमीन रहेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकामा रैथाने शुक्ला, यादब, पासी, लोनिया, लोध, कुर्मी, बरै, जैसवाल, कलावर, हरिजन, गुप्ता, मुसलमान लगायत जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका ७२४२ घर धुरी रहेको छ जसमा महिला २१,५३३ र पुरुष २१,५११ गरी जम्मा ४३,०४४ जनसंख्या रहेको छ । सम्मरीमाई गाउँपालिका रुपन्देही जिल्लाको कम विकसित गाउँपालिकाहरु मध्ये एक हो । यसको भुबनोट समथर एकै खालको छ। समतल भू-भाग र उर्वर मलिलो माटो कारण प्रशस्त कृषि उत्पादन हुने संभावना भएता पनि भाद्र महिना को पानीको श्रोत नभई आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर, घडेरी, मोटर बfटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन धटदै जानुका साथसाथै वातावरणमा प्रतिकूल असर समेत परेको छ। यहां मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ। मुख्य बाली धान, गहुं, मकै, मास, मसुरो, रहर, आलस, तोरी, सुर्यमुखी, मम्फली, आलु आदि हुन । आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, कुखुरापालन गरिदै आएको छ। उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु पर्सहवा, करौता, पिपरहवा र बेतकुईंया, भैरहवा र बुटवलमा बेचबिखन गरिन्छ । यस गाउँपालिकामा बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि भाद्रसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक, मंसिर, फागून र चैत्रमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठ को अन्त्यदेखि भाद्रसम्म मनसुनी वायुका कारण बर्षा हुने गर्छ ।

ग्रामिण क्षेत्रका वडाहरूमा कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय र रोजगारका क्षेत्रमा समृद्धि ल्याउने उद्देश्यले विभिन्न विकासात्मक कार्यक्रमहरू सञ्चालन भइरहेको छ। यसका साथै, ग्रामिण इलाकामा जलवायु परिवर्तनका कारण पानीको स्रोतको अभाव र कृषिमा मानिसको कम प्राथमिकता जस्ता चुनौतीहरू पनि रहेका छन्।

**नदीनाला:** दानव नदी

**तालहरु:**

तरैनी ताल, करौता पोखरी, बनगाई पोखरी, जिगिना पोखरी, पोखराहवा पोखरी, बेतकुईया पोखरी, फेना पोखरी रोईनिहवा पोखरी

**प्रमुख धार्मिक तथा पर्यटकीय महत्वका स्थलहर:**

१. समयमाई मन्दिर

२. रोईनिहवा शिव मन्दिर

३. बनगाई शिव मन्दिर

४. सिद्धनाथ शिव मन्दिर

५. पिपरहवा राम मन्दिर

६. थुम्हवा शिव मन्दिर

४. प्रशासनिक तथा राजनितिक विभाजन

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिकामा देहायबमोजिम गा.वि.सहरु समावेस गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेस भएका साविक गा.वि.स. हरु | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| वडा नं. १ | करौंता | १-३,९ | |
| वडा नं. २ | करौंता | ४-८ | |
| वडा नं. ३ | थु.पिपरहवा | १-९ | |
| वडा नं. ४ | फरेना | १-९ | |
| वडा नं. ५ | रोइनीहवा | १-९ | |
| वडा नं. ६ | असुरैना | १-९ | |
| वडा नं. ७ | बेतकुइया | १-९ | |

**सम्मरीमाई गाउँपालिकामा रहेको विद्यालयहरुको संख्याः**

| क्र.सं. | शिक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक | १६ | टोटल ५० वटा |
| २ | धार्मिक (मदरसा) | २० | |
| ३ | बोर्डिङ्ग | १४ | |

**सम्मरीमाई गाउँपालिकामा रहेको स्वास्थ्य सेवा संचालित संस्थाको विवरणः**

| क्र.सं. | स्वास्थ्य | कैफियत |
|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १ नं वडा |
| २ | करौता स्वास्थ्य चौकी | २ नं वडा |
| ३ | थुम्हवा पिपरहवा स्वास्थ्य चौकी | ३ नं वडा |
| ४ | फरेना स्वास्थ्य चौकी | ४ नं वडा |

| | | |
|---|---|---|
| ५ | रोईनिहवा स्वास्थ्य चौकी | ५ नं वडा |
| ६ | असुरैना स्वास्थ्य चौकी | ६ नं वडा |
| ७ | बेतकुईया स्वास्थ्य चौकी | ७ नं वडा |

**सम्मरिमाईमा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रहरुरको विवरण-**

सम्मरीमाई गाउँपालिकाको कार्यालयको कृषि विकास शाखा, सम्मरीमाई गाउँपालिकाको २.३.४,५,६.नं. वडा कार्यालयहरु र कार्यालयको पशु सेवा शाखाबाट कृषि र पशु सेवाको कार्य हुने गरेको छ।

**कृषि विकास तथा पशु विकासँग सम्बन्धित पकेट क्षेत्रहरु-**

यस सम्मरीमाई गाउँपालिकामा २ (दुई) वटा कृषि संग सम्बन्धित पकेट क्षेत्रहरु रहेका छन ।

**पालिका भित्रको बन क्षेत्र र विभिन्न प्रकारका बनहरुको अवस्थिति-**

| वनहरुको नाम | वन क्षेत्र |
|---|---|
| सामुदायिक वन | ६० कट्टा |
| हरियाली वन | ६० कट्टा |

**सम्मरीमाई गाउँपालिकामा १३ वटा सहकारी संस्था रहेका छन् ।**

जिल्ला सदरमुकामवाट स्थानीय तहको केन्द्र ३० किलो मिटर को दुरीमा रहेको छ ।

**सम्मरीमाई गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष को नाम पद र मोबाइल नं सहितको विवरण**


| क्र.सं. | नाम,थर | पद | मोबाइल नं. |
|---|---|---|---|
| १ | श्री विनोद कुमार श्रीवास्तव | अध्यक्ष | ९८५७०१२६५१ |
| २ | श्री कुमारी प्रियंका शाही सिंह | उपाध्यक्ष | ९८६०७०६५९९ |




## १५. सियारी गाउँपालिका

साविकको चिल्हिया गाउँ विकास समिति, मैनहिया गाँउ विकास समिति, हर्नैया गाँउ विकास समिति, दयानगर गाँउ विकास समिति र पश्चिभ अमवा गाँउ विकास समितिलाई मिलाएर पुनर्संरचना गरी यहाँका जनतालाइ कृषिको सिंचाइमा महत्वपूर्ण भूमिकामा दिएको सियारी खोलाको नामवाट यो गाउँपालिकाको नामाकरण गरिएको हो । यो गाउँपालिका रूपन्देही जिल्लाको करिव मध्यभागमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा ओमसतिया, पश्चिममा गैडहवा उत्तरमा शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिका र दक्षिण मायादेवी गाँउपालिका रहेका छन् ।

- प्रशासनिक विभाजनः ७ वडा
- प्रमुख नदीहरुः तिनाउ, दानव, घाँघरा र सियारी
- प्रमुख पोखरीहरुः नन्दभाउजु पोखरी, परम्परागत भगदरी पोखरी, कालिका मन्दिर पोखरी, समयमाई पोखरी




**सियारी गाउँपालिकाको नक्सा**

## भौगोलिक अवस्थितिः

- ८२ डिग्री २० मिनेट देखि ८२ डिग्री २८ मिनेट पुर्व देशान्तर
- २७ डिग्री ३१ मिनेट देखि २७ डिग्री ३० मिनेट उत्तरी अक्षाशं
- समुद्र सतह देखिको उचाई १०० देखि १२७ मिटर सम्म ।
- तापक्रमः अधिकतम ४३.४०°से. न्यूनतम ८.७८°से.
- हावापानी: उष्ण प्रदेशिय
- गाउँपालिकाको जम्मा क्षेत्रफलः ६६.१७ वर्ग कि.मि.
- खेतियोग्य जमिनः ५,८०,७२,०१५ वर्ग मि.
- खेति गरिएको जमिनः ५,६७,३७,५६६ वर्ग मि.
- वन जंगलको क्षेत्रफलः १६,७४,६७० वर्ग मि.
- नदीनालाको क्षेत्रफलः १८,९८,७०७ वर्ग मि.
- उद्योग धन्दाले ओगटेको क्षेत्रफलः ३४४३९९ वर्ग मि.

**शहरी तथा ग्रामिण क्षेत्र**

| शहरी क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|
| अमुवा बजार, छपीया बजार, मिलनचोक बजार वनघुसरी | हर्नेया, चिल्हिया, भगदरी, सोनारेत |

**नदीनालाहरु ताल तलैयाहरु नदीहरू**

- तिनाउ नदीः १० कि.मि.
- दानव नदीः ३.५ कि.मि.
- सियारी खोलाः १४ कि.मि.
- घाघरा खोलाः ४ कि.मि.

**प्रमुख धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरुः**

- रामजानकी मन्दिर वडा नं. ३ भैसाखादर
- कालीमाई मन्दिर ,दुर्गा मन्दिर वडा नं. ४, बौद्ध विहार वडा नं.३,
- चिल्हिया पिक्निक स्पोर्टस वाउन्नकोटी मन्दिर

२०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | चिल्हिया | १-९ | |
| २ | मैनहिया | १-९ | |
| ३ | हर्नैया | १-९ | |
| ४ | दयानगर | ३,४,६-८ | |

| | | | |
|---|---|---|---|
| ५ | दयानगर | १,२,५,९ | |
| ६ | पश्चिम अमुवा | १-३,९ | |
| ७ | पश्चिम अमुवा | ४-८ | |

**जनसंख्याः २०७८ को जनगणना अनुसार**

- जम्मा जनसंख्या ४४,९८५ (महिलाः२२,९६३ र पुरूष २२,०२२
- घरपरिवार संख्याः ९०१९
- वार्षिक जनसंख्या वृद्धिदरः १.५० %
- लैंगिक अनुपातः ९५.९०
- परिवारको औसत आकारः ४.९९
- जनघनत्वः ६८०
- कुल साक्षरता दर ७८.८२ पुरुषः ८८.० % र महिलाः ७०.१७ %
- अपांगता भएका जनसंख्या प्रतिशतः २.३ महिलाः २.० र पुरुषः २.६

**गाउँपालिकाको धर्मअनुसारको विवरण प्रतिशतमा**

| Category | Total (%) | Male (%) | Female (%) |
|---|---|---|---|
| **Hindu** | 92.8 | 93.1 | 92.6 |
| **Bouddha** | 1.9 | 1.8 | 2 |
| **Islam** | 4.8 | 4.7 | 4.8 |
| **Kirat** | 0 | 0 | 0 |
| **Christian** | 0.3 | 0.3 | 0.4 |
| **Prakriti** | 0.05 | 0.04 | 0.1 |
| **Bon** | 0.1 | 0.1 | 0.1 |
| **Jain** | 0 | 0 | 0 |
| **Bahai** | 0 | 0 | 0 |
| **Sikha** | 0 | 0 | 0 |

**स्वास्थ्य सेवा**

- अन्तरंग र बहिरंग
- सामान्य चिकित्सा सेवा

**स्वास्थ्य सेवा संचालित संस्थाहरुको विवरण**

छपिया आधारभूत अस्पताल सियारी-४ निर्माणधिन, मैनहिया स्वास्थ्य चौकी सियारी-२, हर्नैया स्वास्थ्य चौकी सियारी-३, अमवा स्वास्थ्य चौकी सियारी-७, चिल्हिया स्वास्थ्य चौकी सियारी-१, आधारभूत स्वास्थ्य संस्थाहरूमा आधारभूत स्वास्थ्य केन्द्र सियारी-६ र आधारभूत स्वास्थ्य केन्द्र सियारी-५ सिद्धपुर।

सामुदायिक स्वास्थ्य इकाई सियारी-३ बोहरवा, बर्थिङ्ग सेवा संचालन -२, हर्नेया स्वास्थ्य चौकी र छपिया स्वास्थ्य चौकी, नागरिक आरोग्य केन्द्र सियारी-३

**सियारी गाउँपालिकाको शैक्षिक अवस्था**

यस गाउँपालिकामा सामुदायिक विद्यालयहरु २५, संस्थागत विद्यालय १३, मदरसा ४ र सामुदायिक कलेज १ रहेका छन् त्यस्तै गरि दृष्टिविहिन वालवालिकाहरुको पठन पाठनको लागि सुविधा सम्पन्न भवनमा विशेष शिक्षा स्रोतकक्षा (दृष्टिविहिन )१ विद्यालय रहेको छ भने नमूना विद्यालय १ रहेको छ। ग्रामिण क्षेत्र, थारु जातिको वाहुल्यता, मधेसवासीहरु यादव ,अहिर, आदिको वसाइमा पहाडियाहरुको पनि मिश्रित वसाइ रहेकोछ। मुख्य राजमार्गले नछोए पनि वेथरी वेलवास सडकले यसलाइ छोएको छ।

गाउँपालिकामा संचालित विभिन्न उद्योगहरुको संख्या २१ वटा रहेका छन्

## जिल्ला भित्रका कृषि सेवा केन्द्र पशु सेवा केन्द्रहरुको विवरण

सियारी गाउँपालिकामा आर्थिक विकास शाखा/कृषि विकास इकाई रहेको र निम्न बमोजिम पशुसेवा केन्द्र रहेका छन् :-

- पशुसेवा केन्द्र सियारी-१
- पशुसेवा केन्द्र सियारी-२
- पशुसेवा केन्द्र सियारी-३
- पशुसेवा केन्द्र सियारी-४
- पशुसेवा केन्द्र सियारी-५
- पशुसेवा केन्द्र सियारी-६
- पशुसेवा केन्द्र सियारी-७

यस गाउँपालिकामा धान,मकै, गहुँ, तोरी,दलहन लगायतका कृषि उत्पादनका साथै बाख्रापालन र विशेष गरी माछापालन व्यवसायले जनताको जीवनस्तर उकास्न सहयोग गरेको कुरा सर्वविदितै छ।

गाउँपालिका भित्र बैंक तथा वित्तीय संस्थाहरुको सख्या १९ र  सहकारीहरुको संख्या ४० रहेको छ।

## जिल्लाभित्रको वन क्षेत्र र विभिन्न प्रकारका वनहरुको अवस्थिति

| क्र.सं. | वनको नाम | क्षेत्रफल | ठेगाना |
|---|---|---|---|
| १ | वाउन्न कोटी सामुदायिक वन | १६९०९०७८ ft² <br> ११-११-१० | सियारी-१ |
| २ | प्रगतिशिल हनैया सामुदायिक वन | ८००५४८ ft² <br> १०-०-० | सियारी-३ |
| ४ | समयमाई सामुदायिक वन | ५७८१५५ ft² <br> ६-१३-० | सियारी-७, कनरी |

## गाउँपालिकाभित्र रहेका प्रहरी चौकीहरुको विवरण

| | | |
|---|---|---|
| १ | अमुवा शसस्त्र प्रहरी बेस क्यामप | ९८५१२५९१९३ |
| २ | चिल्हीया प्रहरी चौकी | ९८५७०१७३२१ |
| ३ | बेथरी प्रहरी कार्यालय | ९८५७०१०१३५ |
| ४ | छपिया इलाका प्रहरी कार्यालय | ९८६३६३०६२२ |

## गाउँपालिका नगरप्रहरी भ्यानको विवरण

| क्र.सं. | पद | फोन नं. |
|---|---|---|
| **१** | **नगर प्रहरी भ्यान** | **९७६५५०३३६२** |

## गाउँपालिकामा निर्वाचित जनप्रतिनिधहरुको नाम र सम्पर्क नम्बर (अध्यक्ष, उपाध्यक्ष)

| क्र.सं. | पद | नाम | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | थानेश्वर घिमिरे | सियारी-४ | ९८५७०२६६८८ |
| २ | उपाध्यक्ष | श्री तारा थारु | सियारी-३ | ९८५७०११७५३ |





छापियाका माछापोखरि

## १६. शुद्धोदन गाउँपालिका

विश्व विख्यात शान्तिका प्रतिक तथा एसियाका तारा गौतम बुद्धका पिता शुद्धोदनको नामवाट यस गाउँपालिकाको नामकरण गरिएको हो। लामो इतिहास बोकेको दरवाहा मेला, मौलिक चार्डपर्व, पराम्परा, संस्कृति र भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन्।

- उत्तर पश्चिमबाट बग्ने दानव नदी र पूर्वबाट बग्ने तिनाउ नदीसँगै प्राकृतिक, भौगोलिक र सांस्कृतिक मनोरम स्थलले यो गाउँपालिका सिंगारिएको छ।
- नेपालको संविधान, २०७२ बमोजिम नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गतेको निर्णय अनुसार यस शुद्धोदन गाउँपालिकाको स्थापना भएको हो।
- लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १६ वटा स्थानीय तहहरू (१० वटा गाउँपालिका) मध्ये एक सदरमुकाम भैरहवादेखि २३ किलोमिटर पश्चिम मानपकडीमा गाउँपालिकाको केन्द्र अवस्थित छ।




**शुद्धोदन गाउँपालिकाको नक्सा**

- पूर्वपश्चिम लोकमार्ग अन्तर्गत तामनगरदेखि ५ किलोमिटर दक्षिण, ८३.४१६० पूर्वी देशान्तर र २७.६२३५ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ।

- ५७.६६ बर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको निर्वाचन क्षेत्र नं. ३ मा पर्दछ भने यहाँको मतदाता संख्या (२०७९) २७,५७८ जना रहेको छ।

- पूर्वमा तिलोत्तमा नगरपालिका, पश्चिममा गैडहवा गाउँपालिका, उत्तरमा बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका तथा दक्षिणमा सियारी, मायादेवी र गैडहवा गाउँपालिका पर्दछन्।

- २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देशभर ७५३ स्थानीय तह घोषणा भएबमोजिम रुपन्देही जिल्लालाई १६ वटा स्थानीय तहमा विभाजन गरिएकोमा यस गाउँपालिका देहायबमोजिमका गा.वि.स र सो का वडा समावेश गरी स्थापना गरिएको हो।

| वडा नं. | समावेश भएका साविक गा.वि.स/ न.पा. हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | खड्वा वनगाई | ३,४,९ | |
| | मानपकडी | २,७ | |
| २ | खड्वा वनगाई | १,२,५-८ | |
| ३ | सौर्हवा फर्साटिकर | २,३,६,७ | |
| ४ | सौर्हवा फर्साटिकर | १,४,५,८,९ | |
| ५ | मानपकडी | १,३-६,८,९ | |
| ६ | मानमटेरिया | २,६,८,९ | |
| ७ | मानमटेरिया | १,३-५,७ | |

- यसको भू-बनोट समथर र उर्वर मलिलो माटोका कारण प्रशस्त मात्रामा कृषि उत्पादन हुने गर्दछ भने मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुँ, मकै, मास, मसुरो, रहर, आलस, तोरी, बदाम, आलु आदि हुन् । शुद्दोधनको वडा नं. १ र ६ लाई तरकारीको पकेट क्षेत्रको रुपमा चिनिन्छ ।

- सामुदायिक विद्यालय १७ वटा (माध्यमिक ७ र आधारभूत १०), मदरसा १ वटा, संस्थागत विद्यालय १० वटा, क्याम्पस १ वटा, सामुदायिक सिकाई केन्द्र ३ वटा, समुदायमा आधारित बाल विकास केन्द्र ७ वटा, स्वास्थ्य संस्था ६ वटा (प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ३ र आधारभूत स्वास्थ्य केन्द्र २) रहेका छन् ।

- मुख्य सडकहरूमा लुम्बिनी परिभ्रमण सडक (दोगनादेखि सिसवासम्म), तामनगर सिसवा सडक (बनगाइदेखि सिसवासम्म), बेलवास वेथरी सडक (बेतहानीदेखि अमुवासम्म), फर्साटिकर अमुवा सडक (फर्साटिकरदेखि अमुवासम्म), बकुली भैरहवा सडक (बकुलीदेखि छपियासम्म), केदली कोटैया सडक (केदलीदेखि कोटैयासम्म) रहेका छन् ।

- पर्यटकीय तथा साँस्कृतिक क्षेत्रमा दरबहवा क्षेत्र मानपकडी, सियाभार मन्दिर क्षेत्र बेताहानी, नागेश्वर धाम नैडिहवा, राम मन्दिर फर्साटिकर, शिवालय मन्दिर बेतही, राधाकृष्ण मन्दिर

गोपालपुर, समैदेवी थान मन्दिर कोलुवा, गुरैलिया मस्जित, डिउहार मन्दिर पुरैनी, कृष्ण प्रणामी मन्दिर बेलवा तथा शहरोन्मूख क्षेत्र फर्साटिकर बजार र मानपकडी बजार आदि रहेका छन्।

**जनसंख्यात्मक विवरण (२०७८)**

गाउँपालिकाको कूल जम्मा महिला- २१,३३७ पुरुष-२०,५७० जम्मा -४१,९०७

- वार्षिक जनसंख्या वृद्धिदर १.९७ प्रतिशत, घरपरिवार संख्या ८,६७६, प्रति परिवार औषत व्यक्ति ४.८३, जनघनत्व (प्रति वर्ग कि.मी.) ७२७ रहेको छ।
- प्रमुख जातजातिमा ब्राम्हण र क्षेत्री २२ प्रतिशत, मधेशी ३६ प्रतिशत, जनजाति ३३ प्रतिशत (थारु समेत), मुसलमान २ प्रतिशत, दलित ६ प्रतिशत र अन्य १ प्रतिशत रहेको छ।

**गाउँपालिकामा निर्वाचित जनप्रतिनिधहरुको नाम र सम्पर्क नम्बर (अध्यक्ष, उपाध्यक्ष)**

| क्र.सं. | पद | नाम | फोन नं. |
|---|---|---|---|
| १ | अध्यक्ष | विष्णु प्रसाद बश्याल | ९८५७०२७२९८ |
| २ | उपाध्यक्ष | शान्ता ज्ञवाली | ९८४७०३४३०७ |






**शुद्धोदन पार्क**

# विभिन्न कार्यक्रमका तस्विरहरू



आर्थिक वर्ष २०८०/८१ को वार्षिक समिक्षा गोष्ठी



घुम्ती बैठकका तस्विर










घुम्ती बैठकका तस्विर







छैठौं जिल्ला सभा


जिल्ला समन्वय समिति
रुपन्देही
अन्तर जिल्ला समन्वय समिति
अवलोकन भ्रमण कार्यक्रम- २०८१
जिल्ला समन्वय समिति, रुपन्देही




22°C 2025/04/05 Sat 14:55:49
समितिको कार्यालय चरिकोट
जिल्ला समन्वय समितिको कार्यालय
चरिकोट, दोलखा

अवलोकन भ्रमण





प्रदेशबाट सञ्चालित योजना कार्यक्रमको अनुगमन गर्दै





प्रदेशबाट सञ्चालित योजना कार्यक्रमको अनुगमन गर्दै






प्रदेशबाट सञ्चालित योजना कार्यक्रमको अनुगमन गर्दै





प्रदेशबाट सञ्चालित योजना कार्यक्रमको अनुगमन गर्दै